युवा जगत्को विकास र गतिविधिको प्रकाशन

# युवा
# YUWA




नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०७८




अङ्क-१०

# युवा-२०७८

युवा जगत्को विकास र गतिविधिको प्रकाशन

**संरक्षक**

केदार न्यौपाने

**सम्पादक मण्डल**

मधुसुदन बुर्लाकोटी - संयोजक

यमेन्द्र उपाध्याय - सदस्य

रबिप्रसाद दबाडी - सदस्य

लक्ष्मण खनाल - सदस्य

भावना भट्ट - विज्ञ सदस्य

गणेश गुरुङ्ग - सदस्य सचिव

**प्रकाशक**

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरवार कामाण्डौँ ।

**शीर्षक** : युवा-२०७८
युवा जगत्को विकास र गतिविधिको प्रकाशन

**अङ्क** : २०

**प्रकाशक** : नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरवरा, काठमाडौँ

**प्रकाशन मिति** : २०७८

**प्रति** : १०००

**मुद्रण** : अशिम प्रिण्टिङ प्रेस, शङ्खमूल, काठमाडौँ

**सर्वाधिकार** : युवा तथा खेलकुद मन्त्रालय
सिंहदरवार, काठमाडौं

# हाम्रो भनाइ

युवा तथा खेलकुद मन्त्रालयले आफ्नो स्थापनाकालदेखि 'युवा' बुलेटिन को प्रकाशन गर्दै आएको छ। यस वर्ष पनि केही नयाँ र उपयोगी सामग्रीहरुसहित 'युवा' बुलेटिनको अङ्क-२० प्रकाशन गरिएको छ। यस अङ्कमा युवाका क्षेत्रमा भएका अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य र अनुभवी व्यक्तित्वहरुका प्रेरणादायी लेखहरु समावेश गरिएको छ।

नेपालमा कूल जनसंख्याको ४० प्रतिशतभन्दा बढी युवाको जनसंख्या रहेको छ। मुलुकमा अहिले जनसांख्यिक लाभांस देखिएको छ। यो अवसर र चुनौति दुबै बन्न सक्छ। विश्वका कतिपय राष्ट्रको विकास र कतिपय राष्ट्रको विनास यसै अवस्थामा भएको देखिएको छ। यसको विवेकपूर्ण उपयोग गर्न सके हाम्रो जस्तो मुलुकका लागि समृद्धिको साधन हुन सक्छ। यो लाभांस सञ्चय गरेर राख्न नमिल्ने सम्पत्ती भएकोले यसको दुरुपयोग हुन नदिई सदुपयोग गर्नु राज्यको प्राथमिकता हुन जान्छ।

नेपालले युवाको विकास गरी राष्ट्रनिर्माणमा उनीहरुको सार्थक सहभागिता बढाउने प्रयास गरिरहेको छ। राष्ट्र निर्माणको लागि युवाको विकास र सभागिता अभिवृद्धि गर्ने ध्येयले वि.सं. २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो। मन्त्रालयको पहलमा वि.सं. २०६७ सालमा राष्ट्रिय युवा नीति सँगै युवालक्षित कार्यक्रमहरु ल्याइयो। यो नीतिलाई समयसापेक्ष संशोधन गरी ल्याइएको राष्ट्रिय युवा नीति, २०७२ हाल कार्यान्वयनमा छ। युवाको विकास गर्दै राष्ट्रनिर्माणमा उनीहरुको परिचालन गर्न र युवाका विषयहरुमा पैरवी गर्न राष्ट्रिय युवा परिषद, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय खेलुकद परिषद र नेपाल स्काउट पनि क्रियाशील अवस्थामा छ।

जोस, जाँगर र उत्साहले भरिएका हाम्रा युवाका अधिकारहरु सुनिश्चित गरी उनिहरुमा मातृभूमिप्रतिको प्रेम र समाजप्रतिको उत्तरदायित्व बोध गराउँदै जिम्मेवार नागरिक बन्न प्रेरित गर्नुपर्ने भएको छ। उत्साही युवाको जोस र जाँगरलाई सदुपयोग गर्ने नविन नीति ल्याउन सरोकारवालाहरु बिच घनिभूत छलफलको आवश्यकता छ। मुलुकको समृद्धिका लागि युवाको ज्ञान, सीप, शक्ति र श्रमलाई उपयोग गर्न सरकारी तथा गैरसरकारी निकायहरु सबैको भूमिका अपरिहार्य देखिएको छ।

अन्त्यमा, 'युवा' को यस अङ्कका लागि आफ्ना गहन एवम् प्रेरणादायी लेखहरु उपलब्ध गराई सहयोग गर्ने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। प्रकाशनका क्रमामा निरन्तर मार्गदर्शन गर्नुहुने मन्त्रालयका सचिव श्री केदार न्यौपानेज्यू एवम् मन्त्रालयका सहसचिवज्यूहरुप्रति आभार व्यक्त गर्दछौं। यसका आगामी अङ्कहरुलाई अझै स्तरीय, रोचक र उपयोगी बनाउँदै लैजान हाम्रो प्रयासमा यहाँहरुको सल्लाह र सुझावको अपेक्षा गर्दछौं। धन्यवाद!

२०७८ असार

सम्पादक मण्डल

**नेपाल सरकार**

# युवा तथा खेलकुद मन्त्रालय

**सिंहदरबार, काठमाडौं**

**मा. कृष्ण गोपाल श्रेष्ठ**
**मन्त्री**



## शुभकामना

युवा तथा खेलकुद मन्त्रालयले वार्षिक रूपमा प्रकाशन गर्दै आएको 'युवा' बुलेटिनको अङ्क-२० प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ।

यस प्रकाशनको माध्यमबाट समस्त युवा, यस क्षेत्रमा कार्यरत निकाय र संघ संस्थाहरूमा थप ज्ञान र ऊर्जाको प्रसारण भई आगामी कार्य दिशा निर्क्योल गर्न प्रेरणा मिल्नेछ भन्ने आशा लिएको छु। युवा, जीवनको अत्यन्त ऊर्जाशील र सक्रिय अवस्था हो। यस अवस्थाको सदुपयोगले नै समुन्नत राष्ट्रको निर्माण हुने कुरामा सबै सहमत छौं। त्यसैले युवालाई आवश्यक ज्ञान र सीपले भरिपूर्ण बनाउँदै उनीहरूको जोस, जाँगर, सीप र श्रमलाई उपयोग गर्नु नेपाल सरकारको नीति रहेको छ। यसको कार्यान्वयनका लागि सरकारी, गैहृसरकारी तथा निजीक्षेत्र सबैको भूमिका महत्त्वपूर्ण हुने भएकोले सबैको साथ र सहयोग रहने विश्वास लिएको छु।

युवा अवसर र लाभका उपयोग कर्ता मात्र होइनन् त्यसका सर्जक पनि हुन्। युवाको सीप र सृजनामा मुलुक समृद्ध बन्दछ, नागरिकको शिर ठाडो हुन्छ र राष्ट्रको गौरवले उचाइ हासिल गर्दछ। एकाइसौं शताब्दीको यो सभ्यता उनै विवेकशील र सिर्जनशील युवाको देन हो। वर्तमानको यो मानव सभ्यतालाई नयाँ उचाइमा पुऱ्याउने जिम्मेवारी आजका युवाको काँधमा छ। त्यसैले आजका समस्त युवालाई आह्वान गर्न चाहन्छु, आफूभित्रको शक्ति र सामर्थ्यलाई पहिचान गरौं, बुद्धि र विवेकलाई तिखारौं, उत्तरदायित्वलाई स्वीकारौं अनि आजको संसारलाई नयाँ ढाँचा दिएर भावी पुस्तालाई सुन्दर विरासत सुम्पिदिऔं।

अन्त्यमा, जनसांख्यिक लभांशको भरपूर सदुपयोग गरौं, नीति निर्माण तथा नेतृत्वको तहसम्म युवाको सक्रिय सहभागितामा अभिवृद्धि गर्न सबैले आ-आफ्नो स्थानबाट पैरवी गरौं। नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन गरी राष्ट्रिय पहिचान र गौरवलाई नयाँ उचाइमा पुऱ्याउन सबै एकजुट बनौं भन्दै यस प्रकाशनको सफलता र निरन्तरताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

**मिति : २०७८/०३/१३**

मा. कृष्ण गोपाल श्रेष्ठ
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं।



## मन्तव्य

युवा तथा खेलुकद मन्त्रालयले विगत वर्षहरुमा झैं यस वर्ष पनि युवासँग सान्दर्भिक सामग्रीहरु समावेश गरी 'युवा'  अङ्क-२० प्रकाशित गरेको छ। यस प्रकाशनले नेपाली युवाको अवस्था, अधिकारका साथै उत्तरदायित्वका विषयमा ज्ञानको प्रसार गर्दछ भन्ने विश्वास लिएको छु।

विभिन्न अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य र विचारहरुलाई संकलन समेत गरी लेखिएका लेखहरु समावेश भएको यस प्रकाशनले युवासँग सरोकार राख्ने सबै सरोकारवालाहरुलाई युवालक्षित नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न मद्दत पुगेमा यो प्रकाशनको सार्थकता रहनेछ। राष्ट्रनिर्माणको प्रमुख शक्तिको रुपमा स्वीकार गरिएको युवालाई आफ्नो जीवनको लक्ष्य निर्धारण गरी सो प्राप्तिका लागि उर्जा थप्नेछ भन्ने आशा लिएको छु। साथै आफ्नो ज्ञान, सीप, शक्ति र श्रमलाई स्वदेशको निर्माणमा लगाउन समस्त युवा वर्गलाई प्रेरणा मिल्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, 'युवा' को प्रस्तुत अंकको प्रकाशनार्थ सक्रिय हुनु हुने सम्पादक मण्डलका सदस्य र लेखहरु उपलब्ध गराउनुहुने सबै विद्वत वर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**मिति: २०७८/०३/१३**

**केदार न्यौपाने**
सचिव
युवा तथा खेलकुद मन्त्रालय

# विषय सूची


| क्र.सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | नेपालमा सहकारी व्यवसायको विकासक्रम र युवा सहभागिता | – *केदार न्यौपाने* | १ |
| २ | राष्ट्रनिर्माण र युवा | – *गोपीनाथ मैनाली* | ९ |
| ३ | नेपालमा युवा, जनसाँख्यिक लाभ र मानवपूँजी निर्माण | – *रामबन्धु सुवेदी* | १६ |
| ४ | उद्यमशील संस्कृतिका लागि नवप्रवर्तन | – *डा. बाबुराम ढुङ्गाना* | २५ |
| ५ | नेपालमा लैंगिक विभेद तथा हिंसाको रोकथामका प्रयासहरु | – *डा. विष्णुप्रसाद गौतम* | ३४ |
| ६ | राष्ट्रनिर्माणमा युवाको भूमिका | – *बसन्त राज अधिकारी* | ४४ |
| ७ | कोभिड–१९ महामारी र युवाको मानसिक स्वास्थ्य | – *डा. नरेन्द्र सिंह ठगुन्ना* | ५० |
| ८ | युवावर्गलाई नेपाल आमाको पुकार | – *डा. शान्तिमाया गिरी* | ५८ |
| ९ | वित्तीय व्यवस्थापन र सुशासनमा युवाको भूमिका | – *कृष्णप्रसाद खनाल* | ६२ |
| १० | युवा र सरकार | – *अशोक खनाल* | ७५ |
| ११ | दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीयकरण | – *अर्जुन भट्टराई* | ८३ |
| १२ | युवाक्षेत्रमा बजेट विनियोजन र अबको बाटो | – *जगदीश्वर पाण्डे* | ८७ |
| १३ | खेलकुदको विकासका सारथि | – *कुशल तिमल्सिना* | ९० |
| १४ | Youth Migration and Its Impact on Human Resource Development in Nepal | – *कल्पना राना मगर* | ९६ |
| १५ | के युवाले बिर्सिएकै हो त महिनावारी? | – *राधा पौडेल* | १०० |
| १६ | नेपाली युवा र कार्यक्रम | – *तिलोत्तम पौडेल* | १०७ |
| १७ | सामाजिक मिडियाः हिजो, आज र भोलि | – *प्रकाश लामिछाने* | ११० |

# नेपालमा सहकारी व्यवसायको विकासक्रम र युवा सहभागिता

केदार न्यौपाने*



## परिचय

सहकारी (Co-operation) ल्याटिन भाषाको ‘Co-operative’ भन्ने शब्दबाट ल्याइएको हो। जसमा ‘Co’ भन्नाले 'With' (सँगसँगै) र 'operative' भन्नाले 'work' (काम गर्ने) भन्ने अर्थ हुन्छ। अर्थात् 'Co-operative' भन्नाले “साझा उद्देश्य प्राप्त गर्न अरूसँग मिलेर सँगै काम गर्नु” भन्ने बुझिन्छ। सामान्य अर्थमा सहकारिताले सामूहिक रूपले काम गर्ने पद्धति अर्थात् सामूहिक व्यवसाय/उत्पादन प्रणालीलाई जनाउँछ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Co-operative Alliance, ICA) ले सन् १९९५ मा गरेको परिभाषा अनुसार, “सहकारी संस्था संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा सञ्चालित स्वायत्त उद्यम हो जसमा आफ्नो साझा आर्थिक-सामाजिक तथा सांस्कृतिक आवश्यकता एवम् आकाङ्क्षा प्राप्तिका लागि व्यक्तिहरू स्वेच्छाले एकताबद्ध रूपमा संगठित हुन्छन्।” ("A Co-operative is an autonomous association of persons united voluntarily to meet their common economic, social and cultural needs and aspirations through a jointly owned and democratically controlled enterprise.")

सहकारी व्यवसायमा स्वामित्व सदस्यहरूको हुन्छ भने नाफा र जोखिममा पनि सदस्यहरू बराबरीका हिस्सेदार हुन्छन्। सहकारी व्यवसाय निश्चित मूल्य र सिद्धान्तहरूलाई आत्मसात् गरी संस्थामार्फत सञ्चालन गरिने एउटा उद्यम पनि हो। यो सदस्य केन्द्रित हुन्छ। सदस्यहरूद्वारा निर्देशित र नियन्त्रित हुन्छ। सहकारी ऐन, २०७४ ले पनि यसै परिभाषालाई आत्मसात् गर्दै संस्थागत स्वरूपको व्यवस्था तथा व्याख्या गरेको छ।

---

*श्री न्यौपाने, युवा तथा खेलकुद मन्त्रालयका सचिव हुनुहुन्छ ।

सन् १८४३ मा बेलायतको चार्टिस्ट हलमा २७ पुरुष र १ महिला भेला भई एक/एक पाउण्ड सेयर उठाएर सहकारिताको कार्यगत थालनी गरेका हुन्। सन् १८४४ मा यसै समुहबाट संस्थामार्फत उपभोक्ता भण्डारको सुरुवात भयो। यसैबाट सहकारिताको इतिहास आरम्भ भएको हो। विश्वको सहकारी आन्दोलनको इतिहासमा यो समूह रोचडेल पायनियर (Rochdale Pioneers) का नामले प्रसिद्ध छ। आज सहकारी अभियानको जननी रोचडेलर पायोनियर्सलाई मानिन्छ।

सहकारी संघसंस्थाहरू व्यावसायिक संगठन हुन्। सहकारीले वस्तु र सेवाको उत्पादन र वितरणको काम गर्छन्। वस्तु र सेवाको उत्पादन विशेष गरी संस्थाका सदस्यहरूको माग र आवश्यकता बमोजिम गरिन्छ। व्यवसाय सञ्चालन गरी प्राप्त आयआर्जनबाट कारोबार विस्तार गरी आफ्ना सदस्यको आर्थिक तथा सामाजिक उन्नति गर्ने सहकारी संघसंस्थाको प्रमुख उद्देश्य हुन्छ। सहकारीको स्थापना र सञ्चालन सदस्यहरूको हित र आर्थिक उन्नतिका लागि गरिएको हुन्छ। सहकारी व्यवसायको उद्देश्य अन्य व्यवसायभन्दा फरक हुन्छ। सहकारी अभियानमा 'म र मेरो' को सट्टा 'हामी र हाम्रो' भन्ने भावनाले सदस्यहरुको हितमा काम गरिएको हुन्छ। स्रोत, साधन र श्रमको समुचित प्रयोग गरी आफ्ना आवश्यकता पूरा गर्न मिलेर काम गर्नु नै सहकारीको मूल अभिप्राय हो।

## विषय प्रवेश

परम्परादेखि चल्दै आएको कृषिक्षेत्रको पर्म प्रथा, धार्मिक तथा सामाजिक क्षेत्रको गुठी प्रथा, थकाली समुदायमा रहेको ढिकुरी प्रथा र राई-लिम्बु समुदायमा रहेको किपट प्रथालाई परम्परागत सहकारीका रूपमा लिन सकिन्छ। यो प्रथा वा चलन नै नेपालको सहकारी अभियानको बीज विन्दु हो। यद्यपि, यी प्रथाहरू सहकारीको औपचारिक संरचनाभित्र छैनन्। पारस्परिक सहयोगका लागि यी प्रथाहरू नै सामूहिक प्रयासका उदाहरण हुन्। नेपालमा आधुनिक सहकारीको सुरुआत वि.सं. २०१० सालमा कृषि विकास र योजना मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापनाबाट भएको पाइन्छ।

वि.सं. २०१३ साल चैत २० गते चितवन जिल्लाको बखानपुर सहकारी ऋण समिति स्थापना भयो। यही संस्थाबाट अन्य ऋण सहकारी जन्मने क्रममा बखानपुर सहकारी समेत भई संस्थागत रूपमा आधुनिक सहकारी जन्मिएको हो। बखानपुर सहकारी लगायत अन्य सहकारी संस्थाहरूको स्थापनामा तत्कालीन राजनीतिकर्मी स्व.बखानसिंह गुरुङको अग्रसरता

रहेको थियो। ती संस्थामध्ये हाल एक मात्र जीवित संस्था छ, जसलाई "बखान बहुउद्देश्यीय सहकारी संस्था" भनिन्छ। त्यसैले नेपालको रोचडेल सहकारीको रूपमा "बखान सहकारी संस्था" लाई लिन सकिन्छ।

तत्कालीन अवस्थामा बाढीपीडित कृषकलाई पुनर्वास गराउने र कृषि ऋणको व्यवस्था गरी राहत उपलब्ध गराउने उद्देश्यले चितवन जिल्लामा खोलिएका सहकारी संस्थाहरूको अनुभवबाट शिक्षा लिएर नेपाल सरकारद्वारा मुलुकभर सहकारी संस्था खोल्ने लक्ष्य निर्धारण गरियो। यसै सिलसिलामा संस्थागत कानुनी व्यवस्था गर्न पहिलोपटक सहकारी संस्था ऐन, २०१६ जारी गरी लागू गरियो। ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहकारी नियमहरू, २०१८ समेत जारी भयो। उल्लेखित ऐन नियमको परिधिभित्र सरकारी निर्देशन र नियन्त्रणमा तत्कालीन अवस्थामा गठन भएका सहकारी संघसंस्थाले कृषि व्यवसायको विकास र कृषि बजारको प्रवर्द्धनका लागि महत्त्वपूर्ण कामहरूको थालनी गर्न पुगे। विशेषगरी कृषि सामग्रीहरूको आपूर्तिमा सुनिश्चितता गर्न र आवश्यक कृषि ऋणको संस्थागत व्यवस्थाबाट उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले सहकारी संघसंस्थाको स्थापना भएको हो।

## कानूनी रूपमा विकासक्रम

सहकारीको सुरुआत संस्थागत रूपमा सरकारी प्रयासमा भएको पाइन्छ। तथापि व्यवस्थापन पक्ष निश्चित गोरेटोमा जान नसकी परीक्षणका रूपमा सञ्चालन गरिएको र राज्य व्यवस्थाले परिकल्पना गरे अनुरूप कार्यक्रम सञ्चालनमा व्यापक जनसहभागीताका साथ अभियानको रूपमा सञ्चालन गर्न सकेको पाइँदैन। त्यसबेला सहकारी संघसंस्थाहरू अत्याधिक सरकारी नियन्त्रणको शिकार भए। परिवर्तित सन्दर्भमा जारी सहकारी ऐन, २०४८ ले सहकारी संघसंस्थाहरू स्वतःस्फूर्त अगाडि बढ्न पाउने वातावरण सिर्जना गरेको देखिन्छ। सहकारी संस्थाको अनुगमन र नियन्त्रण गर्ने निकाय सहकारी विभागले कानून विपरीत कार्य गर्नेलाई खारेजी र नयाँलाई दर्ता गर्ने कारण समयक्रममा सहकारी संघसंस्थाको संख्या घटबढ भइरहने अवस्था देखिन्छ। खासगरी नवौं, दसौं, एघारौं र तेह्रौं योजना अवधीमा सहकारी सङ्घसंस्थाको संख्यात्मक विकास उल्लेख्य रूपमा बृद्धि भएको पाइन्छ। नेपालको संविधान, २०७२ ले सहकारी क्षेत्रलाई संवैधानिक मान्यता प्रदान गरेको पाइन्छ। २०७२ सालमा जारी नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्र मुलुकको आर्थिक विकासको तीन खम्बा स्वीकार गरेको छ। सहकारिताको संस्थागत विकास गर्न विभिन्न समयमा भएका नीतिगत र कानूनी प्रयासलाई तपसिल अनुसार प्रस्तुत गर्न सकिन्छ।

| वि.सं. | नीतिगत तथा कानूनी प्रयास |
|---|---|
| २०१० | योजना विकास तथा कृषि मन्त्रालयको मातहत सहकारी विभागको स्थापना |
| २०१३ | सहकारी संस्था गठनका लागि सरकारद्वारा कार्यकारी आदेश जारी । चितवन जिल्लामा २० वटा प्रारम्भिक सहकारी संस्थाहरू गठन |
| २०१५ | सहकारी विभाग अन्तर्गत ग्राम विकास ब्लकको प्रशासनिक नियन्त्रणमा कर्मचारी खटाई सहकारी प्रवर्द्धनका कार्यहरूको थालनी |
| २०१६ | सहकारी संस्था ऐन, २०१६ जारी |
| २०१७ | सहकारी विकास कोषको स्थापना |
| २०१८ | सहकारी नियमहरू २०१८ जारी, साझा संस्था लिमिटेडको स्थापना गरी साझा यातायात, साझा प्रकाशन, साझा भण्डार, साझा स्वास्थ्य र साझा पसलको स्थापना, सहकारी संस्था ऐन, २०१६ मा प्रथम संशोधन |
| २०१९ | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको स्थापना, सहकारी बैंक ऐन जारी र सहकारी विभाग पञ्चायत मन्त्रालयको मातहतमा सारिएको |
| २०२० | सहकारी बैंकको स्थापना, ग्राम विकास ब्लकलाई पञ्चायतमा परिणत गरी जिल्ला पञ्चायतमा सहकारी शाखा राखिएको |
| २०२१ | सहकारी विभागको कार्यक्षेत्रभित्र रहेका कर्मचारीलाई भूमिसुधारका कार्यक्रममा खटाइएको |
| २०२३ | सहकारी विभागलाई भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालयमा राखी सहकारी विभागमा काम गर्ने कर्मचारीलाई भूमिसुधार कार्यक्रममा काम लगाइएको |
| २०२४ | सहकारी बैंकलाई कृषि विकास बैंकमा गाभिएको तथा गाउँ फर्क राष्ट्रिय अभियानको कार्यक्रममा सहकारीलाई समावेश गरिएको |
| २०२५ | सहकारी विभागबाट हुँदै आएको संस्था दर्ता तथा सञ्चालनसम्बन्धी काम भूमिसुधार विभागलाई लगाईएको |
| २०२६ | सहकारी विभागलाई भूमिसुधार मन्त्रालयअन्तर्गत राखिएको, भक्तपुर जिल्लामा भूमिसुधार कार्यक्रमबाट सङ्कलित अनिवार्य बचत सहकारी संस्थाको सेयरको रूपमा हस्तान्तरण गरिएको, सहकारी संस्था दर्ता तथा सञ्चालनसम्बन्धी काम भूमिसुधार विभागबाट पुनः सहकारी विभागमा फिर्ता भएको, सहकारी खरिद बिक्री तथा ऋण सङ्घ, जिल्ला साझा सङ्घमा परिणत भएको |
| २०२७ | सहकारी संस्था ऐन, २०१६ मा दोस्रो संशोधन गरिएको, सहकारी संस्थाको व्यवस्थापनको जिम्मेवारी कृषि विकास बैंकलाई दिएको, केन्द्र तथा जिल्लास्तरमा सहकारी सुदृढीकरण समितिको व्यबस्था गरिएको |
| २०३३ | साझा कार्यक्रम अन्तर्गत ३० जिल्लाका हरेक गाउँ विकास समितिमा बहुमुखी साझा संस्थाको स्थापना, साझा कार्यक्रममार्फत जनसङ्ख्या शिक्षाको थालनी, कृषि सहकार िहरूको विकासमा एकीकृत अवधारणा विषयक अन्तर्राष्ट्रिय गोष्ठीको आयोजना, केन्द्रीय साझा विकास समितिको व्यवस्था, सहकारी नियमहरू, २०१८ मा दोस्रो संशोधन, अनिवार्य बचत साझा संस्थाको सेयरको रूपमा परिणत गरिएको । |

| वि.सं. | नीतिगत तथा कानूनी प्रयास |
|---|---|
| २०३४ | साझा संस्था प्रशासन तथा आर्थिक नियम, २०३४ को व्यवस्था |
| २०३५ | साझा संस्थाको व्यवस्थापनको जिम्मेवारी कृषि विकास बैंकबाट पुनः सञ्चालक समितिमा फिर्ता, साझा कार्यक्रमको गुणात्मक विकासका लागि साझा संस्थाहरूको एकीकरण कार्यक्रमको सञ्चालन, साझा सङ्घसंस्थाको आर्थिक तथा प्रशासनिक नियम, २०३५ को व्यवस्था |
| २०३७ | नेपालको संविधान २०१९ दोस्रो संशोधन गरी राज्यको निर्देशक सिद्धान्तमा सहकारितालाई आर्थिक मेरुदण्डको रूपमा समावेश गरिएको, साझा सङ्घसंस्थाको आर्थिक तथा प्रशासनिक नियम २०३७ को व्यबस्था |
| २०४१ | सहकारी संस्था ऐन, २०१६ खारेज गरी साझा संस्था ऐन, २०४१ जारी |
| २०४२ | सहकारी विभागको नाम परिवर्तन गरी साझा विकास विभाग राखेपछि साविकको सहकारी प्रशिक्षण केन्द्र, क्षेत्रीय सहकारी कार्यालय र जिल्ला सहकारी कार्यालयको नाम क्रमशः साझा विकास प्रशिक्षण केन्द्र, क्षेत्रीय साझा विकास कार्यालय र साझा विकास शाखा राखिएको |
| २०४३ | साझा संस्था नियमहरू २०४३ जारी, राष्ट्रिय साझा गोष्ठीको आयोजना |
| २०४४ | साझा विकास विभाग कृषि मन्त्रालयमा समावेश, उच्चस्तरीय साझा विकास केन्द्रीय समन्वय समितिको गठन |
| २०४५ | अनिवार्य बचत बचतकर्तालाई फिर्ता दिने घोषणा, १७ सदस्यीय राष्ट्रिय सहकारी महासङ्घ परामर्श समितिको गठन र प्रतिवेदन प्रस्तुत |
| २०४६ | राष्ट्रिय साझा सङ्गठनका लागि तदर्थ समिति गठन |
| २०४७ | सात सदस्यीय राष्ट्रिय सहकारी महासङ्घ परामर्श समितिको गठन र प्रतिवेदन प्रस्तुत, राष्ट्रिय सहकारी विकास गोष्ठीको आयोजना |
| २०४८ | साझा केन्द्रीय कार्यसमितिको विघटन, ११ सदस्यीय राष्ट्रिय सहकारी विकास बोर्डको गठन, साझा संस्था ऐन, २०४१ खारेज गरी सहकारी ऐन, २०४८ जारी |
| २०४९ | सहकारी नियमावली जारी, साझा विकास विभागको नाम परिवर्तन भई सहकारी विभाग रहेको |
| २०५० | राष्ट्रिय सहकारी सङ्घ, केन्द्रीय बचत तथा ऋण सहकारी सङ्घ, केन्द्रीय उपभोक्ता सहकारी सङ्घ र केन्द्रीय दुग्ध उत्पादक सहकारी सङ्घको गठन, सहकारी सुदृढीकरण उच्चस्तरीय समिति गठन र प्रतिवेदन प्रस्तुत |
| २०५७ | सहकारी ऐन, २०४८ मा संशोधन, सहकारी सुधार सुझाव समिति गठन र प्रतिवेदन प्रस्तुत |
| २०५८ | सहकारी ऐन, २०४८अन्तर्गत राष्ट्रिय सहकारी बैंक लिमिटेड दर्ता भई सञ्चालन |
| २०६१ | सहकारी विभागको संरचना परिवर्तन, ६८ जिल्लामा रहेका सहकारी कार्यालयको सङ्ख्या कटौती गरी ३३ जिल्लामा डिभिजन सहकारी कार्यालय र ५ जिल्लामा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय स्थापना |

| वि.सं. | नीतिगत तथा कानूनी प्रयास |
|---|---|
| २०६४ | सहकारी विभागबाट २०६४।७।२१ मा सहकारी सङ्घसंस्थाको नियमन निर्देशिका जारी |
| २०६५ | नियमन निर्देशिका परिमार्जन गरी सहकारी सङ्घसंस्थाको दर्ता तथा नियमनसम्बन्धी मापदण्ड २०६५ जारी |
| २०६६ | नियमन निर्देशिका परिमार्जन गरी सहकारी सङ्घसंस्थाको दर्ता तथा नियमनसम्बन्धी मापदण्ड, २०६६ जारी |
| २०६७ | सहकारी सङ्घसंस्थाको दर्ता तथा नियमनसम्बन्धी मापदण्ड २०६५ मा परिमार्जन |
| २०६८ | सहकारी सङ्घसंस्थाको दर्ता, सञ्चालन, लेखापरीक्षण, अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०६८ जारी |
| २०६९ | २०६९ जेठ ५ गते सहकारी क्षेत्रका लागि छुट्टै सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना, नेपाल सरकारबाट राष्ट्रिय सहकारी नीति, २०६९ स्वीकृत गरी जारी |
| २०७२ | नेपालको संविधान, २०७२ ले सहकारी क्षेत्रको नियमन, प्रबर्द्धन, क्षमता विकास र अनुगमनसँग सम्बन्धित कार्यहरू सङ्घीय संरचना बमोजिम केन्द्रमा सङ्घीय सरकार, प्रदेश स्तरमा सात प्रादेशिक सरकार र स्थानीय तहमा ७५३ वटा स्थानीय गाउँपालिका तथा नगरपालिकासमेत जम्मा ७६१ वटा निकायबाट सम्पन्न हुने गरी विभाजन |
| २०७४ | सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि सहकारी ऐन, २०४८ लाई प्रतिस्थापन गरी सहकारी ऐन, २०७४ जारी |
| २०७५ | सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि सहकारी नियमावली, २०४९ लाई प्रतिस्थापन गरी सहकारी नियमावली, २०७५ जारी |
| २०७५ | राज्य सङ्घीयतामा प्रवेश गर्ने क्रममा मन्त्रालयको संख्या कटौती हुँदा कृषि मन्त्रालय हुँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना |

## युवा सहभागिता

नेपालको संविधानले अर्थतन्त्रको खम्वाका रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई उल्लेख गरेको छ। संविधानको धारा ५१ को राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने सपष्ट गरिएको छ। अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने र सोका लागि सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने कुरालाई संविधानले जोड दिएको छ। सहकारीले विशेषत: समुदायको आर्थिक, सामाजिक र सास्कृतिक उन्नयन गर्न भरमग्दुर प्रयास गर्दछ। समुदायको सशक्तीकरण गर्न र सामुहिक भावनाको जागरण गराउन समेत सहकारीहरू माध्यम बन्दछन्। मुलुकको आर्थिक वृद्धि र विकास हासिल गर्न आर्थिक सामाजिक रुपान्तरण गर्न तथा आर्थिक असमानता हटाई सामाजिक न्याय

कायम गर्न सहकारी सहयोगी हुने कुरामा कसैको दुईमत हुन सक्दैन। सहकारी क्षेत्रमा ६० हजार मानिस प्रत्यक्ष रोजगारीमा संलग्न छन् भने प्रत्यक्ष रूपमा झन्डै दश हजार मानिस लाभान्वित छन्। अप्रत्यक्ष रूपमा अरु लाखौ मानिसहरू लाभान्वित भएका छन्। सहकारी सञ्चालक तहमा करिव ६० प्रतिशत युवा सक्रिय छन् भने व्यवस्थापनको क्षेत्रमा ८० प्रतिशत युवाको सहभागीता छ। सहकारी क्षेत्रमा कर्मचारीका रूपमा युवा जनशक्तीको हस्तक्षेपकारी भूमिका रहेकाले पनि यस क्षेत्रले परिवर्तनको आभाष दिलाएको छ। आर्थिक समृद्धिका अन्य क्षेत्रमा युवाले जेजस्तो भूमिका पाए पनि सहकारी क्षेत्रमा भने युवाले महत्त्वपूर्ण भूमिका पाएकाले पनि सहकारी अर्थतन्त्रका तीन खम्वा मध्ये महत्त्वपूर्ण खम्वाको रूपमा अगाडि बढेको छ। युवा पहल र प्रयासका कारण कुल ग्राहस्थ उत्पादनमा झन्डै ४ प्रतिशत योगदान पुर्याएको सहकारी क्षेत्रले वित्तीय सेवामा २० प्रतिशत जनसंख्याको पहुँच बढाएको छ।

## युवा संलग्नताको उपलब्धि

संघ, प्रदेश र स्थानीय तहमा दर्ता र सञ्चालनमा रहेका सहकारी संघसंस्थाले मुलुकको आर्थिक विकास र वित्तीय पंहुच विकासमा उल्लेख्य योगदान पुर्याएका छन् । मुलुकभर सहकारी संस्थाका झन्डै ६३ लाख शेयर सदस्य रहेका छन् र यो बढ्ने क्रम जारी छ। शेयर सदस्यमध्ये पुरुषको तुलनामा महिलाको संख्या बढी छ। जसले निर्णायक तहमा महिलाको उपस्थिति र वित्तीय स्रोतमा पहुँच बढाउने देखिन्छ। यद्यपि निर्णायक तहमा भने पुरुष ६० प्रतिशत र महिला ४० प्रतिशत मात्रै हुनुले पुरुषको हैकमवादी सोचको दबाब हुने देखिन्छ। यस्तो अवस्थाका बीच महिला सहभागीता बढ्दै जानुले आगामी दिनमा निर्णायक तहमा महिलाको उपस्थिति वढ्ने कुरामा ढुक्क हुन सकिन्छ। युवा महिला सहभागीता बढाउँदा अझ यसले अपेक्षीत नतिजा बढाउने कुरामा दुई मत हुन सक्दैन। सञ्चालक समितिमा सम्रग युवा सहभागीता बढाउनु र महिलाको अनुपात विस्तार गर्नु आजको आवश्यकता हो। युवा संलग्नताबाट छिटो निर्णय हुने, मोलाहिजा र अनियमितता नियन्त्रण हुने एवं सहकारी सुशासनमा बल पुग्ने हुन्छ। युवाको हस्तक्षेपकारी भूमिकाले वचत र लगानीको सुरक्षा हुने, उत्पादनशील क्षेत्रमा सहकारीलाई जोड्न पाइने हुन्छ। सहकारी कारोबारको वृद्धिमा भन्दा शेयर सदस्यको हित अभिवृद्धिमा लाग्नु पर्दछ। त्यसका लागि युवा र शिक्षित जनशक्तीको यस क्षेत्रमा खाँचो रहेको छ। सहकारीको माध्यमवाट रोजगारी सिर्जना, गरिबी निवारण र मुलुकको अग्रगामी रुपान्तरण सम्भव हुने भएकाले यस विषयमा ध्यान दिनु आजको प्रमुख आवश्यकता हो।

## आगामी कार्यदिशा

सहकारी संघसंस्थाहरू विश्वव्यापी मूल्यमान्यता, सिद्धान्तमा स्थिर रही राज्यको कानून अन्तर्गत सञ्चालित छन्। यिनमा सुशासन कायम गर्ने दिशामा मूल्यमान्यता, सिद्धान्त तथा कानूनको हिसाबले अन्य क्षेत्रभन्दा अगाडि छ भन्ने पर्याप्त आधार देखिन्छ। वर्तमानमा सहकारी संगठन सदस्यहरूमा आधारित भई सञ्चालन हुने सबैभन्दा ठूलो संगठनका रूपमा सबैमाझ परिचित छन्।

नेपालमा ग्रामीण क्षेत्रभन्दा सहरी क्षेत्रमा सहकारी संघसंस्थाको संख्यात्मक चाप धेरै छ। चापसँग सँगै विकृति पनि धेरै देखिन्छन्। यस क्षेत्रमा समन्वयात्मक विकास आवश्यक छ। समाजको संस्कार र प्रवृत्तिको छापबाट सहकारी क्षेत्र अछुतो रहन सक्दैन। सहकारी क्षेत्रमा देखिएका केही विकृतिलाई समाज, समुदायमा रहेका विकृतिकै प्रतिनिधि घटनाबाट हेर्नुपर्ने हुन्छ। सरकारी निकायले आफ्नो स्रोत र साधनको परिधिमा रही राज्यको तर्फबाट निर्वाह गर्नुपर्ने सहजकारी, प्रवर्द्धनकारी एवम् नियमनकारी भूमिका निर्वाह गरेको छ। त्यसैगरी, सहकारी अभियानका अभिभावक संघहरूको सक्रियतालाई पनि महत्त्वका साथ राखिएको छ।

♦

# राष्ट्रनिर्माण र युवा

**गोपीनाथ मैनाली***



कुनै पनि मुलुकको वास्तविक पूँजी भनेका त्यहाँका मानिस, त्यसमा पनि युवा हुन्। वास्तविक विकास भनेको युवावर्गलाई आशा, उन्मेद र उमङ्गका साथ सिर्जना र निर्माणमा लगाउनु हो। युवा विचार, उत्साह र जागरणका पुञ्ज हुन्। युवा शक्ति र ऊर्जाका स्रोत हुन्। भनिरहन पर्दैन, मुलुकको भविष्य युवाको आशा, उत्साह र कर्ममा हुन्छ। युवा नै भविष्य हुन्। युवाको परिश्रम, समर्पण र सिर्जनाले समाजको विवेकपूर्ण पुननिर्माण भइरहेको हुन्छ। समाजको विसङ्गति र बिब्ल्याटाहरूलाई बढार्ने पनि युवा नै हो। युवा आक्रोस र विद्रोह हो, ऊ विध्वंश गर्न पनि पछि पर्दैन। नजाने युवा कुण्ठा, भग्नासा र निराशा पनि हो, ऊ पलायन हुन सक्छ, वर्वाद हुन सक्छ। त्यसैले युवाको उपयोग कसरी गर्ने, युवालाई निर्माणमा कसरी स्वचालित गर्ने? सिर्जना र सकारात्मकतामा कसरी ल्याउने? भन्ने चिन्ता नीतिशिल्पीहरूमा छ। युवा अपेक्षा र युवा उपयोगबीच कसरी सन्तुलन ल्याउने? युवालाई सुनिश्चित भविष्यको कसरी आश्वस्त पार्ने चिन्ता र चासोमा सरकारहरू छन्।

## नेपालमा युवाको अवस्था

पछिल्लो जनगणना अनुसार नेपालमा आर्थिक रूपमा सक्रियहरूको जनसंख्या ५७ प्रतिशत छ। कानूनले परिभाषा गरेको युवाको संख्या पनि चालिस प्रतिशत छ। युवावस्थाको परिभाषा देशगत रूपमा मात्र फरक भएको होइन कि कानून र अर्थशास्त्रले पनि फरक मान्दै आएको छ। युवावस्थालाई उमेरका आधारमा मात्र हेर्ने कि उसको सक्रियता, जोस र दृष्टिकोणबाट हेर्ने भन्ने पनि प्रश्न उठ्न सक्छ। त्यसैले आजभोलि युवावस्थाको परिभाषा नै बदल्नु पर्छ भन्ने चर्चा पनि भएको पाइन्छ। तर जे होस् युवा अवस्था भनेको सपना देख्ने

* *नीति विश्लेषण, आर्थिक, व्यवस्थापन र विकास विधामा सुपरिचित श्री मैनाली नेपाल सरकारका सेवा निवृत्त सचिव हुनुहुन्छ ।*

सक्ने, सक्रियता देखाउन सक्ने, सामर्थ्य र संभावना भएको जीवनको हिस्सा हो। समयले दिने अवसर पनि हो। प्रत्येक व्यक्तिले त्यो अवसर पाउने गर्दछ। यस अवसरलाई उपयोग गर्न सक्षमहरू नै आफ्नो प्रगति गर्दछन् र मुलुकलाई पनि प्रगतिको मार्गमा लैजान्छन्।

नेपालमा भन्ने गरिएको जनसाङ्ख्यिक लाभांश उल्लिखित अवस्था हो, जसलाई उपयोग गरेर मुलुक र व्यक्ति दुवै समृद्ध हुन सक्छन्। धेरैजसो मुलुकहरूका लागि यो अवसर उपलव्ध छैन, शताब्दीऔंसम्म उपलब्ध हुने सम्भावना पनि छैन। किनकी कतिपय मुलुकहरू बुढ्यौलीको समस्यामा छन्, कतिपय मुलुकमा विवाह र सन्तान उत्पादन गर्ने सोचबाट बिस्तारै विषयान्तर हुने सामाजिक संस्कृतिले जरा गाड्दैछ। लिभिङ टुगेदरको संस्कृति पनि विकास हुँदैछ। तर नेपाल यस्ता प्रवृत्तिबाट विल्कुल अलग छ र जनसंख्याको लाभ लिनसक्ने अवस्थामा छ। यस अवस्थालाई अवसरको रूपमा लिएर युवा श्रमशक्ति, सम्भावना र क्षमतालाई उपयोग गर्नुपर्ने अवस्थामा छ। यसले विकासको छुट्टै सम्भावना तर्फ सङ्केत गर्दछ। यसका लागि सरकार, निजीक्षेत्र, समुदाय र युवासँग सम्बन्धित निकायहरूले साझा सोच बनाउन पर्ने आवश्यकता छ।

नेपालका युवा आफ्नो गाउँठाउँमा सुनिश्चित भविष्य देख्न छाडेका छन्। यसको पृष्ठभूमिमा विगतका दिनमा मुलुकले कैयन पटक गुमाएको अवसर, सामाजिक द्वन्द्व, राजनैतिक आर्थिक–अस्थिरता कारण बनेर बसेका छन्। तर अब मुलुकमा संक्रमण अन्त भएको छ। संक्रमणका रहलपहल असरहरू (आफ्टर सक) लाई पनि युवाले नै ठीक ठाउँमा ल्याउनु पर्दछ।

युवा स-सानो स्वार्थ र प्रदर्शनमा रमाउनु हुँदैन, जिम्मेवारीमा रहनु पर्दछ। अहिलेको युवा सुविधामा उत्साही मात्र होइन, अल्छी पनि बनेको छ। सुविधाले त ज्ञान, शिक्षा, सीप र अवसरका अवरोध भत्काउनु पर्छ, आलस्यता हटाउनु पर्छ। युवाले थाहा पाउनु पर्छ, उसको प्रत्येक पल उसैको भविष्यका लागि कति महत्त्वपूर्ण छ। उसले बुझ्नु पर्छ कर्मले सफलता ल्याउँछ, एउटा सफलताले अर्को सफलता सजिलो बनाउँछ। अर्को सफलताले झनै ठूलो सफलता हात पार्न थप शक्ति, ऊर्जा र उत्साह पैदा गर्छ। सानो असफलता भइहाले पनि कुण्ठा र निराशामा पुगिहाल्नु हुन्न।

समय बलवान् छ, समयलाई सञ्चय गर्न पनि सकिँदैन। समयका अवसर टिप्न नसके समयले नै व्यक्तिलाई किनारा लगाउँछ। यस शताब्दीमा अकल्पनीय सुविधा उपलव्ध छन्, युवा

सुविधा लिन अग्रपंक्तीमा छन्। सुविधाका पारखी युवा खुसी छन्। तर युवाले बुझ्नु पर्दछ कि यी सबै सुविधाहरू आफू जस्तै युवाको परिश्रम, खोज र आबिष्कारका परिणाम हुन्। त्यसैले अवसरको स्वादमा रमाएर युवा दायित्व पूरा हुँदैन। आउने पुस्ताका लागि उसले पनि अरु सुविधा, खोज र प्रणाली निर्माण गर्न सक्नु पर्छ। उपयुक्त प्रणाली र समाज निर्माण गरेर हस्तान्तरण गर्नुपर्दछ। त्यसो गर्न युवाभित्र नै शक्ति र सामर्थ्य छ, जसलाई कतिपयले नदेखेको मात्र हो।

नेपालका युवामा केही असहज प्रवृत्तिगत संस्कृतिको विकास हुन थालेको छ। पहिलो, उसले नेपालभित्र सम्भावना र भविष्य नदेख्ने संस्कृति विकास भएको छ। दोस्रो, श्रम गर्ने बानी हराएको छ, परिश्रमलाई उपेक्षा गर्ने संस्कार हुर्किंदैछ। पढेलेखेकाहरूमा यो अरु झाँगिदैछ। तेस्रो, छिटै निराश हुने, विफलताबाट पलायन हुने बानी विकास हुन थालेको छ। चौथो, संयमता र धैर्य लिने बानी टुटेको छ। पाँचौ, सकारात्मक भन्दा नकारात्मक सोच र आरोप संस्कृति हुर्किंदैछ। यी विसङ्गति नहटाई नेपालको नवनिर्माण गर्न सकिंदैन। तर थोरै प्रयासमा यी विसङ्गति हटाउन सकिन्छ।

## युवावर्ग र स्वरोजगारी

शिक्षा प्रणालीबाट आशातीत योगदान प्राप्त हुन नसकेर उभय पक्षको प्रभाव र सामाजिक प्रवृत्तिका कारण पनि हुनसक्छ, युवा उत्पादनशील प्रक्रियामा सजिलै आबद्ध हुन सकेको छैन। सार्वजनिक क्षेत्रको जागिरमा ललायित हुने भावना देखिँदैन। प्रवेशिका वा उच्च शिक्षा पूरा गरेपछि जागिर आफैले बनाउनु पर्ने भूमिकाबाट ऊ कत्ति पनि सचेत छैन, बरु जागिर खोज्न भौतारिन्छ। सीप, सिर्जना र स्वरोजगारमा अभिमुखीकरण गरेर उपयोगिता सिर्जना गर्ने बाटो भुलिएको छ। श्रम बजार निकै साँघुरो छ, प्रतिस्पर्धात्मक क्षमता पनि विकास छैन, त्यसैले बाध्यात्मक रूपमा पनि जागिरको लालसा जाग्छ र जागिरे बन्छ। जागिरमा पनि निकै कम सम्भावना छन्। सार्वजनिक क्षेत्रमा कार्य आयतन पनि घट्दै गएको छ।

सार्वजनिक क्षेत्र वा आन्तरिक श्रम बजारमा सम्भावना नदेखेपछि सम्भावना र साहस भएका युवा बाह्य मुलुकमा जाने प्रवृत्ति विगत तीन दशकदेखि बढ्दो छ। औपचारिक र अनौपचारिक माध्यमबाट गरी करिब साठी लाख युवा विदेशिएका छन् र अरुकै मुलुकलाई कर्मभूमि बनाइरहेका छन्। सीप र शिक्षामा पछि परेकाले बाह्य मुलुकमा पनि न्यून वेतन र सुविधामा पसिना बगाइ रहनु परेको छ। केही युवा विदेशमा सिकेको सीपलाई सामाजिक विप्रेषणका

रूपमा नेपाल फर्केर उपयोग गरिरहेका छन् र आशा लाग्दो भविष्यको निर्माण पनि गरिरहेका छन् तर धेरैजसो युवामा यो अभिमुखीकरण र सामर्थ्य देखिएको छैन।

## युवा र राजनीति

युवा नै समाजका सबै क्षेत्रलाई सुसांस्कृत बनाउने भूमिकामा रहन्छन्। युवा जागरणले नै समाजमा लोकतान्त्रिक संस्कार संस्थागत हुने हो। नेपालका युवा राजनैतिक रूपमा निकै सचेत पनि रहँदै आएका छन् तर राजनीतिलाई राजनैतिक आग्रह र वैयक्तिक लाभहानिमा हेर्ने संस्कृति बदल्न युवाले भूमिका निर्वाह गर्न सकेको देखिँदैन। राजनीति, नीति र निष्ठाबाट विषयान्तर भैरहेको देखिन्छ। यस अवस्थामा सामाजिक सहमति र असल संस्कारको विकास गर्न युवाले सामाजिक परिचालन गर्न सक्दछन्। उचित अनुचित परगेल्न समाजलाई शिक्षा दिन सक्दछन् तर यसका लागि स्वयम् युवा राजनैतिक दलका कार्यकर्ता बन्ने साँघुरो घेराबाट वृहत्तर सामाजिक भावनामा पुग्नु पर्छ। राजनैतिक दलभित्र पनि उनीहरूको भूमिका आन्तरिक प्रजातन्त्र विकास, समावेशी सिद्धान्त अवलम्वन, विचार दर्शनको मन्थन र नेतृत्व परिमार्जनको भूमिकामा रहनु पर्दछ भने राजनीतिक दल बाहिरका युवामा समष्टिगत सामाजिक प्रजननशीलता बढाउने तर्फ केन्द्रित हुनुपर्दछ। यसले राजनैतिक दलहरूप्रति बढ्दै गएको वितृष्णालाई विश्वासमा बदल्न सक्छ र राज्य प्रणालीको विश्वास बढाउन सक्दछ।

यस सन्दर्भमा केही प्रसङ्ग उल्लेख गर्न उचित देख्दछु। आधुनिक चीनका निर्माता देङले युवा परिचालन गरी डेमोक्रेटिक पार्टीको 'गरिबमुखी कार्यक्रम', कम्यूनिष्ट युथ लिग (सीवाइएल) को 'होप प्रोजेक्ट', व्यापार संघको 'ग्लोरियस कज', महिला संघको 'एञ्जेल' मार्फत सीमान्तीकृत क्षेत्र र वर्गको उत्थानका लागि सरकारलाई सहयोग पुर्याए। युवा राजनीति भनेको नारा जुलुस र पर्चा पाम्प्लेटभन्दा माथि सिर्जना पनि हो र यसले नेतृत्वलाई जनमुखी बन्न आफै उदाहरण बनेर नेतृत्व दिन सक्छ भन्ने उदाहरण चीनले दिएको छ।

यस्तै सन्दर्भ संयुक्त राज्य अमेरिकाको पनि लिन सकिन्छ। सन् २०२० को राष्ट्रपतिका आकांक्षी एण्ड्रयु याङले 'दी वार इन नर्मल पिपुल' मा मानव केन्द्रित पूँजीवादका नाममा समाजवादको नयाँ दृष्टिकोण अघि सारेका छन्। रोजगारी सुरक्षा, सर्वव्यापी आधारभूत सेवा र सर्वव्यापी आय प्रत्याभूति (युविआइ) मा आधारित एण्ड्रयु याङको समाजवादी धारणा अत्याधुनिक व्यवहारवादी अर्थतन्त्रतर्फको प्रवेशविन्दु मानिएको छ। लोकतन्त्रको वास्तविक लाभांशका लागि अठाह्र वर्ष उमेर पुगेका अमेरिकीलाई प्रतिमहिना एकहजार डलरसहित

आटोमेशन, कृतिम बौद्धिकता लगायतका कारणबाट जोखिममा परेका र रोजगारी गुमाएकाहरूलाई थप क्षतिपूर्ति दिई स्वस्थ, प्रवीणतायुक्त, शिक्षित, तनावमुक्त अमेरिकी समाज निर्माण याङको अभिष्ट थियो। उनका विचार मन पराउनेहरू 'याङ ग्याङ' समूह रेडिट, फोरचान, फेसबुक, इन्स्टाग्राम, ट्वीटर लगायत सामाजिक सञ्जालमार्फत मानव केन्द्रित समाजवादको अभियानमा छन्।

## सार्वजनिक सेवा र युवा

नेपालको सार्वजनिक प्रशासनप्रति उसको सेवाग्राही र राजनैतिक कार्यकारिणी खुसी छैनन्। जसबाट माया र संरक्षण पाउनुपर्ने उसैबाट आलोचित हुनु सार्वजनिक प्रशासनको लागि प्रश्न चिह्न हो। यसको अर्थ सार्वजनिक प्रशासनमाथि सुधारको व्यापक माग र दवाव छ भन्ने हो। सुशासन, सेवा प्रभावकारिता, सदाचार, भ्रष्टाचार नियन्त्रण जे भनौं, यसको केन्द्रविन्दुमा प्रशासन सुधार नै रहने गर्दछ। यो माग र दवावले ल्याएको हाँकलाई थेग्न अहिलेको कर्मचारीतन्त्रमा सुधारको खाँचो छ।

एक्काइसौं शताब्दीको चुनौती बहन गर्न उन्नाइसौं शताब्दीको प्रवृत्ति र बीसौं शताब्दीको संयन्त्रलाई एक्काइसौं शताब्दीको संयन्त्र, प्रविधि र प्रवृत्तिले विस्थापन गर्नुपर्दछ। त्यो भनेको विद्यालय/विश्वविद्यालयका मेधावी प्रतिभालाई प्रणालीभित्र भित्र्याउनु हो। युवाशक्ति भित्र्याउनु हो। प्रणालीमा ताजारक्तको सञ्चार गर्नु हो। जसले सार्वजनिक सेवा सुधारका लागि भित्रैबाट सिर्जनात्मक तनाव पैदा गराओस्।

तर नेपालको सार्वजनिक सेवाप्रति उम्दा प्रतिभाहरूको आकर्षण घट्दो छ भने आकर्षित भएका युवा पनि आन्तरिक कार्य अनुत्साहमा जागिरे बनेका छन्। सार्वजनिक प्रशासन राज्य सञ्चालन गर्ने स्थायी संयन्त्र हो। यो वृत्ति सेवाका रूपमा रहन्छ र योग्यता प्रणाली यसको प्राण हो। त्यसैले यसभित्र औसतभन्दा उम्दा युवा प्रतिभाको आकर्षण हुनुपर्दछ। उपलव्ध मध्ये उत्कृष्ठ आकर्षित हुनु पर्दछ। यस सेवाभित्र प्रवेश गर्नाले वृत्ति विकास, वृत्ति सुनिश्चितता र राष्ट्रसेवा गर्ने अवसर एकसाथ प्राप्त हुन्छ, जुन अन्यत्र पाउन सकिंदैन। राज्यको संस्थागत संयन्त्र भएको र कुनै पनि व्यवस्थित समाजमा राज्यभन्दा वृहद, नैतिक, बहुउद्देश्यीय र विश्वासिलो संस्था अरु नहुने भएकोले युवा प्रतिभाहरूको वृत्ति चयनको पहिलो प्राथमिकतामा निजामती सेवा पर्नुपर्दछ। संविधान र सार्वभौमशक्तिको क्रियाशीलता निजामती सेवाको कर्मबाट हुन्छ। नीति कार्यक्रमको क्रियाशीलता निजामती कर्मचारीबाट हुने हो। राज्यको

वैधता आर्जनको आधार पनि निजामती सेवा नै हो। राष्ट्र निर्माणको 'स्टील फ्रेम' पनि निजामती सेवा हो। सुशासन कायम गर्न, शासकीय स्तर विस्तार गर्न र समृद्धिको गन्तव्यमा अगि बढ्न पनि उच्च अभिप्रेरित र आक्रामक निजामती सेवा चाहिन्छ। त्यसैले यति महत्त्वपूर्ण वृत्तिक्षेत्रलाई युवा प्रतिभाले वृत्ति चयनको पहिलो विकल्पमा लिन चुक्नु हुँदैन।

यसर्थ बजारका उत्कृष्ठ प्रतिभा निजामती सेवाभित्र भित्र्याउन सकेमात्र राज्यप्रणालीको प्रभावकारिता, सेवाको गुणस्तर र आविष्कारवादी राज्यप्रणाली विकास गर्न सकिन्छ तर कतिपय युवा सार्वजनिक क्षेत्रको तलव सुविधाको न्यूनतालाई देखाई निजामती सेवा अपनाउन अनिच्छा देखाइरहेका छन्। उम्दा प्रतिभाको पहिलो प्राथमिकता बहुराष्ट्रिय कम्पनी, कर्पोरेट हाउस र बैंकिङ क्षेत्र पर्दै आएको छ। सार्वजनिक क्षेत्रको इन्स्टयान्ट तलब मात्र कम हो, त्यहाँभित्रको बिदा, व्यवसायजन्य सुरक्षा, वृत्ति सुरक्षा, वृत्ति विकास र शिक्षा एवम् सीप हासिल गर्ने अवसर, सामाजिक सुरक्षा, राज्यले दिने मर्यादा जस्ता अमौद्रिक लाभ, गैरसरकारी क्षेत्रको सुविधाभन्दा निकै सम्मानजनक हुन्छ। त्योभन्दा पनि वृहद कुरा राष्ट्रसेवाको अन्तरबोध आफैभित्र हुने सन्तुष्टि र अपनत्व बोधले यसको महत्त्व झनै पुष्टि हुन्छ। त्यसैले निजामती सेवा वृत्ति विकास र राष्ट्रसेवाको अपूर्व अवसर हो। यसको गरिमा तुलनाको विषय नै हुन सक्दैन ।

सार्वजनिक सेवाबाहिर रहेर राज्यका तहगत संयन्त्रसँग सार्वजनिक सेवाको गुणस्तर बढाउन युवा पृष्ठपोषण, सहउत्पादन, लेखाजोखा, अनुगमन, तथा व्यवस्थापनका पक्षमा संलग्न रहेर पनि सार्वजनिक प्रशासनलाई जिम्मेवार, जवाफदेहि र प्रभावकारी बनाउने भूमिका खेल्न सक्दछन्।

## समाजसेवा र युवा

समाजमा सेवा गर्ने मनकारी भावना विकास नगरे मानिस कर्मले होइन, जन्मले मात्र श्रेष्ठ बन्न पुग्छ। एक्काइसौं शताब्दीको विश्वव्यापी संस्कृतिले समाज निमानवीकृत बन्दैछ, व्यक्तिहरू निर्वैयक्तिक बन्दैछन्। आधारभूत मानव मूल्य, सत्कर्म र सेवाभाव हराउँला कि भन्ने डर छ। व्यक्तिगत स्वार्थभन्दा माथि पनि मानव सेवा छ। सहयोगी हात र मनकारी कर्मको अपेक्षा खास  वर्गले राख्ने गर्दछ। युवा जागरण सेवाभाव र मानवीय मूल्य आचारणलाई संस्था गत गर्न आन्दोलित हुनुपर्दछ।

केही मनकारी कामहरू समाजबाट हुँदै आएका छन्। रामराज अधिकारीको समूहले मानव सेवा आश्रममा अशक्त र दीनदुखीलाई आश्रय र स्याहार सम्भार गर्दै आएका छन्। एसएसडिआर कि सविता उप्रेती त्यस्ती युवा हुन्, जसले राम्रो वृत्ति छाडेर अटिज्म प्रभावित व्यक्तिलाई उद्धार गरिरहेकी छन्। स्नेही काखकी सञ्चालिका नेहा पोखरेल होस् गुमाएका परित्यक्ता आमाहरूकी आमा बनिरहेकी छन्। पुष्पा बस्नेत, उत्तम सञ्जेल तथा मैले नाम लिन नसकेका धेरै युवाले मानवसेवाको पवित्र कामलाई आ -आफ्नै सामर्थ्य र सक्रियतामा बचाइरहेका छन्। युवा जीवनको कुनै क्षण समाज/मानव सेवामा लाग्नु पर्छ जसका कारण समाज सबै मानवजातिको हुन सकोस्।

## उपसंहार

युवा मुलुकको आशा र भारोसा हुन्। समाजलाई रुपान्तरण गर्ने अदम्य शक्ति भएर पनि युवाशक्ति आफैमा हराएको छ। युवाले आफ्नो मातृभूमिमा आफ्ना भविष्य सुनिश्चित छ भनेर आर्थिक सामाजिक रुपान्तरणको यात्रालाई गतिवान् बनाउनु पर्दछ। किनकी साठीको दशकमा हामीभन्दा पछि रहेका र हामीसँगै विकास यात्रा शुरु गरेका दक्षिण कोरिया, सिंगापुर, चीन, मलेशिया जस्ता मुलुकहरू हामीलाई छाडेर निकै अगि बढेका छन् र एकाइसौं शताब्दीलाई एशियाको शताब्दी बनाउन लागिपरेका छन्, हाम्रा विगतका दशकहरू गुमेको अवसरका रूपमा रहे। त्यसैले युवावर्गको काँधमा ठूलो जिम्मेवारी छ। रुपान्तरणका सबै आयामहरू, जस्तो कि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय र शासकीय आयामलाई गतिशील बनाउन युवावर्गको सार्थक सक्रियता जरुरी छ। ऊ नै अल्मलियो भने मुलुक अल्मलिइरहेने छ। त्यस्तै युवाको उपयोग कसरी गर्ने? युवालाई निर्माण कसरी स्वचालित गर्ने? सिर्जना र सकारात्मकतामा कसरी ल्याउने? भन्ने चिन्ता र चासोमा नीति निर्माताहरू रहनुपर्दछ। युवा अपेक्षा र युवा उपयोग बीच सन्तुलन ल्याएर नै युवालाई उनीहरूको भविष्यप्रति आश्वस्त पार्न सकिन्छ।

♦

# नेपालमा युवा, जनसांख्यिक लाभ र मानवपूँजी निर्माण

रामबन्धु सुवेदी*



मानवस्रोत स्रोत मात्र नभई स्रोतको मालिक पनि हो भन्ने तथ्य विकसित देशहरूका अनुभवहरू तथा विभिन्न अनुसन्धानहरूले प्रमाणित गरिसकेका छन्। सबै प्रकारका स्रोत वा सम्भावनाहरूलाई पूँजीमा रुपान्तरण गर्ने मुख्य संवाहक र कर्ता मानवस्रोत नै हो। स्रोत हुनु एउटा पक्ष हो भने त्यसलाई उपयोग गर्न सकिने पूँजीमा रुपान्तरण गर्नु अर्को महत्त्वपूर्ण पक्ष हो। त्यसैले गर्दा वर्तमान समयमा मानवस्रोत विकास होइन मानवपूँजी निर्माण भन्ने अवधारणा स्थापित भइसकेको अवस्था छ। नेपालमा पनि अथाह प्राकृतिक स्रोत छ भने मानवस्रोतको उपलब्धता पनि प्रचुर मात्रामा रहेको छ। त्यही प्राकृतिक स्रोतलाई पूँजीमा रुपान्तरण गर्ने कर्ता पनि उत्पादनशील जनशक्ति नै हो। केन्द्रीय तथ्यांक विभागका अनुसार, मुलुकमा यतिबेला उच्चतम् श्रममा योगदान गर्न सक्ने उमेर (१५-५९ वर्ष) समूहको जनसंख्या ५७ प्रतिशत छ। अबको केही वर्षमा यो संख्या अझ बढ्ने देखिन्छ। नेपालको इतिहासमै यो उमेर समूहको यति ठूलो जनसंख्या कहिल्यै भएको थिएन। गरिखाने उमेर समूहका मानिस धेरै हुनु परिवार, समाज र देशकै लागि सुखद् मानिन्छ। जनसंख्या मामिलाका विज्ञहरू मुलुकको यस्तो अवस्थालाई जनसांख्यिक संक्रमणबाट पार पाउन लागेको अवस्था भन्छन्। यस्तो अवस्थाले देशको रुपान्तरण युवाको काँधमा पुगेको देखाउँछ। यो भनेको विकासका लागि 'स्वर्णयुग' नै हो। कमाउने उमेर समूहको बाहुल्य भएको यो अवस्थालाई जनसांख्यिक लाभांश (Population Dividend or Demographic Dividend) भनिन्छ। अहिलेको यही विस्फोटक जनशक्ति नै नेपालको रुपान्तरणको आधार हो। जनसांख्यिक संरचनाबाट उच्चतम लाभको सिर्जना गर्न सक्ने नीति तथा कार्यक्रमहरू, अभियानहरू र सो बमोजिमको राष्ट्रिय प्रतिबद्धता नै समृद्ध नेपालको मूल आधार हो।

---

* *श्री सुवेदी, नेपाल सरकारका सहसचिव हुनुहुन्छ ।*

## नेपालमा युवाको वर्तमान अवस्था विश्लेषण

मुलुकमा जनसांख्यिक लाभ सिर्जना गर्ने जनशक्तिको उमेर समूह १५ देखि ५९ वर्ष हो। यो उमेर समूहमध्ये पनि १६ देखि ४० वर्षको समूहलाई हाम्रो कानूनले युवाका रूपमा परिभाषित गरेको छ। यो उमेरसमूहको जनसंख्या हाल ४० प्रतिशतको हाराहारीमा रहेको छ। यही युवाशक्ति नै श्रम र सिर्जनाका माध्यमबाट मुलुकको रुपान्तरण गर्ने मूल संवाहकका रूपमा रहेको छ। तर यही युवाशक्ति विगतदेखि नै समृद्धिको नेतृत्व गर्नबाट वञ्चित भएको अवस्था छ।

मुलुकमा रोजगारीका अवसरहरूको अभाव तथा उद्यमशील कार्यसंस्कृति र प्रोत्साहनको अभावका कारण अधिकांश युवा जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशमा रहेको छ। औपचारिक रूपमा ४५ लाखको हाराहारीमा तर अनौपचारिक रूपमा ८० लाखसम्म यस्तो जनशक्ति विश्वका विभिन्न १७२ देशहरूमा अवसरका लागि विदेशिएको पाइन्छ। युवाको श्रम निर्यात गरेर वस्तु आयात गर्ने परिवेश नै नेपाली अर्थतन्त्र र विकासतर्फको यात्राका लागि निकै बिडम्बनापूर्ण अवस्था रहेको छ।

नेपालमा युवा स्रोतलाई पूँजीका रूपमा ग्रहण गर्ने दिशामा राज्यपक्षका पात्रहरू संवेदनशील देखिएका छैनन्। युवासँग नाम जोडिएका मन्त्रालय तथा परिषद्का संरचनाहरू मात्र बनाएर पुग्दैन त्यसका लागि राज्यको पहिलो प्राथमिकतामा युवा हुनु जरुरी हुन्छ तर हाम्रो सन्दर्भमा सबैभन्दा खट्किएको समस्या यही छ। युवा विकासका लागि रुपान्तरणकारी योजनाहरूको निर्माण, नीति र योजनाहरूलाई कार्यान्वयनमा लैजाने पर्याप्त स्रोतको व्यवस्था, दक्ष जनशक्तिको व्यवस्थापन तथा आपसी समन्वय र साझेदारी जस्ता पक्षहरूमा पर्याप्त लगानी गर्न सकिएमा मात्र युवा विकासको अभियानले सार्थक नतिजा प्रदान गर्न समर्थ हुन्छ।

युवाको परिभाषा उमेर समूहले मात्र गर्न सक्दैन त्यसका लागि उसको विचार, सिर्जनशीलता र उत्पादकत्व समेतमा युवाको प्रतिबिम्बन हुनु जरुरी हुन्छ तर दुर्भाग्यवश अधिकांश नेपाली युवा सारभूत रूपमा युवा छैनन्। यसलाई पुष्टि गर्ने चार तथ्यहरू हाम्रो सामु छन्। पहिलो, उनीहरूमा विचार शुन्यतावाद हावी हुँदै गइरहेको छ। आफ्नो विवेक र तथ्यभन्दा पनि भीडको मनोविज्ञान र सामाजिक सञ्जालका भ्रमपूर्ण प्रयोजित सूचनाहरूलाई ज्ञानको आधिकारिक स्रोतको रूपमा ग्रहण गरी सोही बमोजिम निर्णय र प्रतिक्रिया व्यक्त गर्ने वर्तमान प्रवृत्तिले सोही विचारशुन्यतावादको प्रतिनिधित्व गर्दछ। दोस्रो, नेपालका अधिकांश युवामा गरिखाने सीप र दक्षता छैन। हाम्रो शिक्षाप्रणालीमा ८० प्रतिशतको हाराहारीमा

साधारण शिक्षा मात्र पढ्नेहरू छन् भने प्राविधिक शिक्षा पढ्ने २० प्रतिशतमा पनि बजारको वर्तमान मागको सम्बोधन गर्न सक्ने दक्षता नदेखिएको तथ्य सिटिइभिटीबाट गरिएका प्राविधिक शिक्षाको प्रभावकारिता सम्बद्ध अनुसन्धानहरूले देखाएका छन्। तेस्रो, अधिकांश युवा जागिरे मानसिकताका रहेका छन्। जागिर खाने र जोखिम लिन नचाहने सामाजिक सांस्कृतिक मूल्यहरू र सामाजिकीकरणका कारण सम्भावना भएका युवा पनि सामान्य जीवननिर्वाहमूखी जागिरमा अल्झिरहेको पाइन्छ। युवाको उत्पादकत्व र सृजनात्मकता नै समृद्ध अर्थतन्त्र निर्माणको आधार हो सोही तथ्यमाथि जागिरे संस्कृतिले प्रहार गरिरहेको छ। चौथो, युवामा देखिएको कमजोर राष्ट्रवादको अवस्था हो। नेपालका संभ्रान्तवर्गीय युवा विद्यालय तहबाटै विदेश जाने र उतै सेटल हुने गरी निर्देशित र दीक्षित छन् भने तल्लो वर्गकाहरू बाध्यात्मक रोजगारीका लागि उत्पादनशील उमेर विदेशी मरुभूमिमा खर्चिदैछन्। यसले गर्दा यि दुवै वर्गका युवा राष्ट्रप्रतिको अनुभूति गर्ने अवसरबाट वञ्चित भइरहेका छन् र नतिजा स्वरूप युवामा राष्ट्रप्रतिको लगाव र भावना कमजोर बन्दै गइरहेको छ, यो निकै खतरापूर्ण अवस्था हो।

नेपालमा युवा र जनसांख्यिक लाभलाई उपयोग गरी समृद्ध राष्ट्रनिर्माण गर्ने दिशामा राज्यको प्राथमिकता अपेक्षित रूपमा देखिएको छैन। युवालाई सीपयुक्त, उत्पादनशील र नैतिकवान बनाउन सकेमा मात्र उनीहरूले आफू,परिवार,समाज र राष्ट्रका लागि उपयोगी सामाजिक तथा आर्थिक मूल्य सिर्जना गर्ने क्षमता राख्न सक्छन्। राज्यको प्राथमिकता युवा र मानवपूँजी निर्माणमा जानै सकेको छैन। तीनै तहका सरकारहरूका प्रथम प्राथमिकतामा भौतिक पूर्वाधारहरू परिरहँदा दक्ष मानव संसाधन र युवा विकासको पक्ष ओझेलमा परेको देखिन्छ। युवा तथा खेलकुद मन्त्रालयले प्राप्त गर्ने वार्षिक बजेट, राष्ट्रिय युवा परिषद्लाई प्राप्त स्रोतहरू तथा प्राविधिक शिक्षाका लागि शिक्षाक्षेत्रभित्रको उपक्षेत्रीय बजेट विनियोजन,आवधिक योजनामा समावेश रणनीतिहरू तथा सरकारको वार्षिक नीति तथा कार्यक्रमहरूको सामान्य अवलोकनबाट पनि यस तथ्य पुष्टि हुन जान्छ। ७४ प्रतिशत अदक्ष र २४ प्रतिशत अर्धदक्ष कामदार तथा युवाले वैदेशिक रोजागारीबाट जोखिमपूर्ण काम गरी पठाएको विप्रेषणका आधारमा ८० प्रतिशत भुक्तानी सन्तुलन र २८ प्रतिशत कूल गार्हस्थ उत्पादनको अंश कायम भएको अवस्था छ। तर युवालाई माग बमोजिमका गुणस्तरिय सीपमूलक शिक्षा, उद्यमशील सोच निर्माण र तालिमहरू दिने तर्फ निकै कम प्राथमिकता र चासो देखिन्छ। पूर्वाधार र युवा विकासलाई तीनै तहहरूले सँगसँगै पहिलो प्राथमिकतामा नराखेसम्म सरकारले परिकल्पना गरेको समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न नसकिने देखिन्छ।

## गुणस्तरीय मानवपूँजी निर्माणको अवस्था विश्लेषण

समृद्ध र बलियो राष्ट्रनिर्माणका लागि आवश्यक पर्ने दक्ष, नैतिकवान र उत्पादनशील जनशक्ति तयार गर्नका लागि योजना बनाउने, विकास गर्ने, उपयोग गर्ने र निरन्तर मूल्यबोध गराइरहने समग्र पद्धति नै मानवपूँजी ब्यवस्थापन हो। मानवस्रोत सम्भावना हो भने मानवपूँजी उक्त स्रोतलाई उत्पादन, विनिमय तथा संग्रह गर्ने गरी आर्थिक एवं सामाजिक र मानवीय मूल्य सिर्जना गर्नु हो। सम्भावनाहरूलाई उत्पादनमा रुपान्तरण गर्ने काम मानवपूँजी निर्माण हो। युवा विकास र समग्र जनशक्तिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी पूँजी सिर्जना गर्न समर्थ बनाउने समग्र पद्धति पनि गुणस्तरीय मानवपूँजी निर्माण हो।

मानवपूँजीको अवधारणाले सबै मानव श्रम र क्षमतालाई समान रूपमा हेर्दैन। यसका अनुसार मानवपूँजीको गुणात्मकता अभिवृद्धिका लागि शिक्षा, अनुभव तथा क्षमतालाई आर्थिक उपार्जनका साथै मुलुक र समाजको समृद्धिमा योगदान गर्नसक्ने बनाउनु जरुरी हुन्छ र यसका लागि योजनाबद्ध रूपमा लगानीको आवश्यकता पर्दछ ।

मानव अर्थशास्त्रका विश्वविख्यात विद्वान अमर्त्य सेन ले मानवपूँजीको क्षेत्रमा क्षमताको दृष्टिकोण (Capability Approach) को प्रतिपादन गरेका छन्। यसका मुख्य अवधारणामा सीप र दक्षताका आधारमा क्रियाशीलता सुनिश्चित गर्ने, उपयोगका आधारमा नतिजा र लाभ हासिल गर्ने क्षमता तथा मानवको व्यक्तिगत र सामूहिक लक्ष्य हासिल गर्ने मूल्य र सामर्थ्य समाहित रहेका छन्। यसले मानवपूँजीलाई साधनका रूपमा मात्र नलिई क्षमताको उपयोग गरी मानवपूँजीको परिणाम र लाभलाई आत्मसात गर्नुपर्ने कुरामा जोड दिएको छ। मानव स्रोतलाई पूँजीमा रुपान्तरण गर्ने मूख्य माध्यमहरूमा गुणस्तरीय तथा सीपमूलक शिक्षा र स्वास्थ्यमाथिको पहुँच, आर्थिक स्रोत र उत्पादनको अवसर, उध्यमशील कार्यसंस्कृति, सम्भावनाहरूको उपयोग, सामाजिक न्यायको प्रत्याभूति, सुशासन, अस्थिरता, सामाजिक उद्यमशीलता र नैतिक कार्यसंस्कृति लगायतका बहुआयामिक पक्षहरू रहेका हुन्छन्। विकासका लागि जनसांख्यिक लाभांशको उपयोग र गुणस्तरीय मानवपूँजीको निर्माणको महत्त्व कति छ भन्ने थाहा पाउन दक्षिण कोरिया, थाइल्याण्ड, सिंगापुर, मलेशियाजस्ता मुलुकहरूको उदाहरण नै पर्याप्त छ जस्ले जनसांख्यिक लाभांशको स्थितिबाटै विकासमा फड्को मारेका हुन्।

नेपालको सन्दर्भमा गुणस्तरीय मानवपूँजी निर्माणको वर्तमान अवस्था निकै दयनीय रहेको छ। विडम्बना त के छ भने आफ्नो उर्बर जनशक्ति देशभित्र राख्न असफल राज्यले उनीहरूको कमाइलाई समेत उत्पादनमूलक क्षेत्रमा लगानी गराउन पनि सकेको छैन।

नेपाल राष्ट्र बैंकले असोज २०७३ मा सार्वजनिक गरेको 'विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति अनुसन्धान प्रतिवेदन' अनुसार विप्रेषणको १.१ प्रतिशत मात्र उत्पादनमूलक काममा लगानी भएको छ भने सबैभन्दा बढी २८ प्रतिशत घरजग्गा किन्ने प्रयोजनमै खर्च भएको छ। यसबाट हामीले जनसांख्यिक लाभांशको सदुपयोग गर्न नसकेको प्रमाणित हुन्छ। देशको जनसांख्यिक अवस्था कता जाँदैछ भन्ने हेक्का समयमै नहुँदा जनसांख्यिक लाभांश कागलाई बेल पाकेझैं भएको छ।

नेपालमा मानवलाई स्रोतका रूपमा लिने तर त्यसलाई पूँजीमा रुपान्तरण गर्ने सोच, कार्यक्रमहरू र विवेक समेत कमजोर देखिन्छ। विगत दुई सय वर्ष अगाडिदेखिको मुगलान पस्ने र लाहुर जाने बाध्यता र लहर वर्तमान अवस्थामा आउँदा अझै ब्यापक भएको छ। अहिलेसम्म पनि राष्ट्रिय मानव संसाधन विकास योजना तयार हुन सकेको छैन किनभने यो क्षेत्र राज्यको प्राथमिकतामा परेको देखिंदैन। रोजगारी केन्द्रित श्रम नीति र सामाजिक कार्यसंस्कृति विगतदेखिनै विध्यमान छ। उद्यमशील र उत्पादनमूखी कार्यसंस्कृति हालसम्म पनि निर्माण हुन सकेको छैन भने यस सम्बन्धमा राजनैतिक दलहरूवीच राजनैतिक मतैक्यता र रणनीतिक दृष्टिकोण देखिंदैन। श्रम र सीपसम्बन्धी राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना हुन सकेको छैन। त्यसैगरी शिक्षा प्रणालीमा दक्षता र नैतिकता दुवै पक्षहरू निकै कमजोर छन्। शिक्षा लिनेमध्ये पनि साधारण शिक्षा लिने ८० प्रतिशत छ भने बाँकी २० प्रतिशतले प्राविधिक शिक्षा लिए पनि कक्षाकोठा केन्द्रित छ, पूरानो छ, समय र बजारको माग बमोजिमको छैन र जागिरमुखी छ।

मानव संसाधन र युवा विकाससम्बन्धी कार्यक्रमहरूमा संरचनागत समस्याहरू रहेका छन्। उद्यमशीलता प्रवर्द्धन लागि व्यवस्था गरिएका सरकारी नीति र स्रोतहरूमा राजनैतिक संम्भ्रान्तहरूकै कब्जा छ भने वास्तविक आवश्यकता भएकाहरूसम्म पुग्नै सकेको छैन तीनै तहका सरकारहरू विश्वविद्यालयहरू तथा निजी क्षेत्रहरूबीच मानवपूँजी निर्माणका लागि समन्वय र साझेदारी हुन सकेको छैन। हाल सञ्चालित केही कार्यक्रमहरू पनि छरिएका र सामान्य सशक्तिकरण केन्द्रित मात्र रहेका छन् जसका माध्यमबाट पूँजीमा रुपान्तरण गर्न सक्ने दक्षता युवा समक्ष पुग्नै सकेको देखिंदैन। त्यसैगरी मानव संसाधन विकासका पक्षमा राज्यको तथ्याङ्कीय पद्धति निकै कमजोर छ भने यस सम्बन्धममा अनुसन्धान तथा ज्ञान निर्माणका क्रियाकलापहरू निकै कमजोर रहेका छन्।

प्राविधिक सीप र तालिमका वर्तमान कार्यक्रमहरू व्यवहारिक र बजारको मागभन्दा पनि सैद्धान्तिक र पूरानो प्रविधिमा आधारित रहेका छन्। एकातर्फ प्राविधिक शिक्षा लिनका

लागि निकै महंगो र आर्थिक रूपमा विपन्नहरूको पहुँच नपुग्ने अवस्थामा छ भने अर्कोतर्फ कमजोर गुणस्तरको शिक्षाबाट देशले अपेक्षा गरेजस्तो उत्पादनशील र गुणस्तरीय जनशक्ति तयार नहुने अवस्था देखिएको छ।

नेपालमा गुणस्तरीय मानवपूँजी निर्माणमा खट्किएको अर्को महत्त्वपूर्ण पक्ष नैतिक मूल्यमान्यताहरूको हो। एकातर्फ गरिखाने सीपको अभाव भएका जनशक्तिहरू छन् भने अर्कोतर्फ सीप भएकाहरूमा पनि नैतिक मूल्यहरूमा आउँदै गरेको क्षयीकरणका कारण भ्रष्टाचार, अनियमितता, ठगी, सार्वजनिक स्रोत साधनको दुरूपयोग जस्ता प्रवृत्ति देखिन्छ। व्यक्ति दक्ष भएपनि अनैतिक भयो भने त्यो सीप नहुनुभन्दा बढी खतरनाक हुन्छ। यसतर्फ हाम्रो शिक्षा पद्धति र राजनीतिक नेतृत्व संवेदनशील हुनु जरुरी देखिन्छ।

## रुपान्तरणको मार्ग

एकाइसौं शताब्दीको सबैभन्दा शक्तिशाली स्रोत नै मानवस्रोत हो। मानवस्रोतहरू मध्ये पनि युवा समूह परिवर्तनकारी र रुपान्तरणकारी विस्फोटक शक्ति हो जुन ऊर्जालाई उत्पादनमा रुपान्तरण गर्नु राज्यको पहिलो प्रथमिकता हुनु जरुरी हुन्छ। यसरी स्रोतलाई पूँजीमा रुपान्तरण गर्नका लागि राज्यका नीति र कार्यक्रमहरू आवश्यक पर्दछन्। राज्यको नेतृत्वमा सबै प्रकारका सरकारी र गैरसरकारी क्षेत्रहरूको साझा प्रयासमा मात्र यस दिशामा सार्थक नतिजा प्राप्त गर्न सकिन्छ। यसका लागि संघीय तथा अन्य तहका सरकारहरूले गर्ने पहिलो कार्यमा आफ्नो कार्यक्षेत्रभित्रका वर्तमान मानवस्रोत र पूँजीको क्षमता मापन गर्नुपर्छ जस अन्तर्गत मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा मानवपूँजीको योगदानको स्तर पहिचान गर्ने, दोस्रो उद्यमशीलता विकासको वर्तमान अवस्था विश्लेषण गर्ने, तेस्रो मानव पूँजीको उपयोगद्वारा आयमूलक रोजगारी सृजना र अर्थपूर्ण उपयोगको अवस्था निर्माण गर्ने र चौथो उत्पादनशीलता र व्यवसाय वृद्धिमा मानव पूँजीको उपयोगिता र योगदानको संस्थागत क्षमताको सुनिश्चिता गर्ने पर्दछन् ।

गुणस्तरीय मानव पूँजी निर्माण तथा युवा विकास अन्तर्गत राज्यले लिनुपर्ने प्रमुख दृष्टिकोणहरूमा; रणनीतिक प्राथमिकताको दृष्टिकोण, मानव केन्द्रित लगानीको दृष्टिकोण, परिचालन र उपयोगको दृष्टिकोण, प्रतिभा प्रोत्साहनसहित कार्यउत्प्रेरणा र मनोबलको विकासको दृष्टिकोण, रोजगारमूलक शिक्षा र उद्यमशील कार्यसंस्कृतिको विकासको दृष्टिकोण, प्रभावकारी अनुगमन र मूल्यांकनसहित निरन्तर सुधार पद्धतिको दृष्टिकोण र सहकार्य र साझेदारी प्रवर्द्धनको दृष्टिकोण निर्माण गर्ने लगायतका रहेका छन्। त्यसैगरी संघीय

सरकारले राष्ट्रिय मानव संसाधन प्रक्षेपण तथा विकास योजना तयार गरी हरेक वर्ष अध्यावधिक गर्ने, राष्ट्रिय रूपमा जनशक्ति अनुमान र प्रक्षेपण गर्न सक्ने विश्वासनीय तथ्याङ्क प्रणालीको विकास गर्ने र यसका आधारमा प्रदेश र स्थानीय तहहरू तथा सार्वजनिक निकायहरू, शैक्षिक प्रतिष्ठानहरू, निजी संस्थाहरू सबैले आआफ्ना मानव संसाधान विकास योजनाहरू तय गरी कार्यान्वयन गर्नु पर्दछ।

युवा विकास र गुणस्तरिय मानव पूँजी निर्माणका लागि राज्यको दीर्घकालीन नीति तथा रणनीतिहरू जारी गर्नुपर्ने देखिन्छ। यसका लागि गुणस्तरीय मानव पूँजी निर्माण र परिचालनलाई राष्ट्रिय प्राथमिकताका रूपमा समावेश गरी सोसम्बन्धी दीर्घकालीन योजना, क्षेत्रगत नीति तथा रणनीति निर्माण गरी कार्यान्वयन गर्ने; गुणस्तरीय मानव पूँजीको विषयलाई समष्टिगत आर्थिक नीति, प्रदेशको आर्थिक नीति तथा स्थानीय तहको आर्थिक नीतिका सबै क्षेत्रगत कार्यनीति र योजनामा मूलप्रवाहीकरण गर्ने; देशको प्राथमिकताका आधारमा सबै तहमा गुणस्तरीय मानव पूँजीको विकासका लागि लगानीसम्बन्धी विशेष रणनीति निर्माण गरी सोका आधारमा योजना, कार्यक्रम र बजेटको सुनिश्चित गर्ने; यसमा निजी तथा व्यावसायिक क्षेत्र र नागरिक समाजलाई समेत आआफ्नो लगानीमा गुणस्तरीय मानव पूँजी निर्माण र उद्यमशील कार्यसंस्कृतिको विकासको विषय प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न प्रेरित गर्ने; ज्ञान प्रवर्द्धन गर्ने वर्तमानको शिक्षा प्रणालीलाई रोजगारमूलक, व्यावसायिक, प्राविधिक र उत्पादनमूलक शिक्षा प्रणालीमा रुपान्तरण गरी उद्यमशीलता सामन्जस्य बनाउने; स्वास्थ्य संस्थाहरूको पूर्वाधार, जनशक्ति, सेवासुविधा, वित्तीय साधनको व्यवस्थापन, अनुगमन र मूल्यांकन क्षमतामा मापदण्ड बमोजिम हुनेगरी सुधार गर्ने; नागरिक तहमा उद्यमशीलता विकास गर्न अभियानमूलक कार्यक्रम सन्चालन गर्ने; यसमा उद्यमशील कार्यसंस्कृतिसम्बन्धी सूचना, शिक्षा र सञ्चारको कार्यनीति बनाई खास गरी युवावर्गलाई लक्षित गरी सचेतना र जागरण अभियान सञ्चालन गर्ने; नैतिक शिक्षालाई विद्यालयस्तर देखिनै समावेश गरी नैतिकतामा आधारित कार्यसंस्कृतिको विकास गर्ने जस्ता अनिवार्य व्यवस्था गर्नुपर्ने हुन्छ।

जागिरमुखी शिक्षाबाट उद्यमशील र उत्पादनमुखी शिक्षाको व्यवस्था गरी कार्यसंस्कृतिको निर्माण गर्नु आजको पहिलो काम हुनुपर्छ। यसका लागि विश्वविद्यालयहरू, शैक्षिक प्रतिष्ठान र उद्योग व्यवसायबीच तादात्म्यता कायम गर्ने गरी समन्वय, सामन्जस्य र सहकार्य गर्ने वातावरण निर्माण गरी एप्रेन्टिसशिप तालिमहरू सञ्चालन गर्नुपर्ने हुन्छ। त्यसैगरी सबै अदक्ष कामदारलाई कम्तीमा पनि रोजगारमूलक सीप र प्रविधियुक्त तुल्याउने गरी कार्यगत उपाय

अवलम्वन गर्ने तथा सार्वजनिक क्षेत्रमा गुणस्तरीय मानव पूँजीको नीतिगत तथा योजनागत व्यवस्थापनका लागि हालको संघीय मामिलासमेत हेर्ने गरी संस्थागत व्यवस्था गरिएको सामान्य प्रशासन मन्त्रालयलाई मानव संसाधन मन्त्रालयका रूपमा विकास गर्ने कामहरू तत्काले शुरवात गर्नुपर्ने देखिएको छ।

## निष्कर्ष

जनसांख्यिक लाभांशको फाइदा उठाउन जनसंख्या मात्रै भएर हुन्न, राज्य र नागरिकमा समयानुकूल सोच, दीर्घकालीन योजना र सबल कार्यान्वयन चाहिन्छ। यसका लागि तीन तहका रणनीतिहरू निर्माण गर्नुपर्ने हुन्छ। पहिलो, सरकारले सकारात्मक वातावरण निर्माण, सहकार्य र साझेदारी प्रवर्द्धन, उपयुक्त नीतिगत व्यवस्था, रणनीतिक योजना निर्माण, मानव पूँजीको व्यवस्था, सक्षम र जवाफदेही संस्थागत व्यवस्था गर्नुपर्ने हुन्छ। यसले मुलुकमा उत्पादकत्व, रोजगारी र समृद्धिबीच अर्थपूर्ण सम्बन्ध कायम गर्न सकिन्छ। यसका लागि सरकारले हालको सैदान्तिक ज्ञान दिने शिक्षा पद्धतिलाई उत्पादनमा केन्द्रित हुने प्राविधिक र व्यावसायिक शिक्षा पद्धतिमा रुपान्तरण गर्नु आवश्यक हुन्छ। व्यावसायिक समाजले उत्पादनशील रोजगारीमा आधारित शिक्षा, तालिम र उद्यमशीलता प्रवर्द्धन गर्नका लागि प्राविधिक तथा वित्तीय सेवा प्रदान गर्नुका साथै निजी क्षेत्रसँगको सहकार्यमा मानव पूँजी निर्माणका लागि लगानी गर्ने क्षमता हासिल गर्नु आवश्यक हुन्छ। त्यसैगरी नागरिक समाजले रोजगारमूलक तथा प्राविधिक शिक्षा लिन सबैलाई प्रोत्साहन दिने र उद्यमशीलता प्रवर्द्धनका लागि अभियानमूलक कार्यक्रम सञ्चालन गरी सचेतना विकास र व्यवहार परिवर्तनमा योगदान गर्नुपर्ने हुन्छ।

## सन्दर्भ सामग्रीहरू


- नेपालको संविधान, २०७२।
- पन्ध्रौं योजना (आ.ब. २०७६/७७-२०८०/८१) नेपाल सरकार, राष्ट्रिय योजना आयोग।
- प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम नीति (२०६९), नेपाल सरकार, शिक्षा मन्त्रालय।
- आर्थिक सर्वेक्षण (२०६८‘२०७६), काठमाडौं, अर्थ मन्त्रालय ।
- प्रताप कुमार पाठक ( २०७६) प्रशासन पत्रिकाः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
- राष्ट्रिय युवा नीति, २०७२।

- Baron, A. and Armostrong, M. (2007). Human Capital Management: achieving value through people, London.
- Parajuli, M.N and Shakya, R S (2012). Resource needs assessment for Technical and Vocational Education and Training (TVET) sub-sector in Nepal. Kathmandu; Ministry of Education and SDC Nepal.
- CTEVT (2014) Study Report on National Skilled Human Resource Projection in Health and Engineering Program.
- CTEVT (2015) Global Demand Assessment for Nepalese Skilled Workforce.
- CTEVT (2016) Tracer Study of the Graduates of Diploma and TSLC Programs Under CTEVT.
- GIZ and ILO (2015), Analysis of labor market and migration Trends in Nepal.


♦

# उद्यमशील संस्कृतिका लागि नवप्रवर्तन

डा. बाबुराम ढुङ्गाना*



## पृष्ठभूमि

राष्ट्रिय आयमा हुने निरन्तर वृद्धिले देशको आर्थिक विकासको संकेत गर्दछ। राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उत्पादनको गुणस्तर र मात्रामा वृद्धि हुनु आवश्यक छ। यसका लागि जमिन, श्रमशक्ति, पूँजी र उद्यमशीलता अति आवश्यकीय पक्ष हुन्। उत्पादनका दृष्टिले थोरै सुधार गर्न सकिएता पनि हाम्रो देशको जमिनमा भइरहेकै अवस्थाबाट धेरै लाभ लिनुपर्ने बाध्यता छ। पूँजीको विकासका लागि उद्यमशीलता र उद्यमशीलताको विकासका लागि श्रमशक्तिको विकास अपरिहार्य कुरा हुन्। राष्ट्रिय उत्पादनको केन्द्रविन्दुमा रहेको उद्यमशीलताको विकास आजको प्रमुख चासोको विषय हो। उद्यमशीलता प्रवर्द्धनका लागि नागरिकमा नवप्रवर्तनात्मक आदतको जरुरत पर्दछ। नवप्रवर्तनात्मक आदतको विकास एकाएक हुँदैन। यसका लागि वातावरणको सिर्जना गर्नु पर्दछ। वातावरण सिर्जनाका लागि सरकारी, गैह्रसरकारी र निजी क्षेत्रको सहभागीता चाहिन्छ। नवप्रवर्तनमा शैक्षिक संस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ।

## नवप्रवर्तन

नवप्रवर्तन एउटा नविनतम् विधि वा अग्रगामी विचार हो जसले भइरहेको अवस्थालाई नविकरणका साथ परिवर्तन गराउँछ। नवप्रवर्तनले उत्पादन, सेवा वा बजारको स्वरूप र गुणको विस्तार गर्दछ। वस्तु, सेवा वा बजारको विकास र विस्तारमा नविनतम् विधिको सिर्जना गर्दछ। यो प्रक्रिया र उत्पादन दुवै हो। नवप्रवर्तन निरन्तर चलिरहने प्रक्रिया हो। यसले नयाँपनको अन्त्य स्विकार्दैन, उत्पादनका नविन रूप खोज्न हमेसा प्रेरित गर्दछ।

---

* *डा. ढुङ्गाना, राष्ट्रिय युवा परिषद, भक्तपुरका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ ।*

नवप्रवर्तन नभएको भए मानव समाज र सभ्यता प्राचीन युगबाट आजको अवस्था आउने थिएन। बढ्दो जनसंख्याको खाँचो पूरा गर्न सकिँदैन। मानिसको दैनिक जीवन कष्टकर हुन्छ। नवप्रवर्तनका लागि मानव मस्तिष्क सक्रिय रूपमा चलिरहनु पर्छ। सिर्जनात्मक वातावरण, विज्ञान तथा प्रविधिको अध्ययन, प्रयोग र उत्पादित वस्तुको सूक्ष्म अवलोकनले यसको गति तिब्र पार्दछ। यो सीधा रेखामा वा क्रमिकतामा मात्र निर्भर रहन्न। नवप्रवर्तन हुन ठूला ठूला वैज्ञानिक प्रयोगशाला नै हुनु पर्दछ भन्ने जरुरी छैन। साना कुरामा र साना आकारमा पनि नवप्रवर्तन हुन सक्छ। नवप्रवर्तन हाम्रो स्थानीय परिचित वातावरणमा पनि हुन सक्छ। कहिलेकाहीँ नवप्रवर्तनले ध्वंश पनि गर्छ। नवप्रवर्तनीय प्रक्रियामा धेरै अन्तर्क्रिया र पृष्ठपोषणको संयोजन भएको हुन्छ। यसरी विकास भएको उत्पादनलाई एकाएक प्रयोगमा ल्याउन भने मिल्दैन। यसलाई एउटा विधि सम्मत प्रक्रियामा प्रवेश गराएर परिपक्व बनाए पछि मात्र मानवहीतमा प्रयोग योग्य मानी प्रवेश गराउन सकिन्छ। यो विधिसम्मत प्रक्रियालाई व्यावसायिक ईन्क्युवेशन भनिन्छ। यसरी नवप्रवर्तनलाई निरन्तर चलिरहने प्रगतिशिल प्रक्रियाका रूपमा लिन सकिन्छ। मानिसलाई बाल्यकाल देखि नै नवप्रवर्तनीय वातावरणमा राखियो भने उसले नयाँनयाँ सोच बनाउने अवसर पाउँछ र यसै बिचारका कारण भविष्यमा राष्ट्रमा विकासको सम्भावना बढ्छ। त्यसैले विकसित राष्ट्रमा आफ्ना नागरिकलाई नवप्रवर्तनीय वातावरणको अवसर दिलाउन ठूलो लगानी गरिन्छ।

## ईन्क्युवेसन

ईन्क्युवेशन शब्द जीव विज्ञानसँग सम्बन्धित छ। किराको जीवन चक्रमा अण्डाबाट प्युपा र लार्भा हुँदै पूर्ण किरा बन्नका लागि एउटा विधिको पालना भएको हुन्छ। अण्डाबाट पूर्ण किरा बन्न निश्चित अवधि लाग्छ। यो एउटा प्रक्रिया हो, जसको न त विकल्प हुन सक्छ न न्यूनिकरण गर्न सकिन्छ। अण्डाबाट पूर्ण किराको अवस्थामा पुग्दाको प्रक्रिया नै ईन्क्युवेशन हो। चराले अण्डाबाट बचरा नबनुन्जेल ओथारो दिने काम गर्दछ। ओथारो प्रक्रिया नै ईन्क्युवेशन हो। ओथारो प्रक्रिया छलेर एउटा अण्डा बच्चा बन्न सक्दैन। पुरुषको शुक्रकीट र महिलाको अण्डा मिलेर भ्रुणको अवस्थामा नपुञ्जेलको प्रक्रिया नै ईन्क्युवेशन हो। ईन्क्युवेशनले एउटा पद्धतिलाई पच्छ्याउँछ। यसमा कसैको अनुगमनका साथ रेखदेख हुन्छ र निश्चित समय लाग्छ। ईन्क्युवेशन प्रक्रिया एउटा नियन्त्रित वातावरणमा मात्र सम्भव छ। यो लेखमा ईन्क्युवेशन शब्द नवप्रवर्तनसँग जोडेर प्रयोग गरिएको छ। यहाँ प्रयोग भएको शब्द व्यावसायिक ईन्क्युवेशन हो।

## नेपालका मौलिक आविष्कारहरू

भोजपुरको खुकुरी, विरगञ्जमा बनेको ताप्के र पाल्पाको करुवाको महिमा आज पनि देशभर छ। हाम्रो देशका धेरै गाउँहरूमा काठबाट बनेका दूध जमाउने र मोही पार्ने ठेकी र हर्पेहरू अझै प्रयोगमा छन्। भक्तपुरमा माटाका गाग्रा, घ्यम्पो, गमला, हाँडी, भ्युँट, चिलीम आदि बनाउने काम हुन्छ। खेतबारी गोरूको सहायतामा हलोले जोतिन्छ। बाँस वा निगालोको चोयाबाट डोका, डाला, थुन्से, मान्द्रो आदि बनाइन्छ। परालबाट गुन्द्री वा सुकुल बनाइन्छ। लोक्ताबाट नेपाली हाते कागज बनाइन्छ। काठ र छालाबाट भजन गाउँदा बजाइने खैंजेडी लगायतका वाद्यवादन बनाइन्छ। भेडा वा च्याङ्ग्राको ऊनबाट राडी, पाखी, बख्खु वा गलैंचा बनाइन्छ। ढिकी, जाँतो र पानी घट्टको प्रयोग गरी अन्न पिस्ने काम गरिन्छ। कोलको प्रयोगबाट तेलजन्य पदार्थ र उखु पेलिन्छ। माथि उल्लेख गरिएका सबै वस्तुहरू नेपाली मौलिक प्रविधिमा आधारित परम्परागत उत्पादनहरू हुन्। यी सामग्रीहरूको उत्पादन नेपालमा आदिकालदेखि चल्दै आएका छन्।

## नेपाली आविष्कारमा देखा परेका समस्याहरू

आफूलाई चाहिने वस्तु वा प्रविधिको आविष्कार आफैं गर्नु गौरवको विषय भएता पनि यीमध्ये कतिपय सामग्री हिजो आविष्कारका बखत जुन स्वरूपमा थिए आज पनि सोही स्वरूपमा छन् र विश्वको बजारमा आएको नवप्रवर्तनसंगै यिनीहरूको परिष्कृत ढाँचा ल्याउन नसक्दा लोप हुने अवस्थामा पुगेका छन्। विश्वमा भएका नयाँ नयाँ आविष्कारबाट उत्पादित प्रयोगकर्ता मैत्री र छिटो छरितो कार्य गर्न सक्ने त्यस्ता मेसिनको दाँजोमा हाम्रा पूर्खाको आविष्कारबाट उत्पादित औजारहरू पूरानै अवस्थामा प्रयोग गर्दा कार्यक्षमता कमजोर देखियो। हाम्रो ढिकी जाँतोलाई हामीले नविकरण गर्न नसक्दा विदेशी सेलर मिल र ग्रिन्डर मेशीनले विस्थापीत गरिदियो। विगतमा हाम्रो देशमा कपडा उत्पादन हुन्थ्यो तर आज हाम्रा कपडा उद्योगमा नविनतम प्रविधिको प्रयोग नहुँदा विदेशी कपडासँग प्रतिस्पर्धा गर्न सकेन, किफायती हुन सकेन, उपभोक्ताको मन जित्न सकेन। फलतः पलायन हुन पुग्यो। आज तागाधारीले लगाउने सांस्कृतिक एवं परम्परागत जनै र स्वागत तथा बिदाइ गर्दा प्रयोग गरिने खादासम्म विदेशबाट आयात हुन्छ। बावियो, पाट र चोयाबाट बनाइने बलियो र वातावरणमैत्री डोरी र दाम्लोलाई हानिकारक नाइलनले विस्थापन गरेको छ। यसलाई आधुनिकीकरण गर्ने प्रयास नगरिँदा मौलिक प्रविधि हराएर जान थालेका छन्। वस्तु र प्रविधि मात्र होइन, संस्कार समेत विदेशबाट भित्रिन जाँदा अर्काको संस्कार मनाउँदा प्रयोग हुने सामान र प्रविधि समेत खरिद गरिदिनु परेको छ। नेपालका मौलिक उत्पादनका हक अधिकारको दावी कायम गर्न नसक्दा आफ्नै देशको उत्पादन खरिद गरे वापत अरु देशलाई

कर तिर्नु परेको छ। यसरी नेपाली पूँजी पलायन हुँदा र विदेशी पूँजी नेपाल भित्र्याउन नसक्दा मुलुकको आशातीत आर्थिक विकास हुन सकिरहेको छैन।

मुलुकले नवप्रवर्तनलाई चिन्न सक्यो र युवा जनशक्ति तथा व्यवसायीलाई यस्ता काममा जोडिन उत्प्रेरित गरियो भने उद्यमशीलताका लागि न्यूनतम् वातावरण बन्ने निश्चित छ। परम्परागत शैलीमा गरिने पेशा तथा व्यवसायले जीवन निर्वाह गर्न कठिन छ। हाल नेपालमा जनजीवन कष्टकर र आयआर्जनका स्रोत कमजोर भएका कारण धेरै युवा जनशक्ति विदेश पलायन हुनु परेको छ। यस्तै अवस्था लम्बिदै जाने हो भने यो देश परम्परागत बृद्धाश्रम मात्र बन्न पुग्छ। संसारका पर्यटकहरू खानेकुरा समेत आफैं बोकेर आदिम कालिन वृद्धाश्रमको फोटो खिच्न नेपाल आएको हामीले नै देख्नु पर्नेछ।

## नवप्रवर्तन नीति

सिद्धान्ततः नेपालमा सबै नागरिक समाज र सरकारी तथा गैह्रसरकारी निकायहरू राष्ट्रिय नवप्रवर्तन नीतिको आवश्यकता स्वीकार गर्दछन्। लामो समयदेखि उद्योग तथा बाणिज्य मन्त्रालयले युएनडिपीसँगको साझेदारीमा लघु उद्यम प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरेता पनि नवप्रवर्तन नीति बनाउने कार्य हुन सकेको थिएन। वि.सं. २०७६ मा नेपाल सरकारले राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि गर्ने; ज्ञानमा आधारित उद्यमशीलताको विकास गर्ने; प्राकृतिक स्रोतको उपयोग गर्ने, वातावरणीय सन्तुलन र विपद् जोखिम न्यूनिकरण गर्ने; विज्ञान प्रविधिसम्बन्धी पूर्वाधार विकास गर्ने, संरचनागत परिवर्तन र कानूनी आधार तयार गर्ने; परम्परागत र आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नती गर्ने पाँच ओटा प्रमुख उद्देश्यहरूका साथ ११ ओटा नीतिहरू सहितको "राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति-२०७६" जारी गर्यो। यस नीतिले औद्योगिक उत्पादन तथा उत्पादकत्व वृद्धि; कृषिको व्यवसायीकरण र भूमिको उपयोग; दिगो पूर्वाधार विकास; जैविक तथा बहुमूल्य खनिज स्रोतको दिगो उपयोग; वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण; र सुशासन र सेवा प्रवाह, साइवर तथा राष्ट्रिय सुरक्षा गरी प्राथमिकताका छ ओटा क्षेत्र निर्धारण गरेको छ। यस नीतिले नवप्रवर्तनका क्षेत्रमा अनुसन्धान गर्ने सर्बोच्च निकायका रूपमा विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई चिनाएको छ। यस बमोजिम बन्ने कार्यक्रम सञ्चालन गर्नका लागि "विज्ञान, प्रविधि तथा नवप्रवर्तन कोष"को स्थापना गर्ने कुरा उल्लेख छ। यो समग्र कार्यक्रमलाई निरन्तरता दिनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा "राष्ट्रिय विज्ञान प्रविधि विकास तथा समन्वय परिषद्" को परिकल्पना समेत गरिएको छ।

## नेपालमा नवप्रवर्तनको विकासका लागि कार्यरत निकायहरू

सन् २०१२ मा नवप्रवर्तन र अनुसन्धानको संस्कृति विकास गर्ने उद्देश्यकासाथ मुनाफा रहित संस्थाका रूपमा राष्ट्रिय आविष्कार केन्द्रको स्थापना भयो। नयाँ सोच भएका युवालाई उद्यमी बन्न र मुलुकको आर्थिक विकासमा योगदान दिने खालका कुनै पनि क्षेत्रको वस्तुहरूको उत्पादन गरेर व्यापार गर्न आवश्यक सहयोग गर्ने गरी सो केन्द्र स्थापना गरिएको जनाइएको छ। त्रिभूवन विश्वविद्यालयको व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रसँग मिलेर सहकार्य गरिरहेको यो संस्था नवप्रवर्तनका क्षेत्रमा क्रियाशील छ। विश्वव्यापी महामारीमा पनि निरन्तर उदाहरणीय कामकासाथ सञ्चालनमा रहेको यो संस्था देश भित्र र बाहिर बस्ने नेपाली युवाका माझ लोकप्रिय छ।

नेपाली समाजको खाँचोमा आधारित युवाका नविनतम् सोचलाई उद्यमसम्म पुर्याउने उद्देश्य राखी काठमाडौं विश्वविद्यालयको स्कूल अफ म्यानेजमेन्टसँग सहकार्य गर्दै स्थापना भएको आइडिया स्टुडीयो नेपालले देशभरका युवाका नविन सोचहरू संकलन गरेर प्रतिस्पर्धा गराइ व्यावसायिक ईन्क्युवेशन गराउँदै आएको छ। विगत ५ वर्षदेखि अध्ययन, अनुसन्धान, नवप्रवर्तन, ईन्क्युवेशन र उद्यमका क्षेत्रमा निरन्तर कार्यरत यो संस्थाले हाल सम्म ६५ जिल्लाका युवामा आफ्नो पहुँच पुर्याई २,३०४ ओटा नविन सोचबाट उत्कृष्ट सोच छनोट गरी १६० ओटा सोचहरूलाई ईन्क्युवेट गरिसकेको छ। यो स्टुडियो हालसम्म नेपालको सबैभन्दा धेरै युवाका सोचलाई ईन्क्युवेट गरी मेन्टोरका साथ उद्यममा पठाउने सफल संस्था बनेको छ। यस स्टुडियोको सुन्दर पक्ष भनेको यसको ज्ञान र अनुभव पक्ष, विश्वासनीय दार्शनिक आधार, भरलाग्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय साक्षेदार, संगठन र कार्यप्रणाली हो।

राष्ट्रिय युवा नीति, २०७२ र युवा विकासका लागि दश वर्षे रणनीतिले निर्देश गरे बमोजिम उद्यमशीलता प्रवर्द्धन राष्ट्रिय युवा परिषद्को एउटा महत्त्वपूर्ण कार्य हो। आफ्नै पहलमा नमूनाका रूपमा नवप्रवर्तन तथा ईन्क्युवेशन केन्द्रको सञ्चालन गर्ने, देशभरमा खुलेका यस्ता प्रकृतिका संस्थालाई सहयोग गर्ने, विश्वविद्यालयहरूलाई नवप्रवर्तनात्मक कार्यमा जोडिन समन्वय गर्ने यस परिषद्को एउटा प्रमुख कार्य हो। परिषद्ले हाल काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिकामा नगरपालिका, काठमाडौं विश्वविद्यालय र आइडिया स्टुडियोसँगको सहकार्यमा राष्ट्रिय युवा नवप्रवर्तन केन्द्र सञ्चालनको तयारी कार्य पूरा गरेको छ।

पछिल्ला दिनमा सरकारी उत्सुकता बिस्तारै बढ्दो क्रममा रहेका केही उदाहरण हेरौं। कामका बिभिन्न क्षेत्र तोकेर फरक फरक समूहलाई सम्बोधन गर्दै अर्थ मन्त्रालयले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकिकृत कार्यविधि, २०७५ जारी गरेपछि

उल्लेख्य संख्यामा युवाले न्युन ब्याज दरमा बैंकबाट कर्जा सुविधा प्राप्त गरेका छन्। राष्ट्रिय योजना आयोगको पहलमा अर्थ मन्त्रालयले नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६ जारी गरी युवालाई उनीहरूको परियोजना प्रस्तावका आधारमा सुरुवाती पूँजी उपलव्ध गराउने कार्यक्रम ल्याएता पनि पहिलो पटकको प्रयास कोभिड- १९ को महामारीमा आशातीत प्रस्ताव प्राप्त हुन नसकेका कारण सफल हुन सकेन।

पछिल्ला दिनहरूमा ईन्जिनियरीङ अध्ययन संस्थान, काठमाडौं विश्वविद्यालय र केही प्राइभेट क्षेत्रका व्यवस्थापन कलेजहरूले नवप्रवर्तन र ईन्क्युवेशनका कार्यक्रमहरू सञ्चालन गर्ने गरी संरचना विकास गरेका पाइन्छन्। सामाजिक सञ्जालमा खोजी गर्दा नेपालमा नवप्रवर्तन र व्यावसायिक ईन्क्युवेशनका क्षेत्रमा काम गर्ने संस्थाहरू अरु पनि देखिन्छन् तर कति जनाले के उत्पादन गरे र के काममा जोडिए भनेर खोजी गर्दा नभेटिने अवस्था छ।

## नेपाली उद्यममा नवप्रवर्तनको अभ्यास

वस्तु उत्पादनले मानिसलाई ठूलो सन्तुष्टि दिन्छ। नेपालमा वस्तु उत्पादनका क्षेत्रमा नवप्रवर्तन अझै लुकेको अवस्थामा छ। पछिल्ला दिनमा सेवा र बजार उत्पादनका क्षेत्रमा भएको नवप्रवर्तन भने केही चर्चामा छ। सेवा र बजारमा मात्र परिवर्तन आउँदा उत्पादित वस्तुका रूपमा विदेशी सामान खोज्नु पर्ने हुन्छ जुन मुलुकको राष्ट्रिय आयको हिसाबले प्रत्युत्पादक हुन्छ। कारखाना नाम गरेको कम्पनीले बालबालिकाको सिकाइ सामग्री प्रविधि विकास गरेको छ। सजिलो मर्मत सेवाले घर घरमै बिग्रेका सामान मर्मत गर्न पुग्ने सेवा उपलव्ध गराएको छ। ईसेवा, खल्ती डटकम जस्ता कम्पनीले एपको प्रयोग गरी खरिद गर्न र सेवाको भुक्तानी गर्ने सुविधा उपलव्ध गराएको छ। टुटलले सार्वजनिक यातायातको क्षेत्रमा उपलव्ध गराएको सुविधा उदाहरणीय छ। खालीसिसीले फयालिएका सामानको संकलन गरी प्रयोगमा ल्याइ चमत्कार देखाएको छ। फुडमाण्डुले घरघरमै ईच्छाइएको खाना उपलव्ध गराएर व्यस्त सहरिया जनजीवनलाई सघाएको छ। ईको सेलले वातावरणमैत्री निर्माण सामग्रीको उत्पाद गरेर भूकम्पले विनास गरेको समाजमा विकल्पका रूपमा प्रस्तुत भएको छ। फुडमान्डु फ्रेस, निना एन्ड हेगर, सब्जिल्यान्ड, गोल्डेन फ्रेस मार्टलगायतका ग्रोसरीबाट फ्रेस ग्रोसरी डेलिभरी सेवा सिधै ग्राहकको ढोकामा डेलिभरी गर्दै आएको छ। त्यस्तै गरी सस्तोडिल, यूजी बजार, टुटल, हेल्मेट्स नेपाल, किताब यात्रा, स्टुडियो सार्कास्टिक, कटन मिल्स, खालीसिसी, बज्र ब्युटी तथा सजिलो मर्मत सेवा जस्ता स्टार्टअप कम्पनीको स्थापना नेपाली नवप्रवर्तनका उपज हुन्। राष्ट्रको नवप्रवर्तन नीति प्रष्ट नहुनाका कारण यी मध्ये कतिपयको टिकाउमा प्रश्न समेत उठेको छ।

## नवप्रवर्तन प्रवर्द्धन गर्न चाल्नु पर्ने कदमहरू

विद्यालय वा विश्वविद्यालयमा अध्ययन गर्ने (२४ वर्ष) उमेर भित्रका युवाको मस्तिष्कले जति नविन सोचका साथ सिर्जना गर्न सक्छ उमेर बढेपछि त्यति हुन सक्दैन। सोच्ने समयमा सोच्न दिनु पर्छ, सोच्ने वातावरण उपलव्ध गराउनु पर्छ। हरेक घर परिवारले यो वातावरण उपलव्ध गराउन सक्दैन त्यसैले विद्यालय र विश्वविद्यालयले आफ्ना नियमित कार्यक्रममा नवप्रवर्तन कक्ष, प्रयोग सामग्री र व्यवस्थित क्रियाकलापहरू समावेश गर्नु पर्छ। देशका सबै विश्वविद्यालय, कलेज तथा विद्यालयहरूमा नवप्रवर्तन एकाइको स्थापना गरेर, सिर्जनात्मक गतिविधिलाई पाठ्यक्रममा समावेश गराएर र पर्याप्त सामग्रीसहित प्रयोगस्थल उपलव्ध गराएर विद्यार्थीमा सोचको विकास गर्ने वातावरण बनाउन सकिन्छ। विद्यार्थीले गरेका सिर्जनाको प्रतिस्पर्धा गराएर हौसला बढाउने र सिर्जनालाई प्रयोग योग्य बनाउन ईन्क्युवेशन प्रक्रियामा पठाउने गर्नाले उद्यमशीलताको पनि प्रवर्द्धन हुन्छ। यो कार्यका लागि सरकारले नियमित बजेटको व्यवस्था गर्नु पर्दछ भने निजी क्षेत्रलाई पनि सहभागी हुन प्रोत्साहन गर्नु पर्दछ। नवप्रवर्तनमा अनुसन्धानको जरुरत पर्दछ। अनुसन्धानको उपयुक्त थलो भनेको विश्वविद्यालयहरू हुन्। विश्वविद्यालयमा अनुसन्धानका क्षेत्रमा प्रयत्न बढाइनु पर्दछ। म्यागासेसे पुरस्कार प्राप्त भारतीय वैज्ञानिक सोनाम वाङ्चुकले कीर्तिपूरको राष्ट्रिय आबिष्कार केन्द्रको भ्रमणका क्रममा भने झैं नवप्रवर्तनको अभ्यास गर्ने मूल थलो भनेको सबै शिक्षण संस्था हुनु पर्दछ। न कि कुनै एक स्थान र एउटा प्रतिष्ठान। हरेक औद्योगिक प्रतिष्ठानसँग नवप्रवर्तनका नियमित कार्यक्रमहरू हुनु पर्दछ जहाँ उत्पन्न नविन विचारलाई इन्क्युवेट गरी उद्यममा परिणत गर्न सकियोस्।

उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स वा अन्य कुनै औद्योगिक तथा व्यापारिक प्रतिष्ठानले निश्चित समयको अन्तरालमा नवप्रवर्तनको प्रतिस्पर्धा गराइ इन्क्युवेशन प्रक्रियामा जान प्रोत्साहन गर्न सक्छन्। विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले देश भरका कलेजका विज्ञान तथा प्रविधि विषयका विद्यार्थीलाई नवप्रवर्तन अनुदान उपलव्ध गराउने, प्रतिस्पर्धा गराउने र ईन्क्युवेशन गराउन सक्छ। संघीय र प्रदेश सरकारहरूले देशका विभिन्न ठाउँहरूमा नवप्रवर्तन केन्द्रका नमूनाहरू विकास गर्ने जहाँ ईन्क्युवेशनको समेत सुविधा उपलव्ध गराउन सक्छ। राष्ट्रिय र प्रदेशस्तरीय प्रतिस्पर्धा गराएर पुरस्कृत गरी शुरुवाती पूँजीसमेत दिलाउन सक्छ। हरेक स्थानीय तहले नवप्रवर्तनका क्षेत्रमा प्रतिस्पर्धात्मक कार्यक्रम गराउने, प्रतिस्पर्धामा छानिएकालाई ईन्क्युवेशनमा पठाउने र वित्तीय प्रबन्ध गरी उद्यममा प्रवेश गर्न प्रेरित गराउन सक्छ।

बैंक तथा वित्तीय संस्थाहरूले माथि उल्लेखित सबै निकायले गरेका प्रतियोगितात्मक कार्य सञ्चालन गर्न अनुदान दिन र प्रतिस्पर्धाबाट छानिएर आएका सहभागीलाई सहुलियत व्याजमा कर्जा सुविधा उपलव्ध गराउन सक्छ। गैह्रसरकारी संघ संस्थाले उद्यमशीलता विकासका लागि साना साना समूहमा नवप्रवर्तनात्मक गतिविधिहरू गराउने र उद्यममा प्रवेश गर्नका लागि लगानी कोषको विकास गराउन सक्छन्। सञ्चार क्षेत्रले नवप्रवर्तन, ईन्क्युवेशन, स्टार्टअप, लगानी, उद्यम र बजार जस्ता विषयलाई प्रवर्द्धन गर्न लेख, सूचना, श्रव्य तथा दृष्य सामग्री प्रकाशन तथा प्रसारण गरेर यस क्षेत्रमा लागेका जनशक्तिलाई हौसला थप्न सक्छन्। मानव शरीर सञ्चालनमा विभिन्न प्रणालीहरूले सँगसँगै काम गरे झैं नवप्रवर्तनीय प्रणालीलाई पनि जीवन्त राख्नका लागि नीति, कार्यक्रम तथा कार्यान्वयनसँग जोडिएको सरकारी पक्ष (Policy partner); ज्ञान, अनुसन्धान, प्रयोग तथा परिमार्जनसँग जोडिएको शैक्षिक संस्था (knowledge partner) र परिवर्तन गर्ने काममा विचार सहित खटिएको ईच्छुक युवा पक्ष (Implementation partner) को निरन्तर सहकार्य हुनु जरुरी छ। यी मध्ये कुनै एक पक्षको अनुपस्थितिमा प्रणालीले काम गर्न सक्दैन। यी तीनै पक्ष सँगसँगै जोडिने दिगो कार्यमूलक संयन्त्रको (sustainable and functional mechanism) संस्थागत विकास गरी नवप्रवर्तन कार्यलाई जीवन्त राख्न सकिन्छ।

नवप्रवर्तन विना कुनै पनि क्षेत्रमा परिवर्तन आउँदैन। राष्ट्रको आर्थिक विकासका लागि यो अकाट्य छ। कामना मात्र गरेर राज्यको नवप्रवर्तनीय क्षमतामा सुधार आउँदैन। व्यक्ति तथा संस्थाको कार्यकौशलताको विकासका लागि नवप्रवर्तनीय माहोल बन्नु जरुरी छ जसका लागि राज्यका विभिन्न अवयवको सक्रियताको आवश्यकता छ। बालबालिकालाई सानै उमेरदेखि यो वातावरणमा परिचित गराइयो भने पछिल्ला दिनका चुनौतीहरू सामना गर्ने विचारको सिर्जना गर्नेछन्।

## सन्दर्भ सूची


- Cornell University, INSEAD, and WIPO (2020). *The Global Innovation Index 2020: Who Will Finance Innovation?* Ithaca, Fontainebleau, and Geneva.
- Keeley, L., Pikkel, R., Quinn, B., and Walters, H. (2013) *Ten Types of Innovation: The Discipline of Building Breakthroughs*, John Wiley & Sons Inc, New York
- के.सी., बेगम (२०२०) *नवप्रवर्तन र नवप्रवर्तन सूचकाङ्कमा नेपाल*, प्रशासन अनलाइन पत्रिका, १२ असोज २०७

- नवप्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६, अर्थ मन्त्रालय, सिंहदरबार
- बज्राचार्य, दयानन्द (२०६९), विकासका लागि नवप्रवर्तन, नागरिक दैनिक ७ मंसिर २०६९
- *राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६*, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार
- श्रेष्ठ, सुनिलबाबु (२०७८),*समृद्ध नेपाल र नास्ट,* गोरखापत्र दैनिक ४ जेठ २०७८
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकिकृत कार्यविधि, २०७५, अर्थ मन्त्रालय, सिंहदरबार
- http://ideastudio.org.np/
- https://nicnepal.org/


♦

# नेपालमा लैङ्गिक विभेद तथा हिंसाको रोकथामका प्रयासहरू

डा. विष्णुप्रसाद गौतम*



## विषय प्रवेश

सामान्यतया, लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने यौन दुर्व्यवहार एवम् शोषण तथा उत्पीडनलाई बुझाउँदछ। त्यस्तै लैङ्गिक विभेद भन्नाले लिङ्गको आधारमा गरिने भेदभाव, वहिस्करण, असमानता जस्ता विषयवस्तुलाई जनाउँछ भने लैङ्गिक हिंसाले शोषण, उत्पीडन, बलात्कार, हत्या जस्ता विषयवस्तुलाई जनाउँछ। हुनत लैङ्गिक हिंसा भन्नासाथ महिला तथा बालबालिकाहरूलाई लक्षित गरेर हुने क्रियाकलापहरूलाई बुझ्ने गरिए तापनि आजकल महिला र बालबालिकाहरू मात्र होइन, तेस्रो लिङ्गी, समलिङ्गी र पुरुषहरू पनि हिंसाबाट पीडित हुने गरेको सन्दर्भमा यसको दायरा बढ्दै गएको देखिन्छ।

नेपालमा मात्र होइन महिलाहरूले अन्तर्राष्ट्रिय रूपमै विभिन्न समस्याहरू भोगिरहेका हुन्छन्। तथापि, नेपाली महिला तथा बालवालिकाहरूले मात्र कतिपय समस्याहरू झेल्नु पर्ने बाध्यता रहेको मानिन्छ। महिला भएकै कारणले मात्र विभिन्न बहानामा भेदभाव तथा हिंसा हुने गरेको समाचारहरू विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक भएका पनि छन्। यस्तो सम्वेदनशील विषयमा ठोस तथा व्यवस्थित अध्ययन तथा अनुसन्धानको अभावमा, घटना विशेषले जन्माएका व्यक्तिगत विचारलाई सामान्यीकरण गर्दा अर्थको अनर्थ हुन जाने र यसैका कारणले कतिपय पीडित (पात्र) को भावी जीवनमा नकारात्मक प्रभाव पर्न सक्ने सम्भावना पनि हुन्छ। तसर्थ,, लैङ्गिक विभेद तथा हिंसाको बारेमा सामान्य चर्चा गरी लैङ्गिक समानता कायम गर्न गरिएका कानुनी व्यवस्था, विभेद तथा हिंसा हुनसक्ने जोखिमका क्षेत्रको पहिचान र निराकरणका उपायहरूको बारेमा यो आलेख केन्द्रित रहने छ।

---

* *डा. गौतम, युवा तथा साना व्यवसायी स्वरोजगार कोषका निवर्तमान कार्यकारी निर्देशक हुनुहुन्छ।*

## लैङ्गिक हिंसाको अवधारणा र स्वरूप

सामान्य अर्थमा, लिङ्गका आधारमा अरुप्रति गरिने सबै किसिमका विभेद, हिंसा एवम् दुर्व्यवहारलाई लैङ्गिक हिंसा भनिन्छ। लैङ्गिक हिंसा विविध किसिमले अभिव्यक्त हुन सक्दछ तथापि शारीरिक, मानसिक, यौनिक जस्ता माध्यमहरू प्रमुख रूपमा उपयोग गरिएका छन्। त्यसैगरी, लिङ्गका आधारमा हुने दबाब, करकाप, दण्ड सजाय, अपमान, पिडा, तनाव, डर, धाक, धम्की जस्ता विविध पक्षहरू पनि लैङ्गिक हिंसाकै स्वरूप हुन्। लैङ्गिक हिंसा जुनसुकै ठाउँ, समय वा परिस्थितिमा हुन सक्दछ। आजकल लैङ्गिक हिंसा केवल महिला वा बालबालिकामा मात्र सीमित नभएर तेस्रो लिङ्गी, समलिङ्गी तथा पुरुषप्रति पनि लक्षित हुने गरेको देखिन्छ। परम्परागत रूपमा जरा गाडेर बसेको महिला र पुरुषबीचको असमान शक्ति सम्बन्ध, विश्वव्यापी रूपमा आइरहेको परिवर्तन, समानता तथा समावेशीताको चाहना, आधुनिकता र फेसनको नाममा हुने क्रियाकलाप आदिका कारण लैङ्गिक हिंसा फरक फरक रूपमा पनि अभिव्यक्त हुने गर्दछ। अर्कोतर्फ, घरेलु हिंसा, बहुविवाह, सेवा सुविधाबाट वञ्चित गर्ने जस्तै नागरिकता, विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता नहुनु, प्राकृतिक बिपद्मा राहत कार्य नहुनु, स्वास्थ्य सेवामा हेलचेक्र्याही, कार्यस्थलमा गरिने विभेद, यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीति तथा विभेदपूर्ण व्यवहार लगायत लैङ्गिकताका आधारमा हुने अन्य सबै खाले विभेद तथा हिंसाहरू पनि लैङ्गिक हिंसाकै उपज हुन्। लैङ्गिक विभेदले समाजमा नजाँनिदो तरिकाले जरा गाडेर बसेको र धर्म, संस्कार तथा संस्कृति बचाउने नाउँमा स्वीकार गरिएको पनि देखिन्छ।

नेपालमा विशेष गरी लैङ्गिक विभेद तथा हिंसा सिर्जना हुने कारणहरूमा लिङ्ग पहिचान पश्चात गर्भपतन, शिशु हत्या, शारीरिक हिंसा, खाना तथा स्याहार र स्वास्थ्य सुविधाको पहुँचमा विभेद, छोरी, छात्रा र महिला भएकै कारणले, श्रम शोषण, शिक्षा तथा स्वास्थ्यमा लैङ्गिक भेदभाव गरेमा, महिलालाई बेचबिखनमा गरेमा र यौन दुर्व्यवहार, बलात्कार वा जबरजस्ती वेश्यावृत्ति गराएमा हिंसा गरेको मानिन्छ। यसैगरी, बालविवाह, बिना मन्जुरी विवाह, घरेलु हिंसा, वैवाहिक बलात्कार, दाइजो र पेवाजन्य हिंसा, कुटपिट, मानसिक दुर्व्यवहार, एकल महिलामाथि दुव्वहार, डाइन र बोक्सीको आरोप लगाएमा परिवारबाट बहिष्कार, वृद्ध अवस्थामा स्याहार सुसारमा वेवास्ता, अपमान वा गाली गलौज वा शारीरिक वा मानसिक दण्ड सजाय आदि गरेमा लैङ्गिक विभेद तथा हिंसा भएको मानिन्छ।

लैङ्गिक हिंसा हरेक समाजमा विभिन्न स्वरूपमा अभिव्यक्त भएको पाइन्छ। अर्थात् घर परिवारका अग्रजहरूले आफ्ना सन्ततिहरूलाई सुधार गर्ने नाममा, शिक्षक शिक्षिकाले

आफ्ना विद्यार्थीलाई सिकाउने नाममा, प्रशिक्षकहरूले प्रशिक्षण दिने नाममा, कार्यालय प्रमुख वा सुपरीवेक्षकले कार्यसम्पादनको नाममा, श्रीमानले पुरुषत्व देखाउने होडमा र श्रीमतीले सामाजिक रवाफ देखाउने लालसामा लैङ्गिक हिंसालाई नै बढावा दिइरहेका हुन्छन्। संक्षेपमा, लैङ्गिक हिंसालाई **शारीरिक दुर्व्यवहार तथा यातना, मानसिक यातना, यौनजन्य दुर्व्यवहार तथा हिंसा र परम्परागत विभेदपूर्ण हिंसाजन्य प्रचलनहरू गरी** ४ वर्गमा विभाजन गर्ने गरिएको पनि देखिन्छ ।

### (क) शारीरिक दुर्व्यवहार तथा यातना

प्रत्यक्ष वा परोक्ष रूपमा लैङ्गिक कारणबाट ओतप्रोत भई कसैलाई कुटपिट गर्ने, आगोले पोल्ने, घोच्ने, चिमोट्ने वा जीउमा पीडा गराउने, कुरूप पारिदिने, लगायतका विभिन्न हिंसात्मक गतिविधिहरू यस अन्तर्गत पर्दछन। दाइजो नल्याएको निहुँमा जिउँदै जलाउने, बिहे गर्न नमानेका आधारमा एसिड छर्किने, बिना कारण छोरीलाई पिट्ने, कुट्ने, जस्ता दुर्व्यवहार तथा यातना दिने विषय पनि यस अन्तर्गत पर्दछन्।

### (ख) मानसिक यातना

बिभिन्न बहाना बनाएर विभेद गर्ने, अपशब्द प्रयोग गर्ने, गाली गलौज तथा अपमान गर्ने, डर त्रास तथा धम्की दिने कार्य प्रत्यक्ष रूपमा हुने गरेका छन् भने परोक्ष रूपमा डर, त्रास, झुटा आरोप लगाएर र मानसिक चोट पुर्याउने कार्यहरू हुने गरेका छन्। यसैगरी संस्कृति वा परम्परा धान्ने नाममा पनि मानसिक यातना दिने काम निरन्तर भइरहेको देखिन्छ।

### (ग) यौनजन्य दुर्व्यवहार तथा हिंसा

लैङ्गिक हिंसाको स्वरूपमध्ये यौनजन्य दुर्व्यवहार वा यौन हिंसालाई जघन्य अपराध मानिन्छ। शरीरका विभिन्न भागमा स्पर्श गर्ने, समाउने, जबरजस्ती गर्ने, यौन शोषण तथा बलात्कार गर्ने र अपराध लुकाउन हत्या गर्ने जस्ता जघन्य अपराध हुने गरेका तथ्यहरू बेलाबेलामा सार्वजनिक हुदै आएका छन्।

### (घ) विभेदपूर्ण हिंसाजन्य प्रचलनहरू

बालविवाह, बहुविवाह, दाइजो प्रथा, देउकी, बोक्सीको आरोप एवम् छाउपडी प्रथा जस्ता कुप्रथा एवम् गलत अभ्यासहरूले लैङ्गिक विभेद तथा हिंसाका घटनाहरूलाई बढावा दिइरहेको पाइन्छ। लैङ्गिक हिंसाका स्वरूपहरू विभिन्न समयमा फरक फरक रूपमा पनि देखिने गरेका छन्। जुनसुकै स्वरूपमा एवम् जुनसुकै लिङ्ग वा व्यक्तिप्रति लक्षित भए तापनि लैङ्गिक विभेद तथा हिंसा भनेको मानव समाजको एउटा कलंक हो।

## लैङ्गिक समानतासम्बन्धी कानूनी व्यवस्था

नेपालले २२ अप्रिल १९९१ तदअनुसार ५ चैत २०४८ मा **महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि**लाई अनुमोदन गरेको हो। महिला विरुद्धमा सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी यस महासन्धिले महिला विरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरू अपनाइ र विलम्ब नगरी महिला विरुद्धको भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न महासन्धीका पक्ष राष्ट्रहरूलाई बाध्यकारी बनाएको छ। यही महान्धिमा "महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल" समेत रहेको पाइन्छ। **महिला विरुद्व भेदभाव उन्मुलन समितिको सिफारिस नं. १९ मा** यौन दुर्व्यवहार अन्तर्गत शब्द वा कार्यद्वारा देखाइने अश्लिलता, अवान्छित यौनिकता, शारीरिक सम्पर्क, यौनसम्बन्धी टिप्पणी र यौन माग आदि समावेश रहेका हुन्छन् भनिएको छ। त्यस्तै **अन्तर्राष्ट्रिय श्रम संगठनको हिंसा तथा उत्पीडन महासन्धि, २०१९ मा** कामको सिलसिलामा हुने हिंसा उत्पीडनलाई रोक्ने र उन्मूलन गर्ने उद्देश्यले, काम गर्ने बेलामा भएका आधारभूत सिद्धान्त र अधिकारको सम्मान, संवर्द्धन र साकार गर्न, संघसंस्थाको स्वतन्त्रता र सामूहिक सौदाबाजी (बार्गेनिङ) को अधिकारको प्रभावकारी मान्यता, सबै प्रकारका जबर्जस्ती वा अनिवार्य श्रमको उन्मूलन, बालश्रमको प्रभावकारी उन्मूलन र रोजगारी र पेशाको सन्दर्भमा विभेदको उन्मूलन गर्न राष्ट्रले खेल्न सक्ने भूमिकाको बारेमा व्याख्या गरिएको छ। यसको अतिरिक्त, **राष्ट्र सङघीय महिला विरुद्व हिंसा उन्मूलन सम्बन्धी घोषणा पत्र, १९९३ र अन्तर्राष्ट्रिय श्रम संगठनको भेदभाव (रोजगारी र पेशा) महासन्धि, १९५८ मा पनि** बलात्कार, यौन दुर्व्यवहार, काम गर्ने ठाउँमा हुने यौन दुर्व्यवहार तथा धम्की, महिला बेचबिखन र जबर्जस्ती वेश्यावृत्ति र रोजगारी र पेशामा हुने भेदभावलाई परिभाषित गर्दै सबै किसिमको भेदभाव निर्मूल गर्ने विषयमा जोड दिइएको छ।

**नेपालको संविधान, २०७२** को प्रस्तावनामा "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीच एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्वता, सहिष्णुता र सद्भावनालाई संरक्षण एवम् प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि र सामजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै" भन्ने स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसका साथै लैङ्गिक समानता कायम गर्ने सम्बन्धमा धारा १८ मा सबै नागरीक कानूनको दृष्टिमा समान हुने साथै समान कामका लागि लैङ्गिक

आधारमा पारिश्रमिकमा कुनै भेदभाव गरिने छैन, धारा २१ मा कानुन बमोजिम सामाजिक पुनः स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ, धारा २४ मा सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य गम्भीर कार्य सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने, धारा २९ मा कसैलाई पनि निजको इच्छा विरुद्व काममा लगाउन पाइने छैन भनी सबै प्रकारका शोषणलाई प्रतिवन्ध लगाइएको छ। यसैगरी, धारा ३८ ले महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणलाई निषेध गरेको छ भने धारा ३९ ले समेत बालबालिकालाई शारिरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन निषेध गरेको छ ।

लैङ्गिक विभेद तथा हिंसाको रोकथाम तथा निवारणका लागि **मुलुकी अपराध संहिता, २०७४** अन्तर्गत दफा १६० मा भेदभावपूर्ण व्यवहार गर्न नहुने, दफा १६२ मा जवर्जस्ती काममा लगाउन नहुने, दफा १६७ मा यातना दिन नहुने र दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने व्यवस्था गरेको छ भने त्यस्तो कसुर गर्ने व्यक्तिलाई तोकिएको कैद र जरिबाना हुने व्यवस्था समेत गरेको छ। त्यस्तै दफा १९१ मा कुटपिट गर्न नहुने, दफा १९२ मा अङ्गभङ्ग गर्न नहुने, दफा १९३ मा तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरूप पार्न नहुने, दफा १९४ मा गम्भीर उत्तेजना वा रीसको आवेशबाट कुटपिट वा अङ्गभङ्ग गर्न नहुने, दफा १९५ मा लापर्वाहीपूर्ण काम गरी वा हेलचक्र्याँई गरी कुटपिट गर्न वा अङ्गभङ्ग वा अन्य चोट पुर्याउन नहुने र दफा १९६ मा आपराधिक बल प्रयोग गर्न नहुने, दफा २१९ मा जवर्जस्ती करणी गर्न नहुने, दफा २२४ मा यौन दुर्व्यवहार गर्न नहुने, दफा २२५ मा बालयौन दुरूपयोग गर्न नहुने र दफा २२६ मा अप्राकृतिक मैथुन गर्न नहुने व्यवस्था रहेको छ भने त्यस्तो कसुर गर्ने व्यक्तिलाई तोकिएको कैद र जरिबाना वा दुवै हुने व्यवस्था गरेको छ।

**मुलुकी देवानी संहिता, २०७४** को दफा १७ मा कानुनको दृष्टिमा समान हुने, दफा १८ मा भेदभाव गर्न नपाइने भन्ने व्यवस्था रहेको छ। सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै आधारमा भेदभाव नगरिने र त्यस्तो आधारमा कुनै पनि व्यक्तिलाई सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा आफ्नो इच्छा अनुसारको धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने समान कामका लागि लैङ्गिक

आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने र सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने र कुनै पनि व्यक्तिलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाउन नपाइने जस्ता व्यवस्था गरिएको छ।

## लैङ्गिक समानता कायम गर्नका लागि गरिएका प्रयासहरू

नेपालमा योजनाबद्ध विकास प्रयासको थालनी वि.स. २०१३ देखि भए तापनि छैठौं पञ्चवर्षीय योजना (२०३७–२०४२) देखि योजनाबद्ध रूपमा महिलाहरूको अवस्थामा सुधार ल्याउने प्रयासहरू सुरु भएको पाइन्छ। छैठौं योजनामा शिक्षा, साक्षरता, स्वास्थ्य, परिवार नियोजन जस्ता कार्यक्रमहरूमा महिला सहभागिता बढाई उनीहरूको क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिएको पाइन्छ (प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (२०६९)। वि.स. २०४६ सालमा भएको प्रजातन्त्रको पुनर्स्थापना र वि.सं. २०६५ सालमा भएको गणतन्त्रको स्थापना पछि लैङ्गिक समानता, महिला सशक्तिकरण लगायत समावेशीता एवम् सहभागिता सबै किसिमका नीति तथा कार्यक्रममा विभेदको अन्त्य गर्ने कुरालाई विशेष जोड दिइएको पाइन्छ।

लैङ्गिक हिंसाविरुद्ध नयाँ सोच र फरक कार्यशैलीका साथ एकीकृत अभियानको थालनी गर्न नेपाल सरकारले मिति २०६६ भाद्र २६ गते सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्ध वर्षका रूपमा घोषणा गरी राष्ट्रिय कार्ययोजना तयार गरेर सोको कार्यान्वयन गर्ने काम सुरु गरेको थियो। त्यस्तै, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ पारित गरिनु, सोको नियमावली, २०६७ तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु, लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरिनु र सोको नियमावली तर्जुमा गरिनु पनि उपर्युक्त अभियानकै निरन्तरता हो। यसैगरी, पछिल्लो अवधिमा लैङ्गिक हिंसाको विषयलाई प्राथमिकतामा राखी केन्द्र तथा स्थानीय तहबाट सचेतना र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न थालिएका छन्। अर्कोतर्फ, अन्तर मन्त्रालयस्तरीय समिति, सल्लाहकार समूह, लैङ्गिक हिंसाविरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन एकाईको स्थापना गर्ने, अनुगमन गर्ने व्यवस्था पनि गरिएको छ (प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (२०६९)।

यौनजन्य तथा लैङ्गिक हिंसाका घटनाहरूमा महिला तथा बालबालिकाहरूको न्यायमा पहुँच गराउनका लागि नेपाल प्रहरी अन्तर्गत महिला तथा बालबालिका सेवा निर्देशनालयको

स्थापना गरिएको छ। यस अन्तर्गत देशका सबै जिल्लालाई समेट्ने गरी २४० ओटा महिला तथा बालबालिका सेवा केन्द्रहरूको विस्तार गरिएको छ। अर्कोतर्फ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत करीव १८ ओटा अस्पतालहरूमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरू स्थापना गरिएको छ। यस्ता केन्द्रहरूबाट विशेष गरी यौनजन्य तथा लैङ्गिक हिंसा पीडित महिलाहरूलाई स्वास्थ्य र आवासगृह, मनोसामाजिक परामर्श, पुनर्स्थापना र परिवारसँगको मिलनमा सहयोगका साथै कानुनी परामर्शजस्ता अन्य सेवाहरूमा पहुँच दिलाउन आवश्यक सहयोग गर्ने उद्देश्य रहेको छ। यस्तै सरकारले स्थापना गरेको लैङ्गिक हिंसा राहत (सञ्चालन) कोषले यौनजन्य तथा लैङ्गिक हिंसाका प्रभावितहरूलाई राहत सेवा वितरण गर्न समेत सहयोग गर्दछ। साथै, मानव अधिकारको साथै अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा राज्यले गरेका प्रतिबद्धता र सबै समुदायको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण, लैङ्गिक रूपले समावेशी र समतामूलक समाज निर्माण गर्ने र लैङ्गिकतामा आधारित हिंसा एवम् विभेदको अन्त्य गर्ने मूलभूत उद्देश्यहरू राखिएका छन्।

## लैङ्गिक हिंसाको रोकथाम तथा निराकरणका लागि सुझावहरू

नेपालमा गरीबी, अशिक्षा, कुरीति, कुसंस्कार, पितृसत्तात्मक सोच, भेदभाव जस्ता कारणहरूले गर्दा समाजमा पिछडिएका तथा सीमान्तकृत वर्ग र खासगरी महिलामाथि भेदभाव तथा हिंसाका घटनाहरू भरइ रहेको मानिन्छ। लैङ्गिक हिंसा जुनसुकै रूपमा अभिव्यक्त भए तापनि यो नैतिकताका दृष्टिमा अनैतिक, कानूनी दृष्टिमा गैरकानूनी अपराध र मानवअधिकारको दृष्टिमा अमानवीय र स्वतन्त्रताको ठाडो उल्लंघन समेत हो। यसले व्यक्ति, परिवार, समुदाय एवम् राज्यलाई ठूलो नोक्सान पुर्याउँछ। विगत केही समयदेखि लैङ्गिक हिंसा र भेदभावको अन्त्य गरी समाजमा रहेका पिछडिएका र सीमान्तकृत वर्ग तथा समुदाय, खासगरी महिला, बालबालिकाहरूको सशक्तीकरण गर्दै समावेशी राज्य निर्माणको सवाललाई प्राथमिकता दिइएको छ। यद्यपि यस्ता समस्याहरूले परम्परागत रूपमा जरा गाडिसकेको हुनाले उन्मुक्ति पाउनका लागि देहाय बमोजिम सुझावहरू प्रस्तुत गरिएको छः

- कूल जनसङ्ख्याको ५१ प्रतिशतभन्दा बढी हिस्सा ओगटेका महिलाहरूको आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा सहभागिता, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा आदिमा समावेशिता र अवसरहरूको समान वितरणमा सुनिश्चितता हुने गरी दिगो विकासका क्रियाकलापमा जोड दिनुपर्ने।
- नेपालमा गरिबी र अशिक्षाका कारणहरूले गर्दा एकातर्फ महिलामाथि हुने हिंसाले बढावा हुँदै गएको मान्न सकिन्छ भने अर्कोतर्फ पुरातन सामाजिक सोचहरूमा परिवर्तन आउन

नसक्दा परम्परादेखि भइरहेका विभिन्न भेदभाव र हिंसाका घटनामा कमी आउन सकेको छैन। त्यस्तै, विश्व मानचित्रमा नेपालको छवि उच्च बनाउन चेलिबेटी बेचविखन र हिंसाको समूल अन्त्य हुनुपर्ने जरूरी छ।

- लैङ्गिक हिंसाविरुद्ध तर्जुमा गरीएका ऐन, कानुन तथा कार्ययोजनाको कार्यान्वयनबाट केही नीतिगत तथा संरचनागत उपलब्धि हासिल भए तापनि लैङ्गिक हिंसा र लैङ्गिक विभेद सामाजिक विकृतिजन्य समस्या भएकोले ती उपलब्धि मात्रले परम्परागत रूपमा जरा गाडेर बसेको यस्तो समस्यालाई सम्बोधन गर्न सक्ने कुरै भएन। हाल बनेका नीति, कानुन तथा संरचनाहरूलाई सक्रियताका साथ अगाडि बढाएर चाहेको उपलब्धि हासिल गर्न पर्याप्त कार्यक्रम तथा आर्थिक श्रोत तथा प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने प्रतिबद्धताको जरुरत छ।
- समय परिवर्तनसँगै हिंसाका स्वरूप तथा अपराधहरूको स्वरूपमा पनि परिवर्तन हुँदै जाने हुन्छ। त्यसैले चाहे आधुनिकताको नाममा सजिलै पचाई दिने लैङ्गिक दुर्व्यवहार र हिंसा होस्, चाहे यस्ता व्यवहार गर्ने आफन्त, ठूलाबडा वा प्रतिष्ठित व्यक्तिलाई जोगाउने प्रपञ्च होस्, त्यस्ता सबै क्रियाकलापहरूलाई रोक्नका लागि विशेष पहलको सुरुवात गर्न आवश्यक छ।
- लैङ्गिक विभेद, दुर्व्यवहार र हिंसाको रोकथाम तथा निराकरणका लागि जनचेतना जगाउने, प्रचार प्रसार गर्ने र विभिन्न निकायहरूको बीचमा सहकार्य र समन्वयमा जोड दिन आवश्यक छ।
- कुनै पनि व्यक्तिले लैङ्गिक विभेद, दुर्व्यवहार वा लैङ्गिक हिंसाको शिकार हुन नपरोस् र यस्तो घटना भइहालेमा तत्कालै न्यायको प्रत्याभूति गराउने गरी विद्यमान संवैधानिक एवम् कानूनी व्यवस्थाहरूको सही कार्यान्वयनक लागि ठोस पहल गर्न आवश्यक छ।
- महिला विरुद्ध हुने हिंसा वा विभेद महिलाको मात्र समस्या होइन। यो यस्तो सम्वेदनशील विषय हो, जसले एउटा परिवार वा समाजको मात्र नभई समग्र राष्ट्रको प्रतिष्ठालाई प्रतिनिधित्व गर्दछ। तसर्थ,, महिलामाथि हुने भेदभाव र हिंसालाई अन्त्य गर्न राज्यको साथै समाजमा रहेका सबै वर्ग र तहको सार्थक प्रयास र उचित समन्वयको आवश्यकता रहेको छ।

## निष्कर्ष

विश्वका अधिकांश देशहरूको साथै नेपालमा पनि लैङ्गिक हिंसाको रोकथाम तथा निराकरण गर्नका लागि नीतिगत, कानूनी र संस्थागत व्यवस्थाहरू गरिएका छन्। त्यस्तै, नेपाली

समाजमा विद्यमान लैङ्गिक हिंसाका विविध स्वरूपहरूलाई पहिचान गरी यस्ता घटना हुन नदिन, भएमा तत्काल कारवाही गर्न र दीर्घकालीन रूपमा यसलाई समाधान गर्न विगतमा गरिएका प्रयासले महत्त्वपूर्ण उपलब्धि हासिल नभएको पनि होइन। नेपाली समाजमा लामो समयदेखि जरा गाडेर मौलाराइरहेको विभेद र हिंसाजन्य यस्तो लैङ्गिक समस्यालाई समग्रमा सम्बोधन गर्नका लागि थप प्रयास आवश्यक छ। किनकि महिला विरुद्ध हुने हिंसा वा विभेद महिलाको मात्र समस्या होइन। यो यस्तो सम्वेदनशील विषय हो, जसले एउटा परिवार वा समाजको मात्र नभई समग्र राष्ट्रको प्रतिष्ठालाई प्रतिनिधित्व गर्दछ। त्यसैले यसको समाधानका लागि सबैको प्रयास जरुरी हुन्छ।

लैङ्गिक हिंसासम्बन्धी विषय जति विस्तृत र गहन छ त्यति नै सम्वेदनशील पनि छ। सिलसिलामा हुनसक्ने लैङ्गिक हिंसासम्बन्धी जोखिमलाई पहिचान तथा रोकथाम गर्ने, लैङ्गिक हिंसासम्बन्धी कुनै पनि घटना भएमा सोको निदान तथा तत्काल व्यवस्थापन गर्ने र भविश्यमा सकेसम्म यस्ता घटनाहरू दोहोरिन नदिने गरी नयाँ कानूनी व्यवस्थाहरूको तर्जुमा गर्ने वा भएका कानुनी व्यवस्थाहरूमा सुधार गर्न अपरिहार्य हुन्छ। त्यस्तै यौनजन्य तथा लैङ्गिक हिंसाबाट संरक्षण गर्नका लागि लैङ्गिक समानता र महिलाहरूको समावेशिता सुनिश्चितता गर्नका लागि भएका संयन्त्रहरूको समेत सही परिचालन हुन आवश्यक छ। अर्कोतर्फ, लैङ्गिक हिंसा आफैंमा सम्वेदनशील विषय हो। यस्तो विषयमा गरिने एकाध संक्षिप्त अध्ययन एवम् विश्लेषणबाट समस्याको दायरा र गहिराइलाई पहिचान गर्न कठिन हुन्छ। तसर्थ,, यस्तो सामाजिक विकृतिजन्य समस्याको पहिचान र निराकरण गर्न थप अध्ययन तथा विश्लेषणको आवश्यकता छ भने यो विषय व्यवहारजन्य र भोगाई/अनुभवमा आधारित भएकोले यसले विशेष खालको अध्ययन विधि, पर्याप्त समय र प्रक्रियाको माग गर्दछ। तसर्थ, यस्तो समस्याको चुरो पहिल्याई सम्पूर्ण रूपमा निराकरण गर्नका लागि विस्तृत अध्ययनको आवश्यकता रहेको छ ।

## सन्दर्भ सामग्रीहरु


- अर्थ मन्त्रालय (२०७७ क). आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्य. काठमाडौं, नेपाल सरकार, अर्थ मन्त्रालय।
- अर्थ मन्त्रालय (२०७७ ख). आर्थिक सर्वेक्षण, २०७६।७७. काठमाडौं, नेपाल सरकार, अर्थ मन्त्रालय।
- नेपाल राष्ट्र बैंक (२०७७). कोभिड–१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन, नेपाल राष्ट्र बैंक।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०६९), लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/०७०-२००७४), नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
- राष्ट्रिय योजना आयोग (२०७५). पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/७७ २०८०/८१) आधार पत्र  नेपाल सरकार, राष्ट्रिय योजना आयोग।
- Asia Foundation (2010). NEPAL Preliminary Mapping of Gender Based Violence. Available at: https://namati.org/resources/nepal-preliminary-mapping-of-gender-based-violence/
- International Federation of Red Cross and Red Crescent Societies (2017). Effective law and Policy on gender equality and protection from sexual and gender-based violence in disasters–Nepal Country Case Study. Available at: https://reliefweb.int/report/nepal/effective-law-and-policy-gender-equality-and-protection-sexual-and-gender-based
- Joshi, Sunil Kumar (2008). Violence Against Women in Nepal. Available at: https://www.researchgate.net/publication/228154733_Violence_Against_Women_in_Nepal
- Mishra, Sunil Kumar and Vikas Dubey (2020). Experience of Domestic Violence in India: Prevalence and Variation among Different Socio-Economic Status Groups. Available at: http://www.ihdindia.org/pdf/Experience-Domestic-Violence-India-Sunil-Kumar-Mishra.pdf
- Sharma, B. R.; Manisha Gupta (2004). Gender Based Violence in India - A Never-ending Phenomenon Journal of International Women's Studies Vol. 6 #1 November 2004 Available at: https://vc.bridgew.edu/cgi/viewcontent.cgi?article.1485&context.jiws
- UNFPA (2013). Tracking Cases of Gender-Based Violence in Nepal: Individual, institutional, legal and policy analyses. Available at: https://nepal.unfpa.org/sites/default/files/pub.pdf/TrackingCasesofGBV.pdf
- UNWOMEN (2021), Convention on the Elimination of All Forms of Discrimination Against Women, 1979. The United Nations Entity for Gender Equality and the Empowerment of Women Available at: https://www.un.org/womenwatch/daw/cedaw/cedaw.htm


♦

# राष्ट्रनिर्माणमा युवाको भूमिका

**बसन्तराज अधिकारी***



नेपालको संविधान, २०७२ को भाग १, प्रारम्भिक धारा ३ मा "राष्ट्र" भन्नाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भनिएको छ। यस्तै गरि धारा ४ मा नेपाल राज्य भन्नाले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। यस धाराको प्रयोजनको लागि "धर्मनिरपेक्ष" भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ भनिएको छ।

## संविधानमा युवासम्बन्धीको व्यवस्था

नेपालको संविधान, २०७२ को भाग ३ मा मौलिक हक र कर्तव्य, धारा ४२ मा सामाजिक न्यायको हक, उपधारा (१) मा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत, मुश्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भनिएको छ। राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ राज्यका नीतिहरू खण्ड (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति अन्तर्गत उपखण्ड (७) मा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी

---

* *श्री अधिकारी, नेपाल सरकारका उपसचिव हुनुहुन्छ।*

लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने भन्ने व्यवस्था रहेको छ।

प्रत्येक वर्ष अगष्ट १२ का दिन अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिन्छ। संसारमा विभिन्न जाति, भाषा, धर्म, क्षेत्र र समुदायका आ-आफ्नै संस्कृति र रीतिरिवाज, मूल्य मान्यताहरू रहेका छन्। यिनीहरू भित्रबाटै केहिलाई विशिष्टीकृत गर्दै तिनलाई चाडपर्व, महोत्सव अथवा दिवसका रूपमा मान्यता दिइएको हुन्छ। जसलाई खुसी साट्ने माध्यम वा साझा थलोका रूपमा लिइन्छ। यही प्रचलनको मुर्तरूपमा एउटा अंगका रूपमा समेत विश्व जगतमा स्वीकार गरेको दिवस हो अन्तर्राष्ट्रिय युवा दिवस।

सरल अर्थमा भन्दा व्यक्तिलाई उमेरका आधारमा गरिने पहिचान वा बाल्यावस्था पार गरिसकेका र प्रौढावस्थामा पुगिनसकेका समूहका व्यक्तिलाई युवा भनिन्छ। युवा त्यो उमेर समूह हो जसमा राष्ट्रको भविष्य, वर्तमानका साझेदार तथा समृद्धिको अग्रसंवाहक बन्ने शक्ति र सामर्थ्य लुकेको हुन्छ। संयुक्त राष्ट्र संघको सन् १९९९ को महासभाको निर्णयले प्रत्येक वर्ष अन्तर्राष्ट्रिय रूपमा युवा दिवस मनाउन थालिएको छ।

## नेपालमा युवाको अवस्था

नेपालको राष्ट्रिय युवा नीति, २०७२ र राष्ट्रिय युवा परिषद् ऐन २०७२ को परिभाषामा १६ देखि ४० वर्ष उमेर समुहको व्यक्तिलाई युवा मानिन्छ। नेपालमा वि.सं. २०६८ को जनगणना अनुसार १६ देखि ४० वर्षको उमेर समुहका मानिसको जनसंख्या ४०.३५ प्रतिशत (१ करोड सात लाख जना) रहेको छ। शिक्षा मन्त्रालयको खेलकुद तथा युवा शाखामा सीमित रहेको नेपालले भने मुस्किलले सन् २००४ देखि युवा दिवस मनाउन थालेको थियो। हाल युवावर्गको नेतृत्वदायी भुमिकामा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय रहेको छ। यस मन्त्रालय अन्तर्गत युवा विकास महाशाखा र अन्तर्गत युवा परिचालन तथा परामर्श शाखा सक्रियता भुमिकामा रहेका छन्। मन्त्रालय अन्तर्गत राष्ट्रियस्तरका सँगठनहरू राष्ट्रिय युवा परिषद् र नेपाल स्काउट जस्ता संस्थाहरू क्रियाशील छन्।

राष्ट्रिय युवा नीति, कार्यान्वयनका लागि युथ भिजन-२०२५ निर्माण हुनु, राष्ट्रिय युवा परिषद् गठन हुनु युवाको लागि निश्चय नै सुखदको विषय हो। स्थानीय तहमा करिब ३९.६४ प्रतिशत (नगर प्रमुख १७.७४ प्रतिशत, उपप्रमुख ३७.८८ प्रतिशत गाउँपालिकाका अध्यक्ष २४.३४ प्रतिशत उपाध्यक्ष ५१.५२ प्रतिशत), प्रदेश तहमा २३.६३ र राष्ट्रिय सभा ६.७७

प्रतिशत र प्रतिनिधि सभामा १३.०९ प्रतिशत युवाको प्रतिनिधित्व भएको हुँदा राष्ट्रिय सभा बाहेक अन्यमा उत्साहजनक सहभागिता देखिन्छ।

वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार देशमा १९.२ प्रतिशत युवा पूर्णबेरोजगार छन्। ३६ प्रतिशतभन्दा बढी युवा अर्धबेरोजगार छन् भने प्रत्येक वर्ष ४ लाख ५० हजार युवा श्रम गर्न सक्षम हुँदै श्रम बजारमा प्रवेश गर्छन्।

## वर्तमान नेतृत्व र युवावर्गको भविष्य

एउटा प्रचलित लोकोक्ती यहाँ उल्लेख गर्न सान्दर्भिक देख्दछु, "तन्नेरीहरू चाडै तिरस्कार गर्छन् र तुरुन्तै बिर्सिन्छन् तर बूढापाकाहरू ढिलो तिरस्कार गर्छन् र ढिलै बिर्सिन्छन्।" समृद्धिको नाममा एउटै विषयलाई लिएर घोत्लीरहने, सही समयमा सही निर्णय नसक्ने र विकल्पहरू मध्येको उत्तम विकल्प खोज्न नसक्ने कुनै पनि नेतृत्वलाई आजको सन्दर्भमा युवामैत्री मान्न सकिन्न। वास्तवमा कुनै समयमा युवा नरहेको व्यक्ति वृद्ध हुनै सक्दैन तर सवाल के हो भने हामी त्यो समयमा रहँदा भावी पुस्तालाई ठोस योगदान के गर्न सक्यौं, देशको लागि बलिदान गरेका सहिदको सपनालाई के कति हदसम्म पूरा गर्न सक्यौं र आगामी पुस्तालाई के कस्ता उपहार दिन सक्यौं भन्ने हो।

नेतृत्वसँग स्पष्ट दुरदृष्टि (Clear Vision) हुनुपर्छ। दुरदर्शिता नै नेतृत्वको सामर्थ्य हो। दुरदृष्टि (Vision) लाई विशेष काम (Mission) मा परिणत गरी रणनीतिक योजना (Strategic plan) तय गरी लक्ष्य (Goal) प्राप्तिका लागि अगाडि बढनु पर्दछ। वैदेशिक रोजगारीमा मात्र सपना र भाग्य नखोजी योजनाबद्ध रूपमा समयावधि र बजेट सहितको कार्ययोजना (Action Plan) सहित अगाडि बढनुपर्दछ। आफ्नै मुलुकको स्थानीय स्रोत, साधन र सामर्थ्यबाट अगाडि बढने दृढता हुनु र उदाहरणीय रूपमा परिवर्तनको संवाहक (Catalistic) भएर कार्य गर्ने जिम्मेवारी युवावर्गको काँधमा रहन्छ। युवा यस्तो वर्ग हो जस्को मस्तिष्कमा समझदारी, हृदयमा इमान्दारी र काँधमा जिम्मेवारी हुनुपर्दछ।

## राष्ट्रनिर्माणमा युवावर्गको भुमिका

राजनीतिज्ञ तथा प्राध्यापक गार्नरको भनाईमा "राष्ट्र" हुनको लागि भूगोल, जनसंख्या, सरकार, सार्वभौमसत्ता गरी चारओटा तत्व आवश्यक ठानेका छन्। अन्य राजनीतिज्ञहरूले यी चार तत्वमा अन्तर्राष्ट्रिय मान्यतालाईसमेत आवश्यक तत्वको रूपमा लिने गरेका छन्। भारत वर्षका महान राजनीतिज्ञ कौटिल्यले राज्यको सप्ताङ्ग सिद्धान्तमा स्वामी, अमात्य, जनपद, दुर्ग,

कोष, दण्ड र मित्र उल्लेख गरेका छन्। माध्यमिक कालको उत्तरार्धदेखि देखिएको अन्तर्राष्ट्रवादको बहस प्रारम्भ आजको एक्काईसौं शताब्दीको विश्वलाई विश्वव्यापीकरणले राष्ट्रिय सीमालाई साँगुरो पार्न खोजेको छ। प्रत्येक परिवारलाई घरको आवश्यकता परे जस्तैः राष्ट्र र राष्ट्रियता एक अन्योन्यासृत तत्वको रूपमा रहेको यसको महत्त्व अग्रगामी रहेको छ। आफ्नो घरको आन्तरिक र बाह्य वातावरण रेखदेख, हेरचाह, बनावट, विस्तार, सरसुविधा बढाए जस्तैः राष्ट्रनिर्माण प्रत्येक नागरिकको आस्था, स्वकर्तव्य र परमधर्म पनि हो भन्दा अत्युक्ति नहोला। परन्तु, हिजोआज यस गहन विषयलाई आत्मबोध नगरी गुटबन्दी, स्वार्थान्धता, संकीर्ण चिन्तन हत्या, हिंसा, आतंक जस्ता कुकृत्यबाट माथि उठी एक सचेत नैतिकवान, इमानदार र कर्तव्यबोध, राष्ट्रप्रति बफादार नागरिकको भूमिका निर्वाह गर्नुपर्दछ। नाबालक र वृद्ध बाहेक वालिग र वयस्क परिपक्व र सक्रिय जनशक्ति नै युवावर्ग हो। राष्ट्रनिर्माण सुदूरअतित देखि निवर्तमान र उत्तर भविष्यको गतिशील आयाम हो। यो एउटा नियमित प्रक्रिया हो। विकास, उन्नति, संस्कार, संस्कृति, जनचेतना, मूल्य मान्यताको समग्र पुष्पगुच्छा हो राष्ट्रनिर्माण। राष्ट्रनिर्माण शान्ति, समुन्नति, समृद्धि र विकास हो। सहयोगीदेखि सरकार प्रमुख तथा राष्ट्रप्रमुखसम्म श्रमिक मजदुरदेखि बुद्धिजीवी प्राज्ञसम्मको अहं भुमिका राष्ट्रनिर्माणमा प्रतिबिम्बित रहेको हुन्छ। आफुले टेकेको धर्तीलाई माया गर्नु, सुन्दर शान्त र वैभवले सम्पन्न गर्न योगदान गर्नु सारमा राष्ट्रबाट मैले के पाएँभन्दा पनि राष्ट्रलाई मैले के दिन सकें भन्ने आत्म समिक्षाको सार्थक मुल्यांकनसहित यस अग्रगामी दिशातर्फ क्रियाशील हुन खोज्नेहरूको नैसर्गिक हक र कर्तव्यबोध नै राष्ट्रनिर्माण कर्ताहरूमा हुन्छ।

युवावर्ग राष्ट्रको मेरुदण्ड हो, अनन्त सिर्जनाको स्रोत र सम्भावना हो अनि राष्ट्र हाँक्ने सारथि पनि हो। यो वर्ग जति ज्ञान, सीप, क्षमता, सामर्थ्य, विचार र दृढतामा परिपक्व स्वप्नद्रष्टा बन्दछ त्यतिनै राष्ट्र गतिशीलता र अग्रगामी बन्ने विषयमा द्विमत छैन। तसर्थ, राष्ट्रनिर्माणको सम्बन्धमा युवावर्गको गहन भूमिकालाई सूक्ष्म रूपले देहायका बुँदाहरूमा केलाउँदा सान्दर्भिक होला ।

- समाजमा जान्ने, बुझ्ने, अनुभवी, परिपक्व, बुज्रुग व्यक्तिको अनुभव र ज्ञान र विचारलाई ग्रहण गर्दै राष्ट्र निर्माणको महान कार्यमा अगाडि बढ्नु पर्दछ।

- युवाको ज्ञान, सीप र क्षमतालाई विशिष्ट उद्देश्यका साथ उपयोग गर्दै नवीन तथ्यहरूको शोधखोजमूलक जानकारी सहित अन्य विषय क्षेत्र तथा सवालहरूमा युवावर्गको नेतृत्वदायी भूमिका हुनुपर्दछ।

- विभिन्न क्षेत्रमा उच्चतम योगदान दिएका विज्ञ जनशक्तिको (Thinktanks) योग्यता, क्षमता, जागरुकता, सीप, अनुभव जस्ता उत्तम गुणहरूलाई आजका युवाले ग्रहण गर्दै राष्ट्रनिर्माणमा सहभागी हुनुपर्छ।

- असल संस्कार र संस्कृतिको संरक्षण, सम्बर्द्धन गर्न जाति, भाषा, धर्म, संस्कृति, रीतिरिवाज , मूल्य मान्यता र प्रचलनमा युवा सदैव सचेत रहि अन्धविश्वास, रुढीवादी र परसंस्कृति ग्रहण जस्ता कुराहरूमा होशियारीपूर्वक खबरदारी गर्न युवाले नेतृत्व लिनुपर्छ।

- समाजमा विद्यमान कुसंस्कार, कुरीति, आडम्बरी, पुर्वाग्रहको भावनालाई परिवर्तन गर्न युवा सदैव सकारात्मक, आशावादी, चिन्तनशील, अध्यात्मिक एवम् दृढ आत्मशक्तियुक्त हुनुपर्दछ।

- सामाजिक विकासमा अग्रणीस्थान राख्ने विषयहरू शिक्षा, स्वास्थ्य, विकास निर्माणमा दत्तचित्त रहि तनमन धनबाट समर्पित बन्नु पर्दछ ।

- युवालाई योजनाबद्ध ढंगले सिर्जनात्मक र सीपमूलक कार्यमा लगाएमा राष्ट्रको सर्वाङ्गिण विकास निर्माणको रेखांकन हुन सक्छ।

- धूम्रपान, मद्यपान, व्यविचार, कुलत आदि विकारजन्य मोहपाशबाट युवालाई टाढा राखी व्यक्तित्व विकास, रचनात्मक र सिर्जनात्मक कार्य गर्न युवावर्गहरूलाई हर्दम तम्तयार राख्नुपर्छ ।

- युवावर्ग राष्ट्रनिर्माण कर्ता भएकोले युवा बन्नुअधि नै यिनलाई उचित ज्ञान दिई असल चरित्र निर्माण एवम् असल व्यवहारमा अभ्यस्त गराउनु नेतृत्व तहमा रहेका प्रबुद्ध वर्ग, राष्ट्र सेवक, सचेत नागरिक आदि सबैको कर्तव्य हुन्छ।

- विचारले व्यवहार बदलिन्छ, व्यवहार आफैमा एउटा सत्प्रयास हो। तसर्थ, आजका समस्त युवा मुलुकको शान्ति, स्थिरता र विकासका लागि पुनित कार्यमा मन, वचन र कर्मले लाग्नुपर्छ।

- बेरोजगारी र गरिबी, युवावर्गको प्रमुख चुनौती हो, यसलाई अवसरमा बदल्न स्वरोजगारी, आय आर्जन, मेहनत र परिश्रम महत्त्वपूर्ण हुन्छ। यसका लागि युवा सधैं तत्पर रहनु पर्छ।

- युवाले समयको सदुपयोग गरी राष्ट्र निर्माणको कुनै न कुनै काममा व्यस्त रहनु पर्दछ। साथै राष्ट्रमा उपलब्ध सीमित साधन र स्रोतको उपयोग गरी आर्थिक समृद्धिमा लाग्नु पर्छ।

## उपसंहार

युवा केवल भविष्यका कर्णधार मात्र नभई वर्तमानका साझेदार हुन्। युवावर्ग राष्ट्रको मेरुदण्ड हो। कुनै पनि राष्ट्रको वर्तमान र भविष्य युवावर्गको काँधमा रहेको छ भन्दा अत्युक्ति नहोला। यो तथ्य घाम जत्तिकै छर्लङ्ग छ विकसित मुलुकहरू अमेरिका, युरोप, चीन आदि युवाकै सक्रियता र सिर्जनशीलताका कारणले विकसित छन्। नेपाल हाल अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा जानका लागि परीक्षण कालमा रहेको अवस्थामा छ। राज्यले युवावर्गलाई स्वदेशमा आफ्नो विवेक, श्रम सीप र सिर्जना नवप्रवर्तनकारी (Innovative) व्यवसायमा लगाउन सके समृद्ध राष्ट्रनिर्माण हुन सक्छ।

♦

# कोभिड-१९ महामारी र युवाको मानसिक स्वास्थ्य

डा. नरेन्द्र सिंह ठगुन्ना*



२ करोड ९० लाख जनसंख्या भएको नेपाल दक्षिण र पूर्वी एशियामा अवस्थित एक कम आय भएको देश हो। नेपाल सरकारले १६ देखि ४० वर्षको उमेरलाई युवा उमेर समूह निर्धारण गरेको छ जस अन्तर्गत कूल जनसंख्याको ४०.३५ प्रतिशत अर्थात करिब १ करोड ७ लाख जनसंख्या रहेको छ। ५०.२ प्रतिशत युवाको संलग्नता कृषिमा मात्र छ। स्नातक तहसम्म उत्तीर्ण गरिसकेका २६.१ प्रतिशत युवा भएता पनि ११.४ प्रतिशत युवा बेरोजगार छन्। नेपाल विश्वमा युवा विकास सूचकाङ्कमा ७७औं स्थानमा रहेको छ। यु.एन. का अनुसार अहिले संसारमा १० देखि २४ वर्ष उमेर समूहका युवा १.८ बिलियन छन्, यो उमेर समूहको जनसंख्या अहिले सम्मको सबैभन्दा बढी हो। तीमध्ये प्रति १० जनामा १ जना द्धन्द प्रभावित अवस्थामा रहेका छन्। राजनीतिक अस्थिरता र श्रम बजारको चुनौतीका कारण युवाले समाजबाट अलग भएको महशुस गरेका छन्।

## कोभिड-१९ महामारी र युवाको मानसिक स्वास्थ्य

कोभिड-१९ महामारीले नेपाल लगायत विश्वभरका मानिसहरूको जीवनलाई असर गरेको छ। सन् २०१९ को डिसेम्बरमा चीनको वुहानमा देखा परेर सन् २०२० को जनवरीमा नै संयुक्त राज्य अमेरिका पुगेको कोरोना सन् २०२० भर संसारलाई आक्रान्त पारिरह्यो। आफ्नो स्वरूप परिवर्तन गर्दै सन् २०२१ मा अर्को उत्पात मच्चाइरहेको छ । कोभिड–१९ महामारीका कारण नेपालमा हवाई र सडक यात्रालाई प्रतिबन्ध लगाउनुको साथसाथै भारत र चीनसँगको सीमा बन्द भएपछि राष्ट्रव्यापी रूपमा अत्यावश्यक सेवा बाहेक अन्य सबै किसिमका सेवा निषेधाज्ञा लागु गर्यो। कोरोना भाइरसको दोस्रो लहरले समुदायमा महामारीको

---

** डा. ठगुन्ना, द स्कूल अफ साइकोलोजी, नेपालका अध्यक्ष तथा पि.के. क्यापसका मनोविद् अध्यापक हुनुहुन्छ ।*

रूप लिएपछि सन् २०२१ को अप्रिल २९ देखि स्थानीय तहहरूले समेत अत्यावश्यक सेवा बाहेक अन्य कार्यमा निषेधाज्ञा लागु गर्यो। फलस्वरूप युवा मात्र नभई सबै मानिस आफ्नै घर परिसरमा कुजिएर बस्नुपर्ने अवस्था भयो।

विश्व स्वास्थ्य सँगठनका अनुसार विश्वमा करिव १ विलियन मानिसहरू मानसिक समस्याबाट प्रभावित छन्। क्यास्पर एटअल २०२०; केसलर एटअल २००५ को अध्ययन अनुसार ८० प्रतिशत मानसिक समस्या भएका व्यक्तिको २६ वर्ष उमेरभन्दा पहिले देखापर्छ। युवा अवस्थाको मानसिक स्वास्थ्य समस्याले व्यक्तिको आगामी जीवनमा मानसिक स्वास्थ्य र मनोसामाजिक कार्यमा असर पार्दछ। सार्लल्याण्ड विश्वविद्यालयले प्रकाशित गरेको अनुसन्धानको नतिजा अनुसार हालको बन्दको बेलामा धेरै युवा आफ्नो मानसिक स्वास्थ्यसँग संघर्ष गरिरहेका छन्। यो अवस्थामा युवाले निरन्तर मास्क लगाउनु पर्ने र सामाजिक दूरी कायम राख्नु पर्ने तनाव झेलिरहेका छन्।

नेपालमा युवा मानसिक स्वास्थ्य सेवाको आवश्यकता र यसको उपलब्धता बीच गहिरो अन्तर छ। नेपालमा युवाको मानसिक स्वास्थ्यको प्रारम्भिक पहिचान, उपचार र रोकथाम एक द्रुतगतिमा  विकसित स्वास्थ्यको क्षेत्र हो। समाजमा विद्यमान विभिन्न विपत्तिका कारण उत्पन्न मनोसामाजिक  प्रभावले युवाको मानसिक स्वास्थ्यमा नकारात्मक असर गर्दछ। क्षणिक र दीर्घकालीन कारकहरू जसले युवाको मानसिक स्वास्थ्य प्रभावित भएको छ। सामाजिक दुरी कायम गर्न पर्नु, उपचार सेवाहरूको प्रवाहमा परिवर्तन हुनु, आंशिक र पूर्णरूपमा पेशा गुमाउनु, स्वतन्त्र घुमफिर र भ्रमणको अवसर गुमाउनु आदिको कारकहरू प्रत्यक्ष देखिएका छन्।

विभिन्न देशका मनोचिकित्सक, मनोवैज्ञानिक र बालरोग विशेषज्ञहरूले बढ्दो कोभिड-१९ महामारीले विद्यालय जान बन्द हुँदा समाजसँगको दुरी बढ्दै गएको र धार्मिक एवं सास्कृतिक क्रियाकलापमा लगाइएको प्रतिबन्धले  युवामा मानसिक समस्याको सम्भावना बढाइरहेको छ। युवाको जीवनमा सन्तुष्टि उल्लेख्य रूपमा कम भएको छ, भने चिन्ता, तनाव र डिप्रेसन वृद्धि भएको छ।

नेपालमा कोभिड-१९ को महामारीको समयमा युवाको मानसिक स्वास्थ्यमा ह्रास आउनुको प्रमुख कारक तत्वका रुमा सामाजिक प्रतिबन्धहरू जस्तै धार्मिक एवं सांस्कृतिक क्रियाकलापमा रोक,  सामाजिक सञ्जालको बढ्दो प्रयोग, पठनपाठन विधिमा परिवर्तन र परीक्षाको स्थगितता रहेका छन्।

## युवाको मानसिक सुस्वास्थ्य

तपाईले आफ्नो वरिपरिको संसारलाई कसरी हेर्नुहुन्छ, कसरी सोच्नुहुन्छ र कसरी महशुस गर्नुहुन्छ, त्यसलाई नै मानसिक स्वास्थ्य भनिन्छ। विश्व स्वास्थ्य सँगठनका अनुसार मानसिक स्वास्थ्य भन्नाले त्यो अवस्थालाई जनाउँछ जब व्यक्तिले आफ्नो क्षमता महशुस गर्छ, जीवनमा आई पर्ने सामान्य तनावहरूसँग सामना गर्नसक्छ, पूर्ण रूपमा उत्पादनशील भएर काम गर्नसक्छ र आफ्नो समुदायमा योगदान गर्न सक्षम हुन्छ ।

मानसिक रूपमा स्वस्थ व्यक्तिले निम्न कार्यहरू गर्न सक्छन्

- स्पष्टरूपमा सोच्न,
- जीवनको समस्याहरू समाधान गर्न,
- उत्पादनमूलक कार्यहरू गर्न,
- अरु व्यक्तिसँग सुमधुर सम्बन्ध राख्न,
- आत्मिक रूपमा सहज महशुस गर्न,
- समाजमा योगदान पुर्याउन ।

युवाको मानसिक सुस्वास्थ्यको लागि उसको रुचि अनुसारको कार्यमा संलग्न हुने खालको रोजगारी सृजना गर्नु पर्ने, वृत्ति विकासका लागि मनोविमर्शको व्यवस्था सहितको शैक्षिक व्यवस्थापन गर्नु पर्ने, युवालाई आनन्द प्रदान गर्ने व्यवहारमा संलग्न हुनको लागि अनिवार्य रूपमा जीवन उपयोगी सीपहरूको जानकारी गराउने, युवासम्बन्धी संघ संस्थाहरूले अनिवार्य रूपमा आफ्ना तालिमका कार्यक्रमहरूमा मानसिक सु–स्वास्थ्यलाई पनि समावेश गराउने, वैदेशिक रोजगारीमा जाने सम्पूर्ण युवावर्गलाई अनिवार्य रूपमा सांस्कृतिक समायोजन र कार्यस्थल मानसिक स्वास्थ्यको अवधारणा र स्व–हेरचाहका विधिहरूको तालिम संचालन गर्ने, अति तनावपूर्ण जीवनशैली भएका व्यवसाय जस्तैः स्वास्थ्य, उद्योग र कलकारखानामा संलग्न भएका युवालाई लक्षित गरेर कार्यस्थल मानसिक स्वास्थ्यको सचेतना फैलाउने, युवालाई अनिवार्य रूपमा वैवाहिक जीवनमा बाँधिनु पूर्व वैवाहिक मनोविमर्शमा अनिवार्य मनोशिक्षा प्रदान गर्ने, युवालाई नै संलग्न गरेर युवा मानसिक स्वास्थ्य प्रर्वद्धन कर्ताको संयुक्त सञ्जाल निर्माण गरी अन्तर व्यवसायिक मानसिक स्वास्थ्यको जानकारी गराउने, राज्यले अनिवार्य रूपमा आफ्ना मातहतका निकायमा संलग्न गराउने, युवा कर्मचारीको मनोवैज्ञानिक परीक्षणको माध्यमबाट उनीहरूको अवस्थाको जानकारी लिई मानसिक सु–स्वास्थ्यको बारेमा अनिवार्य पाठ्यक्रममा व्यवस्था गर्ने जस्ता प्रयासहरू आवश्यक छन्।

## युवामा मानसिक स्वास्थ्य समस्या

नेपालमा युवा मानसिक अस्वस्थता कति छ भन्ने सन्दर्भमा कुनै पनि तथ्याङ्क नभए पनि विश्वमा २० प्रतिशत युवामा मानसिक स्वास्थ्य समस्या रहेको अनुमान छ। यस आधारमा नेपालमा पनि करिब करिब २० प्रतिशत युवा प्रभावित भएको हुन सक्ने अनुमान गर्न सकिन्छ। हरेक ५ जना युवा मध्ये १ जनामा मानसिक स्वास्थ्य समस्या देखिएको अनुमान लगाउन सकिन्छ। अध्ययन अनुसार मानसिक स्वास्थ्यमा समस्या देखिएकाहरू मध्ये आधाभन्दा बढीमा मानसिक स्वास्थ्य समस्या १४ वर्षको उमेरसम्ममा नै देखिने गरेको छ भने २४ वर्षको उमेरसम्ममा ७५ प्रतिशत मानसिक स्वास्थ्य समस्यमा देखा पर्ने गरेको छ। नेपालमा कति युवा मानसिक स्वास्थ्य समस्याबाट प्रभावित छन् भनेर आधिकारिक अध्ययन–अनुसन्धान नगरिएको भए पनि लगभग २२ लाख रहेको अनुमान छ।

व्यक्तिको मानसिक स्वास्थ्य अवस्थाहरूमा व्यवहार र मानसिक स्वास्थ्य दुवै समावेश गरिन्छ। दुनियाँ भरिका किशोर र युवामा देखिने समायोजनको समस्याहरूमा विभिन्न समस्याहरू जस्तै उदासिनता, चिन्ता, आघातजन्य घटनापछिको तनाव, र विघटनकारी व्यवहार जस्तै लागूऔषधिको दुरूपयोग, आत्महत्याको सोचाई र आक्रामक व्यवहार प्रमुख हुन्।

## चिन्ता मनोरोग

चिन्ता बच्चा र युवामा देखिने सबैभन्दा सामान्य मानसिक विकारहरू हुन्। चिन्ता व्यक्तिको जीवनमा देखिने प्राकृतिक प्रतिक्रिया हो। चिन्ता भनेको डर वा आतंकको भावना हो। कहिलेकाहीं चिन्तित महशुस गर्नु सामान्य हो। अधिकांश व्यक्तिहरू चिन्ता गर्छन्। चिन्ता आन्तरिक अलार्म प्रणाली जस्तै हो। यसले हामीलाई जोखिममा सचेत गराउँछ र हाम्रो शरीरलाई यसको सामना गर्न तयार गर्दछ। महामारीको स्थितिमा चिन्ताका सामान्य लक्षणहरू, जस्तै खाना नरुच्ने, मांसपेशी दुख्ने, खोकी लाग्ने र ज्वरो आउने हुन सक्छ। चिन्ता र तनावको विशेष गरी गर्भवती महिला, विद्यार्थीहरू र केही व्यवसायहरू जस्तै शिक्षकमा हुन्छ। नेशनल इन्स्टिच्युट अफ हेल्थका अनुसार १३ देखि १८ वर्ष उमेरका ३ जनामध्ये १ जना किशोर किशोरीले चिन्ता डिस अर्डर अनुभव गर्छन्।

## डिप्रेसन मनोरोग (उदासिनता)

डिप्रेसन बच्चा र युवामा देखिने सबैभन्दा सामान्य मानसिक विकारहरू हुन्। डिप्रेशन सामान्य खालको मानसिक रोग हो। पुरुषहरूको दाँजोमा महिलाहरू दुई गुना बढी

उदासिनताको रोगले प्रभावित हुने गर्दछ। तर यसलाई समयमा नै उपचार नगरेको खण्डमा यसबाट व्यक्तिमा विभिन्न किसिमका नोक्सानहरू जस्तै काम गर्न सक्ने क्षमतामा कमी, स्मरणशक्ती कमी भएर पढाईको नतिजामा ह्रास आउने, आर्थिक नोक्सानी तथा विरामीको मृत्युसमेत हुन सक्ने संभावना हुन्छ। विश्व स्वास्थ्य सँगठनको आँकडा अनुसार डिप्रेशन अर्थात् उदासिनताको रोगबाट विश्वका ३० करोडभन्दा बढी व्यक्तिहरू अर्थात् विश्व जनसंख्याको करीव ४ प्रतिशत मानिस पिडित भएको देखिन्छ। संयुक्त राज्य अमेरिकामा मात्रै हरेक वर्ष २ करोड व्यक्तिहरू डिप्रेशनबाट पीडित हुन्छन्। पछिल्लो एक दशक विश्वभर डिप्रेशन रोगबाट प्रभावित मानिसको सख्या करीव १५ प्रतिशतले वृद्धिभएको देखिन्छ। विश्व स्वास्थ्य सँगठनको अध्ययनले आगामी २०३० मा विश्वव्यापी रूपमा मानिसलाई अशक्ततामा पुर्याउने दोश्रो कारण डिप्रेशन हुन्छ भनेर भविष्यवाणी गरेको छ। डिप्रेशनबाट पीडित व्यक्तिको उपचार खर्चको लागि १ डलर लगानी गरेको खण्डमा यसबाट ४ डलर बरावरको उत्पादकत्व लिन सकिन्छ भन्ने आँकलन छ।

## आत्महत्या

बाँच्ने रहर नभइ जानीजानी आफ्नो प्राण त्याग्ने कार्यलाई आत्महत्या भनिन्छ। अहिले विश्वभरि नै आत्महत्याको दर बढ्दै गएको छ। विश्व स्वास्थ्य सँगठनले सार्वजनिक गरेको अध्ययन प्रतिवेदन अनुसार विश्वमा प्रत्येक ३ सेकेन्डमा १ जनाले आत्महत्याको प्रयास गर्ने, प्रत्येक ४० सेकेण्डमा १ जनाले आत्महत्या गर्ने, १ दिनमा ३००० जनाले र वर्षभरिमा ८ लाख व्यक्तिले आत्महत्या गर्ने गरेको तथ्याङ्क छ। उक्त अध्ययनका अनुसार १५ देखि २९ वर्ष उमेर समूहका व्यक्तिको मृत्युको दोश्रो कारण आत्महत्या पाइएको छ। कूल आत्महत्याको ७५ प्रतिशत आत्महत्या न्यून तथा मध्यम आयस्तर भएका देशहरूमा हुने गरेको छ।

प्रतिव्यक्ति आत्महत्या गर्ने दरका हिसाबले नेपाल विश्वमा सातौं र दक्षिण एशियामा श्रीलंका पछि दोश्रो बढी आत्महत्या हुने देशमा पर्दछ। विश्वमा प्रत्येक १ लाखमा ११ जनाले आत्महत्या गर्ने गर्छन् तर  नेपालमा भने प्रत्येक १ लाखमा २५ जनाले आत्महत्या गर्ने गर्छन्। विगत ५ वर्षमा नेपालमा २५ हजारभन्दा बढी मानिसले आत्महत्या गरेको सरकारी तथ्याङ्क छ।नेपालमा गएको विनासकारी भूकम्पपछि आत्महत्या गर्नेको संख्या करिब ४१ प्रतिशतले वृद्धिभएको सरकारी तथ्याङ्क छ। आर्थिक वर्ष २०७६/७७ मा नेपालमा आत्महत्याबाट ६२४१ व्यक्तिको मृत्यु भएको तथ्याङ्क रहेको छ जबकी आर्थिक वर्ष

२०७५/७६ मा ५७५४ जना व्यक्तिको मृत्यु भएको तथ्याङ्क थियो। नेपालमा एक दिनमा करिब १७ जनाले र प्रत्येक दुई घण्टामा एक जनाले आत्महत्या गरिरहेको दु:खद स्थिति रहेको छ। नेपालमा प्रतिबर्ष १६ प्रतिशत मृत्युको कारण आत्महत्या हुने गरेको छ।

## इन्टरनेटको लतको समस्या

इन्टरनेट दुर्व्यसनको लागि कुनै एक परिभाषा छैन यद्यपि इन्टरनेटको दुर्व्यसन भएका मानिसहरूलाई उनीहरूको अनलाइन गतिविधिहरूको कारण व्यक्तिगत र व्यावसायिक दायित्व पूरा गर्न समस्या हुन्छ र इन्टरनेटको प्रयोगले परिवार र साथीहरूसँगको सम्बन्धमा तनाव उत्पन्न हुने गर्दछ। विश्वको ४० प्रतिशतभन्दा कम जनसंख्यामा मात्र इन्टरनेट पहुँच छ। १८ देखि २४ वर्ष उमेर समूहका युवा वयस्कले बाथरूममा सामाजिक मिडिया प्रयोग गर्दछन्। विश्वका प्रत्येक १ सयमा ६ जना अर्थात् १८ करोड २० लाख मानिस इन्टरनेट लतबाट ग्रसित रहेको हालैको एक अध्ययनले देखाएको छ। यसै बीच फ्रन्ट रेन्ज नामक संस्थाले गरेको अध्ययन अनुसार विश्वका ५३ प्रतिशत मोबाइल फोन प्रयोग कर्ताहरू आफ्नो मोबाइल चलाउन नपाउँदा निकै नै निरास बन्ने गरेको पाइएको छ।

## लागूपदार्थको प्रयोग सम्बन्धी समस्या

विश्वमा लागूपदार्थबाट प्रभावित जनसंख्या २३ करोड रहेको विश्व स्वास्थ्य सँगठन अन्तर्गतका लागूपदार्थ र अपराध न्युनिकरणसम्बन्धी राष्ट्रसंघीय इकाईले जनाएको छ। लागुपदार्थको सेबनबाट विश्वमा बार्षिक २.१ मिलियनले ज्यान गुमाइरहेका छन्। धुमपान सेवनवाट बार्षिक ६ मिलियनले ज्यान गुमाइरहेका छन्। विश्वमा लागूपदार्थबाट प्रभावित जनसंख्या सन् २००६ मा २०५ मिलियन थियो भने २०१५मा बढेर २५५ मिलियन रहेको विश्व स्वास्थ्य सँगठन अन्तरगतका लागूपदार्थ र अपराध न्यूनिकरण सम्बन्धी राष्ट्रसंघीय इकाई (युएनओडीसी)ले सार्वजनिक गरेको विश्व लागूपदार्थ सम्बन्धी प्रतिवेदन २०१७ ले जनाएको छ। विश्वको १५ देखि ६४ वर्ष उमेर समूहका जनसंख्याको करिव ५ प्रतिशत मानिसहरू लागूपदार्थबाट प्रभावित भएको तथ्याङ्कले देखाउँछ।

## मानसिक स्वास्थ्य समस्याका कारणहरू

मानसिक स्वास्थ्यमा समस्या देखिनुमा मुलत: देहायका तत्त्वहरू जिम्मेवार रहेको पाइन्छ।

- जैविक तत्वहरू: वंशाणुगत, टाउकोमा चोटपटक, दिमागमा रसायनिक तत्वको असन्तुलन आदि।

- सामाजिक तत्वहरू: बेरोजगारी, प्रियजनको मृत्यु, आर्थिक समस्या, एक्लोपन, असफल वैवाहिक जीवन, बाँझोपन, आदि।
- पारिवारिक पृष्ठभूमि: कुनै व्यक्ति जसले आफ्नो बाल्यकालमा आघात र भावनात्मक रूपमा बेवास्ता बेहोर्नु पर्दा नरमाईलो अनुभव गरेको छ, त्यस्तो व्यक्तिलाई पछि मानसिक समस्या जस्तै उदासिनता र चिन्ता रोग देखा पर्ने सम्भावना बढी हुन्छ।

## मानसिक स्वास्थ्य समस्याका लक्षण

मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूमा अत्यधिक थकान महशुस गर्ने, दुब्लाउँदै जाने, कमजोर वा शिथिल हुने, निन्द्रामा गडबडी हुने, खानामा रुचि घट्ने आदि जस्ता शारीरिक समस्या देखिन्छ। उनीहरूलाई व्यवहारिक रूपमा हेर्ने हो भने अनावश्यक शंका गर्ने, बरबराउने, आफ्नो स्वास्थ्यमा बेवास्ता गर्ने, रिसाउने, आक्रामक हुने र समाजलाई मान्य नहुने व्यवहार गर्ने आदि गर्दछन्। आफूलाई दुःखी महशुस गर्ने, धेरै डराउने, आत्तिने, बिना कारण उदास हुने, आत्मविश्वास घट्ने, निराशपूर्ण सोच आउने, निर्णय गर्न नसक्ने, आत्महत्याको सोचाइ आउने, चिन्ता लागिरहने, स्मरणशक्तिमा ह्रास आउने जस्ता मनोवैज्ञानिक समस्याहरू देखिन्छ।

## युवाका समस्या र सरकारी प्रयासहरू

विकासात्मक मनोविज्ञानका अनुसार व्यक्तिको जीवनको सबैभन्दा सिर्जनशील र गतिशील, उमेर युवा अवस्था हो। युवाको मुख्य समस्याहरू अहिले पनि दलित, सिमान्तकृत, अल्पसंख्यक, आदिवासी र अपांगता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ । गुणस्तरीय, समय सापेक्ष रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच, बेरोजगारी र अर्ध बेरोजगारी, विदेश पलायन, कमजोर स्वस्थ्य, कुपोषण र कमजोर आत्मबल नेपाली युवाका मुख्य समस्याहरू हुन्। विगत लामो समयदेखि नेपाली युवामा रहेका यी समस्याहरू समाधान गर्न र युवाका मुद्दालाई सम्बोधन गर्नका लागि वि.सं. २०६५ मा युवा तथा खेलकुद मन्त्रालय, वि.सं. २०७२ मा राष्ट्रिय युवा परिषद् को स्थापना गरेको छ। नेपाली युवाको विकास गरी राष्ट्रनिर्माणमा उनीहरूको सार्थक सहभागिता अभिवृद्धि गर्न यी निकायहरू प्रयासरत छन्। वि.सं. २०६७ मा तर्जुमा गरिएको युवा नीतिलाई समय सापेक्ष हुने गरी संशोधन गरी वि.सं. २०७२ मा नयाँ नीतिले प्रतिस्थापन गरिएको थियो र यस नीतिलाई थप परिस्कृत गर्न सरोकारवाला निकायहरूसँग छलफल भइरहेको छ। युवाको क्षमता विकास गर्दै युवालाई वित्तीय पहुँच वृद्धि गर्न राष्ट्रिय खेलकुद परिषद् क्रियाशील

रहेको छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत स्वरोजगार बन्न चाहने युवालाई सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउँदै युवालाई उद्यमशीलता र व्यवसाय सञ्चालनमा सहयोग गर्दै आएको छ। युवाका मुद्दाहरूलाई पैरवी गर्न संघीय तहमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद् छन् भने प्रदेश तहमा सामाजिक विकास मन्त्रालयमार्फत यो कार्य हुँदै आएको छ।

नेपाल सरकारको १५ औं योजना (आ.ब.२०७६/७७-२०८०/८१) मा पनि विकास र राष्ट्रनिर्माणमा सार्थक सहभागिता बढाउन युवाको क्षमता विकास गर्ने, वित्तीय साक्षरता र उद्यमशीलताको तालिम दिई उद्यम एवम् व्यवसाय सञ्चालनमा सहयोग गर्ने, युवालाई सँगठित गरी उनीहरूको नेतृत्वमा सामाजिक जागरण र रुपान्तरणमा स्वयंसेवकीय कार्य गर्न प्रोत्साहन गर्ने, युवामा वित्तीय पहुँच विस्तार गर्दै नीति निर्माण तहसम्म युवाको नेतृत्वदायी भूमिका विस्तार गर्ने रणनीति लिएको छ।

## मानसिक समस्याको उपचार र रोकथाम

धेरैजसो मानसिक स्वास्थ्य समस्यालाई उपचार गर्न सकिन्छ। तर उपचार सेवाको अभाव, जनचेतनाको कमी तथा रोगप्रतिको लाञ्छनाको कारण थोरै व्यक्ति मात्र उपचार प्रक्रियामा आएका छन्। मानसिक स्वास्थ्य समस्याको समयमा नै निदान गरी औषधी, मनोसामाजिक सहयोग तथा मनोविमर्शको माध्यमबाट उपचार गर्न सकिन्छ र उपचार पश्चात् स्वस्थ भई आफ्नो दैनिकी सुचारु गर्न सक्छन्। नेपालमा मानसिक रोग विशेषज्ञ १५० जना, मनोविद् करीब २०० जना र मनोविमर्शकर्ता १५०० जना रहेका छन्। विद्यालय र कलेजका पाठ्यपुस्तकमा समेत मानसिक रोगका बारेमा उल्लेख हुनुपर्ने यस क्षेत्रमा कार्यरत विज्ञले माग गर्दै आएका छन्।

समय समयमा सरकारी, गैरसरकारी संघ संस्थाहरूको अग्रसरतामा मनोविद वा मनोविमर्शकर्ताबाट मानसिक स्वस्थ्य समस्या न्यूनिकरण तथा रोकथामका लागि समाजमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। महामारीका समयमा टेलिहेल्थ तथा डिजिटल सेवाहरूलाई सक्रिय गराई मानसिक स्वस्थ्य उपचार तथा मनोविमर्श सेवा दिन सके युवाको मानसिक स्वास्थ्य समस्यालाई न्यूनिकरण गर्न सकिन्छ।

♦

# युवावर्गलाई 'नेपाल आमाको' पुकार

डा. शान्तिमाया गिरी*



युवा! पूर्ण रूपमा फक्रेको फूल हौ तिमी। मेरा सबै सन्तानमध्ये सर्वाधिक सक्रिय, ऊर्जावान् र गतिशील लाग्छौ तिमी। तिम्रो जोश, जाँगर र साहसको भरोसा लाग्छ मलाई। अदम्य साहस, सौर्य पराक्रम, सङ्घर्षशील शक्ति, सिर्जनशीलता, साधनारत इच्छाशक्ति, समयसापेक्षता, इमानदारिता, दृढ आत्मविश्वास जस्ता तिम्रा उदात्त गुणहरू अरूमा विरलै देख्छु म। तिम्रो विचारमा उन्नतिको क्षमता छ। तिम्रो काँधमा प्रगतिको साहस छ। मेरा प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक सम्पत्तिहरूलाई उत्पादनमूलक आकाङ्क्षामा परिवर्तन गर्ने ठूलो मस्तिष्क छ तिमीसँग। त्याग, निष्ठा, बलिदान र नव-निर्माणको सुन्दर भावनात्मक स्वभाव पाउँछु तिमीमा। तिमीमा समुद्रको गर्भबाट पहाड उठाउन र मरुभूमिको छातिमा मूल फुटाउने सामर्थ्य छ। त्यसैले तिमी मेरो भविष्यको मात्र भागीदार नभई वर्तमान समयको साझेदार पनि हौ। तिमी मेरो स्याहार, रेखदेख, संरक्षण, विकास, निर्माण, स्रोत र साधनको उत्पादनशील परिचालनको केन्द्र हौ। सही समयमा स्वीकार गर्न सक्ने र विकल्प सहितको तिरस्कार गर्न सक्ने तिम्रो खुबी तारिफ गर्न लायक छ। तिमी मेरो सुखमय जीवनको उदयीमान शक्ति हौ। राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणको भरपर्दो संवाहक हौ। तिम्रो बौद्धिकता, कर्मशील मानसिकता र उदार धारणामा पुराना रूढीवादी संस्कार फाल्ने र समाज परिवर्तन गर्ने अदम्य साहस छ। तिमी मेरो अमूल्य सन्तति हौ। सकारात्मक मार्गदर्शक हौ। तिम्रो तन, मन, वचन र कर्मको समर्पण विना मेरो जीवनमा रूपान्तरण आउन सक्दैन। मलाई खुसी र स्वस्थ राख्ने जिम्मेवारी तिम्रै काँधमा छ।

तिमीमा अचेल मातृभूमिको प्रेमभन्दा विदेश प्रेमको मोह बढ्दै गएकोमा निराश छु। श्रमको अपमान गर्ने मानिसहरूको प्रवृत्तिबाट प्रेरित भएर विदेश पलायन हुन खोज्यौ शायद तिमी।

---

* *डा. गिरी, साहित्यकार तथा शिक्षण पेशामा आबद्ध हुनुहुन्छ ।*

परदेशी भूमिलाई मलिलो र सृजनशील बनाउन पराईदेशमा पोखेका तिम्रा ज्ञान, श्रम, सीपलाई आफ्नै माटामा ल्याएर खन्याए यही नै स्वर्ग बन्छ नि। तिमी विश्वको जुनसुकै मुलुकमा रहे पनि यो माटो, यहाँको भाषा, संस्कृतिबाट निरपेक्ष रहन सक्दैनौ तिमी। मसँग तिम्रो पहिचान जोडिएको छ। तिम्रो परिचय नै मेरो चिनारीबाट प्रारम्भ हुन्छ। यही जन्मियौ, यहीको आँगनमा बामे सर्न सिक्यौ। यही मेरै काखमा बालापन बितायौ। यहीको हावापानी, खानपान, सभ्यता, संस्कृतिबाट संस्कारित हुँदै नेपाली हुँ भन्ने परिचय पायौ। नेपाली प्रकृतिमै जीवनबोध गर्यौ तर यही भूगोलमा सम्भावना र अवसर नभेटाएको वाहना गरेर शिक्षा, सीप र पेटको भोक मेट्ने सपना बोकेर आधारभूत सुविधाको मिठो स्वाद खोज्दै तिमीभित्र अङ्कुरित पलायनवादले दुख्न थालिरहेकी छु म।

तिमीजस्तो परिवर्तनको वाहक, ऊर्जाको केन्द्रविन्दु, साहसिलो, शिक्षित, पठित, सचेत भरोसा मदेखि टाढा भई अनेकौ मृगतृष्णा बोकेर पराई भूमिमा आश्रय लिन गयौ भने म यथास्थितिबाट माथि उठ्न कसरी सकुँला र ? मेरा जीवनका हरेक पाटाहरूमा तिम्रो सिर्जनशील, उद्यमशील र नैतिक नेतृत्वको आवश्यकता छ। यदि तिमीले धीत गुमाइदियौ भने मेरो जीवनको रूपान्तरण र विकासको गति धरमराउँदै जाने छ। तिमी जस्तै धेरै युवाका जुझारू हातहरू, कर्मठ पाखुराहरू र तीक्ष्ण मस्तिष्कहरूको समर्पणबाट मात्र म तङ्ग्रिन सक्छु। जागरूक, हिम्मतिलो र आँटिलो हुन सक्छु। तिमी त मेरो जीवनको हरियाली हौ। तिमीले मङ्गलदीप र स्वर्णकलश राखेर सजाएको स्वर्णद्वारबाट मेरो समृद्धिको यात्रा सुरु भएमा मात्र म गन्तव्यमा पुग्न सक्छु।

मेरो काखमा तिमीले आफ्नो सुन्दर र सुखी भविष्य छैन भन्ने ठानेर आशा, विश्वास र जाँगरलाई ओइलन नदेऊ। तिम्रो चाहना बमोजिमको वातावरण बनाउने काम तिम्रै सामर्थ्यमा लुकेको छ। आफ्नै खुट्टामा उभिन सक्ने तागत छ तिमीमा। तिम्रो इच्छाशाक्ति, कला, श्रम, सीपको सदुपयोग गर्ने अवसरको कमी छैन यहाँ। वास्तवमा आफ्नो अवसर आफैं खोज्नुपर्छ। तिमीमा क्षमता छ, समय अनुसार चल्न सक्ने सीप र दक्षता छ भने निश्चय नै त्यसैले अवसर दिलाउँछ। जन्मस्थान, समाज, धर्ती र वातावरणप्रति कृतज्ञ हुन जान्ने युवाले आफ्नै परिवेश र सक्षमताभित्र सकारात्मक गोरेटो हिंड्न सक्छन्। एकजुट भई अगाडि बढ तिमी। निर्माण गर सुन्दर योजनाहरू। साटासाट गर आफ्ना अनुभवहरू र फैलाउ परिश्रम र ज्ञानको तिम्रो दायरालाई अनि सशक्त बनेर आफ्नो अवसर आफै सिर्जना गर।

तिम्रो आवेग र संवेग विवेकमा परिवर्तन भएको देख्न चाहन्छु म। तिमीले इच्छाशक्ति मात्र देखाऊ, यहाँ तिम्रो गरिखाने वातावरण म सिर्जना गर्नेछु। सामाजिक सद्भावको विकास गरेर सामाजिक सम्बन्धको दायरालाई फराकिलो बनाई तिम्रो अधिकार र सुन्दर भविष्यको नयाँ नक्शा कोर्नेछु। तिमीमा निहित क्षमतालाई कुण्ठित होइन उजागर हुने अवसर सिर्जना गर्नेछु। तिमीलाई सामर्थ्यवान, उद्यमशील सिर्जनशील बनाई तिम्रो मनोबल घट्न दिने छैन। भावना र आश्वासनले मात्रै फकाएर होइन तिमीलाई वैज्ञानिक एवं सकारात्मक सोचयुक्त र समृद्ध बनाएर मेरै साथमा रमाएरै राखिरहने छु। मेरो भूगोलको प्राकृतिक सौन्दर्य, कला, संस्कृति तिम्रै जीवनको सुख, सजिलो र सम्भावनाका लागि नै त हुन् नि।

मेरो भूगोलले रोगगार र पेसागत विविधीकरणको लागि तिम्रो सीप र जाँगरको आह्वान गरेको छ। सुख र समृद्धिको चाहनामा मेरो भूगोलको सीमा नाघेर टाढा जानेहरूलाई रोजगारीका पानाहरू मार्फत राष्ट्रियताको पाठ पुनरावृत्ति गराएर प्राकृतिक, भौगोलिक विविधताभित्रका सुअवसरसँग तिमीलाई परिचित गराउन चाहन्छु। तिम्रो हातले गोबर उठाए गोवर्धन बन्छ। माटो समाए महल बन्छ। कुटो समाए भकारी भरिन्छ। खेतीपातीले तिम्रै श्रम पर्खिरहेका छन्। मर्दापर्दाका दुखद परिस्थितिले तिम्रै साथ खोजिरहेका छन्। तिमी कर्मठ, क्रियाशील, नवीनताको पक्षधर बनेर मेरो समृद्धि मार्गका तगाराहरूलाई पन्छाऊ र विश्व रङ्गमञ्चमा तिम्रो पहिचानको गौरवलाई बढाऊ। तिम्रो सोचाइ आत्माको इमानदारी हो। तिम्रो हिँडाइ विकासको परिचायक हो। तिम्रो माथ आत्मबलको प्रतीक हो। त्यसैले राजनीतिक स्थिरता, आर्थिक सबलता, सामाजिक समन्वय, सांस्कृतिक सहिष्णुता, आत्मिक उचाइ, वैचारिक स्पष्टता तथा वाचिक सत्यता तिम्रै एकता र समार्थ्यमा मात्र सम्भव छ।

उच्चतम् आदर्श र उदात्त सेवाले पहुँच, पद, प्रभाव र पैसावालको अहमीभावलाई विस्थापित गर्नुपर्छ तिमीले। हिजोका राम्रा संस्कृतिलाई जोगाउँदै आजका बेथितिको कुशल व्यवस्थापनका लागि यो भूमिलाई तिम्रै श्रम, सीप, बुद्धिको ठूलो खाँचो छ। आफ्नो भूगोलप्रतिको कर्तव्य भाव नभुलेर यहीकै तराइ, पहाड र हिमालहरूमा श्रम खर्चिनु तिमी। युवा एक सोँच हो, ऊर्जा हो, एक अदम्य साहस हो त्यसैले क्रियाशील बनिरहनु तिमी।

तिम्रो मूल्यवान् क्षमता र दक्षताको सदुपयोग गरी मेरै भूगोललाई उर्वर बनाएर समृद्धि उमार्न आफ्नो जाँगरलाई पसिनामा बदल्नु तिमी। जोश, जाँगर, श्रम, सीपलाई शाश्वत परिणतिमा बदलेर मलाई हराभरा र सभ्य बनाऊ। यहीकै खेतबारीमा पैसाको बोट उमार। जलस्रोतहरूमा बुद्धि खर्च गरेर मलाई झिलिमिलि पारी सजाऊ। अँध्यारोमा जुन बनेर, उज्यालोमा सूर्य किरण बनेर, आकाशजस्तै फराकिलो सोँच लिएर, हिमालजस्तै निश्छल मन लिएर, पहाड

जस्तै अटल स्वभाव देखाएर, सुसंस्कृत सभ्य र उच्च विचार बोकेर सामाजिक, सहयोगी चिन्तन पद्धति आत्मसात गरेर असत्य, झूट र स्वार्थी प्रवृत्तिलाई उखेली सामूहिक हितको पक्षपोषण गर तिमी। उम्रिरहेका विकृति—विसङ्गति अनि वेथितिहरूलाई नमौलाउने गरी निमोठ्न तिम्रै साहसको आवश्यकता छ यहाँ।

तिमीले सकारात्मक सिर्जनशील सोँच राख्यौ भने म भौतिक र आत्मिक रूपमा सुखी र समृद्ध बन्न सक्छु अनि सँगसँगै तिमीलाई पनि समृद्ध बनाउन सक्छु। तिम्रो सत्य बोली, बचन व्यवहारले मेरो हृदय गद्गद् हुन्छ। तिम्रो कर्मले मेरो उचाइ बढ्छ र मेरो उचाइले तिम्रो पहिचानको गरिमा बढ्छ। परिश्रममा हर्ष खोज्ने तिम्रो मिहिनेती प्रयासले नै मेरो अनुहारमा खुसीको सौन्दर्य भरिन सक्छ। मिठो बोली, पवित्र आचरण, सहयोग, सद्भाव, आदरसम्मान, ज्ञान, चेतना, माया, आदर, दुःखसुखको आदानप्रदान, समस्याको व्यवस्थापन, सकारात्मक सोचले विकासको छेलोखेलो गराउने युवा मेरा अब्बल सन्तान हुन्।

ज्ञानार्जन तथा भ्रमणका लागि संसारका जुन मुलुकमा जान पनि स्वतन्त्र छौ तिमी तर पराई भूमिमा आफ्नो श्रम र पसिना बेचेर बस्यौ भने म दुःखी हुनेछु। मेरो हृदय छियाछिया हुनेछ। मैले दिएको सेवा, समर्पण र त्यागको शिक्षाले पराईको दास बनेर आफ्नो राष्ट्रिय स्वाभिमान गुमाउने अधिकारचाहिँ मैले दिएकी छैन नि तिमीलाई। मेरै काखमा बसेर आफूमा सिर्जनशीलता, वैज्ञानिकता, जिम्मेवारीपूर्ण व्यवहार, उद्यमशीलता, सकारात्मक सोच र जवाफदेहिताको विकास गरी यही नै स्वर्ग फुलाएर विश्व मानचित्रमा मेरो छविलाई उजिल्याउँदै आफूलाई पनि सर्वोच्च उचाइमा पुर्याऊ तिमी।

♦

# वित्तीय व्यवस्थापन र सुशासनमा युवाको भूमिका

**कृष्णप्रसाद खनाल***



राष्ट्रनिर्माणको लागि युवाको भूमिका गहन हुन्छ। जनशक्तिको सक्रियतासँगै विकासले गति लिन्छ। नेपालमा कूल जनसंख्याको करिव ५७ प्रतिशत जनसंख्या सक्रिय जनशक्तिको रूपमा रहेका छन्। नेपालको लागि यो जनसांख्यिक लाभांशको समय रहेको छ। उपलब्ध सक्रिय जनसंख्या अनुशासित, सदाचारी, नैतिकवान र लगनशील भएमा मात्र राष्ट्रिय लक्ष्य र आम नागरिकका चाहना सहज रूपमा सम्बोधन हुन सक्ने देखिन्छ।

सार्वजनिक जवाफदेहिता, पारदर्शीता, मितव्ययिता, सहभागिता र अनुमानयोग्य शासन सञ्चालन तथा सार्वजनिक गतिविधिले सुशासनको वकालत गर्दछन् भने आर्थिक अनुशासनले वित्तीय सुशासन कायम गर्न मद्दत गर्दछ। यसर्थ वित्तीय सुशासन समग्र सुशासन कायम गर्ने कार्यको माइलस्टोन हो भन्न सकिन्छ। सदाचारिता, नैतिकता र इमान्दारिता स्खलित हुँदै गएको अहिलेको परिवेशमा सक्रिय जनसंख्या खासगरी युवालाई खेलकुद तथा उद्यमशिलताको माध्यमबाट अनुशासित बनाई असल जीवन दर्शन र मानवताको लेप लगाउने कार्य निकै नै चुनौतिपुर्ण देखिएको छ।

**नेपालको सार्वजनिक वित्तीय क्षेत्रलाई अनुशासित बनाउनको लागि देहायका नीतिगत, कानूनी, संस्थागत र कार्यगत व्यवस्था गरिएका छन्।**

**क) नीतिगत र कानुनी व्यवस्था**

- नेपालको संविधान: यसमा सार्वजनिक व्यवस्थापनको लागि आर्थिक कार्यप्रणाली लगायतको व्यवस्थापकीय कार्यकुशलता र प्रतिवेदनको व्यवस्था।
- सुशासन तथा व्यवस्थापन ऐन, २०६४ तथा नियमावली, २०६५: सार्वजनिक

* *श्री खनाल, युवा तथा खेलकुद मन्त्रालयका लेखा अधिकृत हुनुहुन्छ।*

निकाय तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारको व्यवस्था तथा राज्य सञ्चालनको दश आधारको व्यवस्था गरेको । राज्य सञ्चालनका दश आधारहरू (१) राष्ट्र र जनताको वृहत्तर हित अभिवृद्धि (२) समन्याय र समावेशीकरण (३) कानुनको शासन (४) मानव अधिकारको प्रत्याभूति (५) पारदर्शीता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता (६) आर्थिक अनुशासन, भ्रष्ट्राचारमुक्त, चुस्त र जनमुखि प्रशासन (७) प्रशासन संयन्त्रको तटस्थता र निष्पक्षता (८) प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वधारणाको पहुँच (९) विकेन्द्रिकरण तथा अधिकार निक्षेपण र (१०) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग हुन ।

- सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४- यी कानुनी व्यवस्थाहरू सार्वजनिक स्रोतको अत्युत्तम प्रयोग सँग सम्बन्धित रहेका छन् । सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वासनीय वनाउनको लागि सार्वजनिक खरिद प्रक्रियामा प्रतिष्पर्धा अभिवृद्धि,स्वतन्त्रता, इमान्दारिता, जवाफदेहिताको अभिवृद्धिको व्यवस्था रहेको छ ।सार्वजनिक खरिदका विधि, प्रक्रिया र गुणस्तर नियन्त्रणका लागि पर्याप्त व्यवस्था रहेको छ ।
- आवधिक योजना र चालु वजेटले पनि राष्ट्रिय लक्ष्य र प्राथमिकतालाई प्रमुख आधार बनाएको छ ।
- सालावसाली रूपमा जारी हुने वजेटको कार्यान्वयनको लागि मार्गदर्शन जारी गरिन्छ ।
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका २०७७ जारी भएको छ ।
- नेपाल सरकार अर्थ मन्त्रालयबाट कार्यसञ्चालन निर्देशिका जारी गरेको छ । जसले सरकारी कार्यालयहरूको व्यवस्थापन र सञ्चालनमा सहयोग पुगेको छ । मितव्ययिता, जवाफदेहिता र पारदर्शीता कायम गर्न सहयोग पुगेको छ ।
- सबै सरकारी लेखामा एकरूपता ल्याउन तथा प्रतिवेदन प्रणालीलाई वस्तुनिष्ठ र जवाफदेही बनाउनको लागि महालेखा नियन्त्रक कार्यालयले आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या तयार गरी जारी गरेको छ।
- लेखा परिक्षण ऐन, २०७५ ले सार्वजनिक खर्चलाई पारदर्शीता र मितव्ययिता कायम गर्नको लागि अन्तिम लेखा परिक्षणलाई व्यवस्थित गर्नको लागि महालेखा परिक्षकलाई काम, कर्तव्य सहितको जिम्मेवारी दिइएको छ।
- यी व्यवस्थाका बावजुद संघीयताको कार्यान्वयनसँगै वित्तीय व्यवस्थालाई सहज, सरल, पारदर्शी र जवाफदेहिता प्रवर्द्धन गर्नको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ जारी भएको छ। सार्वजनिक

वित्त व्यवस्थापनमा विशेष भुमिका रहने यो ऐन र नियमावलीको बारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक रहेकोले यहाँ प्रस्तुत गरिएको छ।

### आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 तथा नियमावली, 2077 का प्रमुख व्यवस्थाहरुः

राजनीतिक परिवर्तनसँगै आम नागरिकहरूका उर्लदा इच्छा चाहाना र आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि उपलब्ध स्रोत साधनको समुचित परिचालन गर्नु सार्वजनिक व्यवस्थापनको मुख्य काम हो। सार्वजनिक व्यवस्थापन अन्तर्गत संघ प्रदेश र स्थानीय तहको सञ्चित कोषको व्यवस्थापन र सञ्चालन गरी सहकार्य, समन्वय र सहअस्तित्वको आधारमा आर्थिक गतिविधिलाई व्यावस्थित गर्नको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ल्याइएको हो। साविकमा रहेको आर्थिक कार्यविधि ऐन, २०५५ मा विद्यमान एकात्मक र केन्द्रिकृत शासन व्यवस्था अनुसारको आर्थिक कार्यविधिको सट्टामा संघीयताको व्यवस्था अनुसारको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न ल्याइएको यो ऐन संघीय व्यवस्थापिकाबाट पारीत भई मिति २०७६/०६/२४ मा प्रमाणीकरण भएको हो।

नेपालको संविधानको मूलमर्म अनुरूप आर्थिक गतिविधि तथा वित्तीय उत्तरदायित्वको व्यवस्थापन गरी समग्रमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्नु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को उद्देश्य हो। सार्वजनिक वित्तको मालिक आम नागरिक भएकोले उनीहरूको सर्वोत्तम हित र कल्याणको लागि उनीहरूकै जनप्रतिनिधिमूलक शासन व्यवस्था अन्तर्गतको व्यवस्थापिकाबाट स्वीकृत गरेर कार्यकारीद्धारा सञ्चालन र व्यवस्थापन गर्नुको साथै निष्पक्ष, स्वतन्त्र र सक्षम न्यायपालिका मार्फत न्यायमा सबैको समान पहुँच स्थापित गर्नु आवश्यक छ। संघीय शासन प्रणाली मार्फत संघ, प्रदेश र स्थानीय तहको बीचमा समुचित समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा कानूनी शासनको माध्यमद्धारा आर्थिक अनुशासन तथा समग्रमा सार्वजनिक व्यवस्थापनमा सुशासन कायम गर्दै वित्तीय संघीयताको सफलतापूर्वक कार्यान्वयन गर्नु यसको प्रमुख ध्येय हो।

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को उपादेयता

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणलाई संस्थागत गर्दै संघीय गणतन्त्रात्मक लोकतान्त्रिक नेपालको शासन व्यवस्था अन्तर्गत हुने समग्र आर्थिक गतिविधि तथा क्रियाकलापहरूलाई व्यवस्थित गर्दै समृद्ध मुलुकमा बसोबास गर्ने सुखी र खुसी

नेपालीहरूको आर्थिक अनुशासनको कडी बन्ने उद्देश्यका साथ जारी भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का अन्य उपादेयताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन गर्न,
- बजेट तर्जुमा, निकासा तथा खर्चसम्बन्धी व्यवस्थापन गर्न,
- आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न,
- आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन,
- लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गर्न,
- संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन,
- विनियोजन कुशलता र कार्यान्वयनमा दक्षता अभिबृद्धि गरी दिगो तथा सन्तुलित विकास प्रक्रियालाई अगाडि बढाउन,
- समष्टिगत आर्थिक स्थायित्व कायम गर्न,
- संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न,
- भ्रष्टाचार तथा आर्थिक अनियमिततालाई निरुत्साहित गरी सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्न र गराउन,
- कानूनी शासनको माध्यमद्धारा आर्थिक अनुशासन कायम गर्दै सुशासन कायम गर्न।

**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा रहेका मुख्य मुख्य व्यवस्थाहरुः**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसँग सम्बन्धित विभिन्न कुराहरूलाई परिभाषित गरी स्पस्ट पारीएको छ।
- जिम्मेवार निकाय लेखाउत्तरदायी अधिकृतको काम कर्तव्यको किटान गरेको छ।
- राजस्व, नगद, जिन्सी लगायत सरकारी सम्पत्ति व्यवस्थापनको लागि स्पष्ट व्यवस्था गरेको छ।
- आयोजना बैकको प्रभावकारी व्यावस्थापन तथा सञ्चालनमा जोड दिएको छ।
- भ्रष्टाचार तथा आर्थिक अनियमितताको न्युनीकरण गर्दै कानूनी शासनमा जोड दिएको छ।
- Public Purse को सञ्चालन गर्दा Public Accountability कायम हुने व्यवस्था गरेको छ।
- आयोजना बैंकको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनमा जोड दिएको छ।

- पूँजीगत खर्चको बढोत्तरीको लागि वातावरण तयार गरेको छ।
  जस्तै प्रत्येक आ.व.को फाल्गुन मसान्तसम्म पनि खर्च नभएको, पहिलो चौमासिकको अन्त्य सम्म पनि विभाजन हुन नसकेको रकम वा चालु आ.व.मा खर्च हुन नसक्ने रकमलाई surrender गर्नुपर्ने व्यवस्था गरी स्रोत विनियोजनमा कुशलता कायम गर्नु खोजेको छ। यसले गर्दा कतै स्रोतको बढी हुने त कतै कम हुने अवस्थाको अन्त्य गर्न यसले सहयोग गर्दछ।
- आन्तरिक नियन्त्रणलाई प्रभावकारी गराउनको लागि आर्थिक अनुसाशन तथा आन्तरिक लेखापरिक्षणलाई थप प्रभावकारी बनाउने व्यवस्था गरेको छ। म. ले. नि. का. मा छुट्टै आ. ले. प. इकाई हुने, आ.ले.प. मा संलग्न हुने लेखा समूहको कर्मचारीहरू कार्यसञ्चालन गर्न वा भुक्तानी दिने कार्यमा संलग्न नहुने कुराको प्रत्याभूति, नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था, जनशक्तिको क्षमता विकास, IT को प्रयोगमा व्यापकता, सांगठनिक सुधार गर्ने परिकल्पना गरेको।
- आयोजना व्यवस्थापनलाई थप प्रभावकारी बनाई पूँजीगत खर्चमा बढोत्तरी गर्नुका साथै राष्ट्रिय पूँजी निर्माणमा जोड दिएको छ। उच्च प्राथमिकतामा रहेका, विस्तृत अध्ययन विश्लेषण प्रतिवेदन स्वीकृत भएका, वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन स्वीकृत भएका, जग्गा प्राप्ति वा मुआब्जासम्बन्धीका कुराहरू टुङ्गो लागेका, लागत प्रभावी, बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका, सामाजिक लाभ उच्च भएका र सम्बन्धित लाभग्राहीको अनुरोधमा सम्बन्धित स्थानीय सरकार र प्रदेश सरकारको सिफारिस प्राप्त आयोजनाहरूलाई आयोजना बैंकमा समावेश गर्नुपर्ने व्यवस्थाले गर्दा राजनीतिक नेतृत्व तथा उच्च तहका राष्ट्रसेवकहरूबाट दबाबमा आयोजनाहरू समावेश गर्ने परिपाटीको अन्त्य हुने देखिन्छ।
- चालु आवधिक योजना र चालु बजेट बीचमा तादाम्यता कायम गर्नका लागि राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष तीन वर्षको मध्कालीन खर्च संरचना तयार गर्ने व्यवस्था छ।
- प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा तथा निर्माणको तिथि, विधि र प्रक्रिया निर्धारण गरेको छ। स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था, बजेट सीमा र मार्गदर्शन सम्बन्धित मन्त्रालय/सचिवालय/आयोगमा पठाउनुपर्ने व्यवस्था, बजेट प्रस्ताव र छलफल गर्ने, लगायतका अन्य आवश्यक कुराहरूको स्पष्ट उल्लेख गरेको छ।

- लेखाउत्तरदायी अधिकृतले स्रोतको अनुमान र खर्चको सीमा निर्धारण, बजेटको सीमा र मार्गदर्शनका आधारमा कार्यान्वयन तयार गरी बजेट प्रस्ताव गर्नु पर्दछ। बजेट प्रस्ताव गर्दा नेपाल सरकार कार्यविभाजन नियमावली बमोजिम सम्बन्धित मन्त्रालयलाई तोकिएको कार्यहरू, नेपाल सरकारको मौजुदा नीति र कार्यक्रम, चालु आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रम, मध्यकालीन खर्च संरचनाको प्रतिवेदन, विगतदेखि सर्दै आएका दायित्वहरू, सम्बन्धित कार्यक्रमको लागत विश्लेषण, आयोजना बैंकमा प्रविष्ट भएका आयोजनाहरूको लागि आवश्यक रकम र गत आ.व. को र चालु आ.व.को ६ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण जस्ता कुराहरूलाई विशेष ध्यान दिनुपर्दछ।
- बजेट कार्यान्वयन प्रभावकारीतामा सार्वजनिक वित्तका मालिक आम नागरिकको प्रतिनिधीमूलक राज्यको अंग व्यवस्थापिका संसदको स्वीकृति लिनुपर्ने व्यवस्थाले "No Taxation Without Representation and no expenditure without acceptance of legislation" भन्ने विश्वव्यापी लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गरेको छ।
- प्रत्येक आगामी आर्थिक वर्षको बजेट अर्थमन्त्रीले जेष्ठ १५ गते संघीय व्यवस्थापिकाको सदनमा पेश गर्नुपर्ने व्यवस्था रहेकोले ढिलो बजेट प्रस्तुत हुने कुरालाई निषेध गरेको छ।
- LMBIS लाई नै अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट निकासा हुने प्रक्रिया अपनाइएकोले ढिलो अख्तियारी प्राप्त भई पूँजीगत विकास निर्माणका गतिविधि प्रभावित हुने कुराको अन्त्य भएको छ भन्न सकिन्छ।
- बजेट घाटा पूर्ति गर्ने स्रोत परिचालनको स्पष्ट आधार खुलाई घाटा बजेट पेश गर्न सक्ने व्यवस्था रहेको छ।
- बजेट निकासा, खर्च र नियन्त्रणको विधि, मापदण्ड र प्रणालीको स्पष्ट व्यवस्था रहेको छ।
- लेखाउत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति र कार्यालय प्रमुखको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धीको जिम्मेवारी किटान गरिएको छ।
- प्रत्येक कार्यालयको नाममा विनियोजन वा बाँडफाँड भएको रकम प्रचलित कानून बमोजिम निकासा प्राप्त गरी खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरुजु फस्यौंट गर्ने गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ।
- स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा अर्थ मन्त्रालय तथा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

- बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुख सो आवश्यक प्रतिफल सूचकसहित कार्यसम्पादन करार गर्नुपर्ने छ। करार अनुसार राम्रो कार्यसम्पादन गर्नेलाई पुरस्कृत गर्न सक्ने व्यवस्था रहेको छ।
- रकमान्तर र स्रोतान्तरलाई निरुत्साहित गर्दै अत्यावश्यक क्षेत्रमा मात्र रकमान्तर गर्न सकिने व्यवस्था गरेको छ। तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्व र पूँजीगत खर्चको लागि विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोले स्रोत साधनको विनियोजनमा कुशलता र वस्तुनिष्ठता कायम गर्दै पूँजीगत खर्चमा बढोत्तरी तथा कार्यान्वयन दक्षता अभिबृद्धि गर्ने अभिप्राय देखिन्छ।
- पूँजीगत र वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर अर्थ मन्त्रालयले गर्ने व्यवस्था रहेको छ।
- स्रोतान्तर गर्ने वा भुक्तानी विधि परिवर्तन गर्ने अधिकार अर्थ मन्त्रालयको हुने व्यवस्था छ।
- समर्पण भइ आएको रकम अर्थ मन्त्रालयले अन्य स्वीकृत योजना तथा कार्यक्रममा रकमान्तर गर्न सक्ने व्यवस्था छ।
- मासिक, त्रैमासिक तथा वार्षिक रूपमा प्रभावकारी अनुगमन तथा मुल्याङ्कनको व्यवस्था रहेको छ।
- खर्चको मापदण्ड तथा बजेट निकासा र विलको भुक्तानी दिने समयावधी किटान भएको भुक्तानी आदेश प्राप्त भएको मितिले १५ दिनभित्र आवश्यक प्रक्रिया पुगेको भएमा रकम निकासा गर्नुपर्ने तथा भुक्तानीको लागि कर विजक तथा अन्य विल प्राप्त भएको ३५ दिन भित्रमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ। यसो गर्न नसकिएमा कारवाही हुने व्यवस्था समेत रहेको छ। यसले गर्दा आर्थिक व्यवस्थापनमा हुने ढिला सुस्तीको अन्त्य हुने देखिन्छ।
- विनियोजन, राजश्व, धरौंटी तथा अन्य सरकारी कारोबारको लेखाको सिद्धान्त, आधार र ढाँचा निर्दिष्ट गरिए बमोजिम हुने व्यवस्था रहेको छ।
- वैदेशिक सहायताको प्रभावकारीता कायम गर्नको लागि जोड दिएको छ।
- सार्वजनिक आर्थिक व्यवस्थापनमा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्नको लागि नेपालको संविधानले व्यवस्था गरे बमोजिमको संवैधानिक निकाय महालेखा परीक्षकको कार्यालयलाई अन्तिम लेखापरिक्षण गर्ने जिम्मेवारी तोकिएको छ। अन्तिम लेखापरीक्षणलाई वस्तुनिष्ट तथा प्रभावकारीरूपमा सञ्चालन

गर्नको लागि निम्नानुसारका मुख्य-मुख्य व्यवस्थाहरू राखिएका छन्।

- ✓ लेखापरीक्षणको शिलशिलामा कमजोरी देखिएमा तत्काल सुधार गर्न सुझाब दिने,
- ✓ आन्तरिक लेखापरीकले औल्याएको बेरुजुको कारण सहित हटाइएकोमा बाहेकका कुराहरूलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था,
- ✓ लेखा परीक्षणको शिलशिलामा जिन्सी सामाग्रीको दाखिला छुटी नेपाल सरकारलाई हानी नोक्सानी हुने देखिएका तत्काल जिन्सी दाखिला गर्न लगाउनु पर्ने व्यवस्था,
- ✓ महालेखा परीक्षकको कार्यालयले जुनसुकै सरकारी कार्यालयको लेखा श्रेस्ता तथा जिन्सी श्रेस्ता तथा अन्य कागजातहरू आवश्यक रहेको बेलामा हेर्न पाउने अधिकार दिइएको छ भने सो सम्बन्धिका माग भइ आएका श्रेस्ताहरू उपलब्ध गराउने काम सम्बन्धित कार्यालयको कर्तव्य हुने व्यवस्था उल्लेख गरिएको,
- ✓ लेखापरीक्षण प्रतिबेदनमा उल्लेखित कुराहरूको कार्यान्वयन गर्ने सम्वन्धित लेखाउत्तरदायी अधिकृत वा जिम्मेवार व्यात्तिको जिम्मेवारी हुने व्यवस्था।

- प्रचलित कानून बमोजिम पुर्याउनुपर्ने रीत नपुर्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औल्याइएको वा ठहर्याएको कारोबार नै बेरुजु हो। बेरुजु कम हुनु वा नहुनु नै असल शासन तथा सुशासनको द्योतक हो। बेरुजुको लगत राख्ने, कार्ययोजना बनाई बेरुजु फछ्र्यौट गराउने, बेरुजुको फरफारख गर्ने, लेखापरीक्षणको वार्षिक प्रतिवेदनमा छलफल गर्ने, सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेका बेरुजुको लागि सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको राय लिई बेरुजु फछ्र्यौट समितिको गठन गरी बेरुजु फछ्र्यौट गर्ने गराउने तथा सो समितिको गठन विधि तथा काम, कर्तव्य र अधिकारको व्यव्था गरेको छ।
- सार्वजनिक सम्पत्ति तथा जिन्सीको व्यवस्थापनमा प्रभावकारिता ल्याउन बरबुझारथ, लिलाम बिक्री तथा मिनाहा सम्बन्धी व्यवस्था गरिएको छ।
- असुल उपर गर्नुपर्ने भनी औल्याइएका बेरुजु तथा सरकारी बाँकी असुलीको लागि महालेखा नियन्त्रक कार्यालय मातहत कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालय रहेको छ। यस कार्यालयको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। यस कार्यालयले असुल उपर गर्नुपर्ने बेरुजुको लगत कसी सरकारी बाँकी सरह असुल उपर गर्ने काम गर्दछ।
- सम्बन्धित स्थानीय तह र प्रदेश सरकारले आ-आफ्नो क्षेत्रको वित्तीय विवरणहरू तयार गरी पेश गर्दछन् भने नेपाल सरकारको समग्र एकिकृत वार्षिक विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई दिइएको छ।

- वित्तसम्बन्धी प्रतिफलमा सुधार गर्न, वित्तीय अनुशासन, पारदर्शीता तथा जवाफदेहिता तथा सोबाट प्राप्त हुने प्रतिफलप्रतिको उत्तरदायित्व तथा परिपालना नै वित्तीय उत्तरदायित्व हो। विभिन्न निकायहरू तथा पदाधिकारीहरूको वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहितासम्बन्धी स्पष्ट व्यवस्था गरेको छ।

**उल्लिखित वित्त व्यवस्थापनसम्बन्धीका कानूनी व्यवस्थाका वावजुत पनि युवा तथा खेलकुद विकासको क्षेत्रमा देहायका कानूनहरू क्रियाशिल रहेका छन ।**

- युथ भिजन, २०२५,
- राष्ट्रिय युवा नीति, २०७२
- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७
- राष्ट्रिय खेलकुद विकास नियमावली, २०७८ (प्रस्तावित) ।

  यी कानूनी व्यवस्थाहरूको बारेमा युवालाई आमरूपमा जानकारी गराउनु पर्दछ। नीतिको पैरवी गर्ने र नीति संवाद गर्ने कार्यमा युवा जनशक्तिको सक्रिय भूमिका आजको आवश्यकता हो।

**संस्थागत र कार्यगत व्यवस्था**

युवा जनशक्तिलाई अनुशासित बनाउनको लागि प्राथमिक विद्यालय घर परिवार नै हो। नैतिकवान, सदाचारी र लगनशील नागरिक राष्ट्रका सम्पत्ति हुन्। मानवपूँजी निर्माण र सम्भावनाको पूर्ण उपयोग गर्ने कार्यलाई पन्ध्रौं योजनाले प्राथिमकताका साथ महत्त्व दिएको छ। युवा जनशक्तिलाई खेलकुद तथा उद्यमशील कार्यको माध्यमबाट राष्ट्रनिर्माणमा लगाउन सकिन्छ। युवा जनशक्तिलाई सामाजिक ऐक्यबद्धता, धार्मिक सहिष्णुता र उद्यमशील कार्यसंस्कृतिको निर्माणको लागि घर परिवार, समाज, शिक्षण संस्थाहरू, धार्मिक संघ संस्थाहरूको अतिरिक्त निम्नानसुारका सार्वजनिक निकायहरू संलग्न रहेका छन्।

- संघ, प्रदेश र स्थानीय तहका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका
- युवा तथा खेलकुद मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अर्थ मन्त्रालय
- संवैधानिक आयोगहरू
- नागरिक समाज र
- पत्रकार जगत ।

यी उल्लिखित कानूनी तथा संस्थागत व्यवस्थाहरूको लागि निम्नानुसार कार्यक्रमहरू सञ्चालित छन्।

- गरिबसँग विश्वेस्वर
- आफ्नो गाउँ आफै बनाउ
- युवा स्वरोजगार कार्यक्रम
- प्रधानमन्त्री रोजगार कार्यक्रम
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम
- युवा क्लवबाट सामाजिक कार्यहरू गर्ने व्यवस्था
- शैक्षिक कर्जा कार्यक्रम
- खेलकुद कार्यक्रममार्फत युवालाई राष्ट्रको विकासमा जोड्ने तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा पहिचान कायम गर्ने कार्य
- उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माणका कार्यहरू ।

**नेपालको सार्वजनिक वित्त व्यवस्थापनका विद्यमान समस्याहरुः**

समस्याविहिन क्षेत्र कुनैपनि हुँदैन भने झै यो क्षेत्र पनि अछुतो छैन। नेपालको सार्वजनिक वित्त व्यवस्थापनमा रहेका मुख्य समस्याहरू निम्नानुसार छन्।

- अर्थमन्त्रीले राजश्व र व्यायको अनुमानित आय-व्याय व्यवस्थापिका सदनमा पेश हुने मिति जेष्ठ १५ नै भनेर तोकीएकोले सो दिनमा हुने अस्वभाविक घटना, प्राकृतिक प्रकोप तथा विपत्ति परे के हुने उल्लेख छैन,
- संघीय सरकारको बजेट पेश गर्ने समय निश्चित भए पनि प्रदेश सरकार र स्थानीय तहले बजेट पेश गर्ने समय अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐनमा रहेको छ। एउटै कानूनले समेट्न सकेको भए एकरूपता र सामञ्जस्यता कायम गर्न सकिने थियो।
- स्थानीय तह र प्रदेश सरकारको आफ्नै आर्थिक कार्यविधि बनाउन सक्ने व्यवस्थाले प्रतिवेदन प्रणालीमा असर पार्न सक्ने देखिन्छ। कतिपय स्थानीय तहले बजेट स्वीकृत नै नगरी खर्च गर्ने तथा अन्तिम लेखापरीक्षण नै नगराउने प्रवृत्ति छ। आन्तरिक लेखापरीक्षणको लागि सम्बन्धित गाउँपालिका र नगरपालिकामा यथेष्ट र दक्ष जनशक्ति नहुने अवस्था एकातिर छ भने कोष तथा लेखा नियन्त्रक कार्यालयमा पनि कर्मचारीको अभाव नै देखिन्छ। कतिपय स्थानीय तहको आन्तरिक लेखा परीक्षण गर्न नसकेको अवस्था छ। यसले गर्दा कानूनी दण्डहिनताका साथै जनप्रतिनिधिहरू र राष्ट्रसेवकहरूको अनावश्यक दम्भ पनि बढाएको छ।
- आन्तरिक लेखा परीक्षणमा अपेक्षित सुधार हुन नसकी आन्तरिक नियन्त्रण कमजोर हुँदै गएको अवस्था छ। अहिले पनि खर्च लेख्ने वा लेखा स्रेस्ता व्यवस्थापन गर्ने र आन्तरिक

लेखापरीक्षण गर्ने काम प्रशासन सेवाको लेखा समूहका उही कर्मचारीहरूबाट भइरहेकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ को व्यवस्था अनुसार महालेखा नियन्त्रक कार्यालयमा आन्तरिक लेखापरीक्षण इकाइ गठन गरी छुट्टै कर्मचारीहरू रहने व्यवस्थाले वस्तुनिष्ट आन्तरिक लेखापरीक्षण होला भन्ने अपेक्षा गर्न सकिन्छ।

- आयोजना व्यवस्थापन प्रभावकारी हुन नसकेको, गौरवका आयोजनाहरू नै २४ हुनुले राष्ट्रिय प्राथमिकता र आवश्यकता के हो? कुन बढी प्राथमिकताका आयोजना हुन छुटयाउन गाह्रो छ। आयोजना बैंकभन्दा बाहिरबाट पनि योजना तथा कार्यक्रमहरू समावेश गर्ने व्यवहारिक अभ्यासले निरन्तरता पाएको छ।
- संघीयताको कार्यान्वयनसँगै साझा कर र एकल कराधिकारको व्यवस्था गरेको छ। कर सहभागीता बढाइ समतामैत्री र करदातामैत्री कर प्रशासन सञ्चालन गर्न सकिएको छैन्।
- कार्य सम्पादन करारलाई व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गरी यसलाई पुरस्कार र दण्डसँग आबद्ध गर्न सकिएको छैन।
- आ.व.को अन्त्यतिर स्रोतान्तर र रकमान्तर गर्ने परिपाटी विद्यमान छ। यसले विनियोजन कुशलता नरहेको कुरालाई इङ्गित गर्दछ।
- विकास व्यवस्थापन तथा पूँजीगत खर्चमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।
- वैदेशिक सहायता लगायतका सबै प्रकारका सहायता तथा खर्चलाई बजेटमा समावेश गर्न नसकिएको। जस्तै महालेखा परीक्षकको सन्ताउन्नौं प्रतिवेदन अनुसार आ.व. २०७६/७७ मा नेपाललाई प्राप्त भएको कुल वैदेशिक सहायतामध्ये करिव २२ प्रतिशत रकम गैह्र बजेटरी खर्च भएको छ।
- कार्यान्वयन दक्षता अपेक्षित रूपमाबृद्धि हुन नसकेको। जस्तै महालेखा परीक्षकको सन्ताउन्नौं प्रतिवेदन अनुसार आ.व. २०७६/७७ मा प्राप्त भएको कुल वैदेशिक सहायताको करिव ४५ प्रतिशत मात्रै खर्च भएको छ।
- पछिल्लो समयमा चालु खर्चको अनुपातमा पूँजीगत खर्चको बढोत्तरी हुन नसकेको अवस्था छ ।
- संघीयताको कार्यान्वयन सँगै प्रशासनिक खर्चमा बढोत्तरी भएको छ।
- सरोकारवालहरूको बीचमा समुचित समन्वय र सार्थक सहभागिता कायम हुन नसकेको अवस्था विद्यमान छ।
- कर्तव्यनिष्ट राष्ट्रसेवकहरू, दृढ इच्छाशक्ति सहितको स्वप्नद्रष्टा राजनीतिज्ञ, चेतनशील नागरिक समाज र खोजपूर्ण पत्रकारिताको विकास अपेक्षित हुन सकेको छैन।

## सुधारका लागि सुझाबहरू

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ का साथै वित्त व्यवस्थापनमा संलग्न अन्य कानूनको कार्यान्वयनका क्रममा देखिएका सैद्धान्तिक र व्यवहारिक कठिनाइहरू रहेता पनि "हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ" भने झै यो क्षेत्र पनि अपवाद रहने कुरै भएन। तसर्थ, सुधारका लागि निम्नानुसारका सुझावहरू दिन सकिन्छ।

- संघीयताका तीनवटै तहको साझा अधिकारका विषयहरूको कार्यान्वयनका लागि बन्न बाँकी कानून तत्काल बनाइ जारी गर्नुपर्ने देखिन्छ।
- संघ, प्रदेश र स्थानीय तह सबैमा एकरूपता कायम गर्ने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वको वहन गर्ने वातावरण तयार गर्नु पर्दछ।
- बजेट प्रस्तुत गर्ने निश्चित मिति तोक्नुभन्दा अवधि तोक्नु राम्रो हुन्छ। तोकिएको समयावधीभित्र बजेट प्रस्तुत गर्ने व्यवस्था बढी व्यवहारिक हुने देखिन्छ (वजेट पेश गर्ने दिनमा कुनै विपत्ति परेमा के हुने अन्यौलता छ) ।
- कानून परिपालनमा जोड दिने र दण्डहिनतालाई निरुत्साहित गर्दै कानूनी कारवाहीको दायरामा ल्याउनुपर्ने देखिन्छ।
- आन्तरिक लेखा परीक्षणको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का साथै वित्त व्यवस्थापनसँग सम्बन्धित अन्य कानूनको प्रभावकारी  कार्यान्वयन गर्नु पर्दछ ।
- आयोजना बैंकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ।
- कार्यसम्पादन करारलाई व्यवहारिक रूपमा कार्यान्वयन गरी यसलाई कार्यसम्पादन मुल्याङ्कन, बढुवा, सरुवा तथा पुरस्कार र दण्डसँग आबद्ध गरिनु पर्दछ।
- विनियोजन कुशलता कायम गरी रकमान्तर र स्रोतान्तरलाई कम गर्दै लानु आवश्यक देखिन्छ।
- T S A, L M B I S र CGAS  मा अन्तर आबद्धता गरिएको छ। यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ।
- राजश्व, विनियोजन, खर्च, धरौटी, जिन्सी र बेरुजुको आधुनिक प्रविधिमा आधारित सबै निकायहरूमा एकरूपता कायम गर्ने गरी निश्चित लेखा सफ्टवेयर निर्माण गरी सूचक सहितको प्रभावकारी अनुगमन मुल्याङ्कनको व्यवस्था गर्नुपर्दछ।
- चालु खर्च र प्रशासनिक खर्चलाई निश्चित सीमामा राखी पुँजिगत खर्चमा बढोत्तरी गर्नु आवश्यक छ।

- सबै प्रकारका खर्चहरूलाई बजेटमा समावेश गर्नु अत्यन्त जरुरी देखिन्छ।
- बजेट स्वीकृति नगरी खर्च गर्ने र लेखापरीक्षण नगराउने स्थानीय तहको स्वीकृत कार्यविधि बनाई अनुदान कटौती गर्नु आवश्यक देखिन्छ।
- कार्यान्वयन दक्षता अभिवृद्धि गर्दै प्रादेशिक तथा स्थानीय सन्तुलन सहितको विकास प्रक्रिया अगाडि बढाउनु आवश्यक छ।
- आर्थिक अनियमितता र भ्रष्टाचार नियन्त्रणको लागि प्रभावकारी कदम चालिनु पर्दछ।
- चालु आवधिक योजना, चालु बजेट र कार्यक्रमको बीचमा समुचित तालमेल मिलाउनु पर्दछ।
- बेरुजु फस्यौंट महत्व दिई जसको पालाको बेरुजु उसले फछ्यौंट गर्ने परिपाटीको विकास गरिनु पर्दछ। बेरुजु फछ्यौंटलाई पुरस्कार र दण्डसँग आबद्ध गरिनु पर्दछ।
- सरोकारवालाहरूको बीचमा समुचित समन्वय तथा सार्थक र अर्थपूर्ण सहभागिता कायम गर्नु पर्दछ।
- वित्त व्यवस्थापनको समग्र पाटोमा युवा जनशक्तिको सहभागिता र परिचालन गर्नु गराउनु पर्दछ।
- कर्तव्यनिष्ट राष्ट्रसेवकहरू, दृढ इच्छाशक्ति सहितको स्वप्नद्रष्टा राजनीतिज्ञ, चेतनशील नागरिक समाज र खोजपूर्ण पत्रकारिताको विकास गरी सरकारी पहलमा आर्थिक ऐनको पूर्णरूपमा कार्यान्वयन गरी आर्थिक रूपमा समृद्धिशाली र आत्मनिर्भर राष्ट्रका सुखी र खुसी नेपालीको सपना पुरा गर्न सक्ने देखिन्छ, सरोकारवाला सबैको ध्यान जानु जरुरी देखिन्छ।

## निष्कर्ष

नेपाल जस्तो अल्पविकसित मुलुकको सामु विद्यमान चुनौंतीहरूको न्युनीकरण गर्नको लागि राज्य तथा गैर राज्यपात्रहरूको समन्वयात्मक, सहकार्यात्मक र साझेदारीमा काम गर्नु आवश्यक छ। युवा जनशक्तिको जोश जाँगरमा सीपको लेप लगाई अनुशासनको गहना पहिर्याउन सके राष्ट्रको मुहार फेरिनेछ । राष्ट्रिय हित अभिवृद्धि, सार्वभौमिक समानता र पारस्परिक लाभको आधारमा अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मान उच्च हुने गरी अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्नु पर्दछ। युवाको सफल नेतृत्व सहितको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणले मुलुकमा दिगो शान्ति, सुशासन र समृद्धिको राष्ट्रिय आकांक्षा पुरा हनेछ। समृद्ध नेपालको समावेशी र सुन्दर आँगनमा हँसिला र सुखी नेपालीको सृजनात्मकता मौलाउनेमा आशावादी हुन सकिन्छ।

♦

# युवा र सरकार

अशोक खनाल*



नेपाल विकासशील देशको सूचीमा पुग्नका लागि संघर्षरत छ। पन्ध्रौं योजनाले समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना गरेको छ। देश विकासको आधार भनेको नै युवा र युवा विकास हो। मुलुक नयाँ संविधान कार्यान्वयनको गतिमा छ भने संघीयता कार्यान्वयनमा प्रयासरत पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको कार्यकालको पनि उतरार्धमा छ। नीतिगत तथा संरचनागत आधारमा नेपालमा स्थानीयतह र प्रादेशिक संरचनालाई पनि संस्थागत गर्नुपर्ने जिम्मेवारीका साथसाथै मुलुकको विकास र समृद्धिको माग पूरा गर्नुपर्ने रहेकोछ। हिजोका दिनमा एउटा मात्र शक्ति केन्द्र सिंहदरबार थियो भने आज ७ सय ६१ ओटा शक्तिको केन्द्रहरू छन्। देशमा सुशासनको अवस्था आशातीत रूपमा कायम गर्न सकिएको छैन भने युवा विकासका क्षेत्रमा क्रमश: प्रगति भईरहेको भएता पनि आर्थिक विकासमा युवाको नेतृत्वदायी भूमिका अभिवृद्धि गर्न सकिएको छैन।

## नेपालमा युवा र युवा विकास

युवा भनेको किशोरावस्था र वयस्क अवस्था बीचको उमेर समूहका व्यक्ति हुन्। युवालाई परिभाषित गर्ने फरक फरक आधारहरू छन् र देश, अवस्था, परिवेश र कामका आधारमा भिन्नभिन्न छन्। नेपालमा राष्ट्रिय युवा परिषद् ऐन २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहका मानिसहरूलाई युवा भनेको छ, त्यसैले यो उमेरलाई हामी युवा उमेर भन्दछौं। युवा सर्वाधिक सक्रिय र गतिशील उमेर अवस्था पनि हो। राष्ट्रको विकासमा युवाको

---

* *श्री खनाल, नमोबुद्ध नगरपालिकाका नगर युवा परिषद्को कार्यकारी उपाध्यक्ष हुनुहुन्छ।*

सिर्जनशील र सार्थक सहभागितालाई एउटा प्रमुख अवयवको रूपमा स्वीकार गरिएको छ।

नेपालको राष्ट्रियजनगणना २०६८ अनुसार  नेपालमा युवाको जनसंख्या १,०६,८९,८४२ जना अर्थात् कूल जनसंख्याको ४०.३५ प्रतिशत रहेको छ। यस प्रकारले युवाको संख्या अधिक भएको अवस्था हो र यस्तो अवस्थालाई युवा जनसाङ्ख्यिकलाभको समय भन्ने गरिन्छ ।

नेपालले अहिलेको युवा जनसाङ्ख्यिक लाभांशको समयबाट फाइदा लिन सकेमा विकास र समृद्धिको स्वर्णिम युगमा प्रवेश गर्नसक्ने अवसर बन्न सक्छ। तर विविध कारणले युवाका क्षेत्रमा लगानी वृद्धि गरी देशको आर्थिक र सामाजिक पक्षमा अपेक्षाकृत परिवर्तन ल्याउन नसकिएको अवस्था छ। युवाको ज्ञान, सीप र ऊर्जाको अधिकतम सदुपयोग गर्दै समृद्ध नेपाल र सुखी नेपाली बनाउने राष्ट्रिय संकल्पलाई पूरा गर्न सकिन्छ ।

नेपाल सरकारले वि.सं. २०७२ सालमा युवा विकासका लागि राष्ट्रिय युवा नीति तथा युथभिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना जारी गरियो। नेपालमा पहिलो पटक युवा विकासका लागि सरकारीस्तरबाट तयार भएको ठोश कार्ययोजना सहितको दस्तावेज युथभिजन हो, जुन सरोकारवालाहरूसँगको सहभागितामूलक छलफल, अन्तरक्रियाबाट निर्माण भएको थियो।

## नेपालमा युवाका अवसरहरू

केशरमहलको एउटा सानो कोठाबाट सुरु भएको युवा विकास शाखा वि.सं. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको छ। युवा विकास तथा परिचालन गर्ने हेतुले वि.सं. २०७२ मा राष्ट्रिय युवा परिषद् गठन भएको छ। युवाका मुद्दाहरू सम्बोधन गर्दै मुलुकको आर्थिक र सामाजिक विकासमा युवाको सक्रिय सहभागिता वृद्धि गर्न राष्ट्रिय युवा परिषद् प्रयासरत रहेको छ।

नेपाल सरकारको १५ औं योजनाको आधारपत्रमा 'युवाको जाँगर समृद्धिको आधार' भन्ने मूल नाराका साथ युवालाई देशको समृद्धिसँग जोडेको छ भने गुणस्तरीय शिक्षा र स्वास्थ्यमा युवाको पहुँच बिस्तार गर्दै उनीहरूलाई रोजगारी, उद्यमशीलता र सीप विकासको अवसरहरू सिर्जना गर्नका लागि 'युथभिजन २०२५ सहित १० वर्षे रणनीतिक योजना' समेत ल्याइएको छ।

सबै पालिकाहरूमा सञ्चालित 'प्रधानमन्त्री रोजगार कार्यक्रम' ले युवालाई रोजगारीसँग जोडेको छ। यस कार्यक्रममार्फत सरकारले स्थानीय श्रोत र साधनको उपयोग र युवाको सहभागिता नै देश विकासको मूलआधार हो भन्ने कुरालाई स्थापित गराउन खोजेको छ।

चालू आर्थिक वर्षमा प्रदेश सरकारहरूले युवा लाभान्वित हुने क्षेत्रहरूमा रु. १२ अर्ब १९ करोड तथा संघीय सरकारले रु ६४ अर्ब ४९ करोड बजेट विनियोजन गरेको छ। त्यस्तै स्थानीयतहहरूले पनि युवाको विकास, उद्यमशिलता लगायतका क्षेत्रमा करोडौं रकम विनियोजन गरेको देखिएकोले सरकार युवाको विकास गरी उनीहरूको सहभागिताबाट राष्ट्रनिर्माण गर्ने बाटोमा लागेको देखिन्छ। युवासँगै रहेर युवाको क्षेत्रमा काम गर्ने स्थानीय सरकारहरू र तिनीहरूका नीति तथा कार्यक्रमले पनि युवाका प्रशस्त संभावनाहरू देखाएको छ।

सबै युवालाई रोजगारी प्रदान गर्ने भन्दा पनि युवाको क्षमता विकास गरी आर्थिक समृद्धिमा उनीहरूको भूमिका अभिवृद्धि गर्ने हो। नीति निर्माणमा युवाको सहभागिता वृद्धि गर्दै उद्यमशीलता, स्वरोजगारी तथा रोजगारीमा युवालाई सहयोग र प्रोत्साहन गर्दै जाने रणनीतिमा अनुरूप सरकार प्रयासरत रहेको देखिन्छ। यिनै कुरालाई मध्यनगर गर्दै राज्यले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरी स्वरोजगार बन्न चाहने युवालाई सहयोग गरिरहेको छ।

नेपाल सरकारले नेपाली युवालाई स्वदेशमा नै उद्यमशील र स्वरोजगार बनाउने उद्देश्यले २०७५ सालमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ ल्याएको छ जसले लगानीको क्षेत्रमा प्रशस्त संभावनाहरू र अवसरका ढोकाहरू खोलेको छ। सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिले "क" देखि "घ" वर्गसम्मका बैङ्क तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जालाई अनिवार्य कार्यान्वयन गर्नुपर्ने वाध्यात्मक व्यवस्थासमेत गरेको छ।

कानूनी रूपमा पनि युवाका लागि प्रशस्त संभावनाहरू छन्। राष्ट्रिय युवा परिषद् ऐन सँगसंगै युथभिजन २०२५ तथा १० वर्षे राष्ट्रिय रणनीति यस अघि नै बनेर कार्यान्वयनमा छन् भने ७ वटै प्रदेश सभामा प्रदेश युवा परिषद् ऐन तथा प्रदेश खेलकुद परिषद् ऐन पेश भएका छन्। केही प्रदेशले यी ऐनहरू कार्यान्यनमा नै ल्याइसकेका छन्।

स्थानीय तह आफैंमा पनि कानून निर्माण गर्ने निकाय हो, प्रायः स्थानीय तहहरूले स्वतः स्फूर्त रूपमा युवाका लागि नीति, कार्यविधि तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिरहेका छन्। नीति मात्र होइन नीति निर्माण र कार्यान्वयन तहमा युवाको सहभागिता सुनिश्चित गर्न पालिकास्तरीय युवा परिषद्, विभिन्न समितिहरू र पालिकास्तरीय युवा क्लब तथा संजाल पनि गठन गरेका छन्। राष्ट्रिय युवा परिषद्ले संघ प्रदेश र स्थानीय तहमा सञ्चालन गरिरहेको नमूना युवा संसद्को अभ्यासले पनि युवा सहभागिता वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

## युवाका क्षेत्रमा संभावना र चुनौतिहरू

युवाको विकास गरी राष्ट्रनिर्माणमा उनीहरूको सहभागिता अभिवृद्धि गर्ने हेतुले जति नीतिगत र कानूनी व्यवस्थाहरू भए पनि यसको कार्यान्वयनमा उति नै समस्या र चुनौतिहरू देखिएका छन्। ती समस्याहरू हल गर्न ल्याइएका नीतिगत तथा संरचनागत व्यवस्थाले नतिजामुखी परिणाम दिन नसक्दा मुलुकमा बेरोजगारी, जनशक्ति पलायन र अर्धदक्ष जनशक्तिको बाहुल्यता जस्ता समस्याहरू छन्।

मुलुकको समृद्धिको आधार लगानी मात्र होइन लगानीका लागि उपयुक्त वातावरण पनि हो। विद्यमान नीति तथा प्रावधानहरू पनि उद्यमशीलताका लागि अनुकूल हुने गरी संशोधन गर्न जरुरी छ।

कोभिड–१९ को कारणले अहिले मुलुकमा लाखौं युवा बेरोजगार बन्नु परेको अवस्था छ भने बैदेशिक रोजगारीबाट धेरै युवा बेरोजगार भै फर्किरहेका छन्। सरकारले ती युवालाई समेटेर रोजगारीका कार्यक्रम ल्याउनु आवश्यक रहेको छ ।

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, पूर्णरूपमा लागू नहुँदा युवाले बैंकबाट सहजै कर्जा पाउन नसकिरहेको अवस्था छ। दुई वर्षमा केवल २८ हजार ६ सय ८७ जना युवाले मात्र उक्त कर्जा प्राप्त गर्न सफल भएका छन्।

विश्व भूमण्डलीकरण पश्चात वैदेशिक रोजगार र वैदेशिक लगानी निश्चित भूगोलमा मात्र सीमित छैन। नेपालबाट विश्वका विभिन्न देशमा वैदेशिक रोजगारीका क्रममा करिब २१ करोड ५० लाख मानिस आफ्नो देशबाहिर रहेका छन् भने नेपालबाट बाहिरिने तथ्याङ्क हेर्दा वि.सं. २०५८ को जनगणनाले कुल ७ लाख ६२ हजार १ सय ८१ मानिसहरू देशबाट

बाहिरिएका देखाउँछ, भने वि.सं. २०६८ सम्म आउँदा सो संख्या उल्लेख्य रूपमा बढेर १९ लाख २१ हजार ४ सय ९४ पुगेको देखिन्छ। तीमध्ये १६ लाख ८४ हजार २९ (८७.६४ प्रतिशत) पुरुष र २ लाख ३७ हजार ४ सय (१२.३६ प्रतिशत) महिलाको संख्या रहेको छ। देशबाट बाहिरिने अधिकांश मानिस (१०–५९ वर्ष) उमेर समूहका भएकाले आर्थिक रूपले सक्रिय जनशक्तिको ठूलो हिस्सा बाहिरिएको देखिन्छ।

देशबाट ठूलो संख्यामा जनशक्ति बाहिरिए र केहि युवामात्र सेवामूलक क्षेत्रमा प्रवेश गरे। यसको कारण  देशमा औद्योगिक क्षेत्रको आशातीत विकास र बिस्तार हुन सकेन। कृषि पेशाबाट मानिस बाहिर आए तर उत्पादनमूलक उद्योगको विकास र बिस्तार भएको छैन। उद्योग बढ्नुको साटो घटेर उत्पादनको अवस्था झनै ओरालो लाग्दो अवस्थामा छ, यो अवस्थालाई चिर्न नसकिएमा समृद्धि हासिल गर्न सकिँदैन। कृषिलाई सम्मानित पेशाका रूपमा विकास गरी वार्षिक अर्बौं रुपैयाँको खाद्यान्न आयात गर्नपर्ने अवस्थालाई प्रतिस्थापन गर्न जरुरी छ। यसर्थ कृषि पेशातर्फ युवालाई आकर्षित गरी यसलाई आर्थिक समृद्धिको साधन बनाउन आवश्यक छ।

नेपाली समाजमा बढ्दै गएको लागूऔषधको प्रयोग र कुलत हो जसमा युवाको संलग्नता बढी देखिन्छ। नेपालको कूल युवाको जनसंख्यामध्ये करिब १० प्रतिशत युवाले लागूऔषधको प्रयोग गर्ने गरेको अनुमान छ। लागूऔषधको प्रयोगले दिनानुदिन समाजमा अशान्ति र अराजकताको अवस्था सिर्जना भईरहेको छ। अर्कातर्फ ती युवाबाट राष्ट्रले पाउनुपर्ने सेवा प्राप्त गर्न नसकिरहेको अवस्था छ। राज्यको लगानी त्यस्ता युवाबाट सिर्जित विकृतिको नियन्त्रणमा लगाउनुपर्ने अर्को बाध्यात्मक परिस्थितिको सिर्जना भएको छ। यसर्थ लागूऔषध नियन्त्रण गरी युवालाई नवसिर्जना र राष्ट्रनिर्माणमा लगाई समृद्धिको अभियानलाई  सफल बनाउन आवश्यक छ ।

मुलुक संघीय शासन प्रणालीमा गएको छ। संघीयताले स्थानीय अर्थतन्त्रलाई प्रभावित गर्छ तर स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनका लागि पनि प्रदेश तथा स्थानीय सरकारलाई विशेषत: युवा, स्वास्थ्य, शिक्षा, खानेपानीलगायतका क्षेत्रमा केन्द्रित गर्नु आवश्यक छ तर यो संरचनाभित्र पनि सुशासनको प्रश्न उठ्न सुरु भइसकेको छ। सुशासनको प्रवर्द्धन समृद्धिका लागि अपरिहार्य तत्व हो। पछिल्लो दशकमा नेपालको सुशासनको सूचक सन्तोषजनक हुन सकेको छैन। सार्वजनिक पद धारण गरेका पदाधिकारीमा पुस्तौनी पुग्ने

सम्पत्ति कमाउने मोह बढेकै कारणले भ्रष्टाचार बढेको छ। यसर्थ नेपाललाई समृद्ध बनाउन पनि त्यस्ता भष्ट्राचारजन्य कार्यलाई नियन्त्रण गरी सुशासन कायम गर्न आवश्यक छ। राजनीतिलाई सेवाका रूपमा विकास गरी राजनीतिमा लागेका मान्छेले सदाचारिताको उदाहरण प्रस्तुत गर्न आवश्यक छ। यसो भएमा समृद्धिले फड्को मार्न सक्छ। युवा देशको समृद्धिको संवाहक नै भएकाले उनीहरूको जोस, जाँगर, उत्साहलाई सीप र कौशलमा परिवर्तन गरी समृद्ध नेपालको अभियानलाई सार्थक गर्न सकिने भएकाले राज्यका सबै तहले युवा परिचालन गर्ने तर्फ केन्द्रित गर्नुपर्ने देखिन्छ ।

राष्ट्रविकासको लागि बढ्दो अर्थव्यवस्थामा युवाको सहभागिता अत्यावश्यक हुन्छ। राष्ट्रनिर्माणको प्रमुख शक्ति युवा नै हो त्यसैले राष्ट्रको दिगो विकासको लागि उनीहरूलाई सक्षम र सशक्त बनाउन हरेक स्थानीय तहले आफ्ना प्रयासहरू थालनी गर्न आवश्यक छ। हरेक स्थानीय सरकारले युवालाई निर्णय प्रक्रियामा सामेल गरी सशक्त बनाउनु पर्छ। बढ्दो अर्थव्यवस्थामा युवाको सहभागिताले देशभक्तिको भावना जगाउँदछ र उनीहरूलाई देशको जिम्मेवार नागरिक बन्न प्रोत्साहित गर्दछ।

हरेक युवाको भविष्य निर्माण गर्न उनीहरूलाई उपयुक्त ज्ञान, सीप र साधनहरू प्रदान गर्नु पर्दछ। सही शिक्षाले हरेक व्यक्तिको लागि जीवनको जग निर्माण गर्न मद्दत पुग्दछ। हरेक स्थानीय तहले युवाको क्षमता विकास गरी उनीहरूलाई रोजगारीका अवसरहरू प्रदान गरी राष्ट्रनिर्माणमा सहभागी गराउनु पर्दछ। कार्यान्वयन पक्षमा मात्र नभई नीतिनिर्माण र योजना तर्जुमासमेत युवाको सहभागिता बढाई उनीहरूलाई जिम्मेवार नागरिकको रूपमा प्रस्तुत गर्नु पर्दछ।

प्रत्येक गाउँका उर्वर भूमिहरू त्यसै बाँझो पल्टिएका छन। हरेक बर्ष छिमेकी मुलुकबाट अन्न, फलफूल, तरकारी किनेर ल्याउनु पर्ने वाध्यात्मक अवस्था छ। घरपरिवारलाई गाउँमै छाडेर परदेशी बनेका युवा मासिक केहि हजार रूपयाँको लागि तातो मरुभूमि, अग्ला भवन, तेलका गहिरा कुवा र उद्योगहरूमा ज्यानको बाजी लगाएर दिनरात पसिना बगाउँछन्। परिवारको सुखको लागि पसिना बगाउँदा बगाउँदै कतिपय युवा दुर्घटनामा परेर प्राण त्याग्छन् र बन्द बाकसमा लास बनेर घर फर्कइन्छन्। कतिपय युवा अंगभंग भएर जीउँदो लास बनेर फर्काइएका पनि छन्। कतिपय आफ्नै गल्ती र कमजोरीले आपराधिक क्रियाकलाप गर्दा उत्तै मृत्युदण्डको शिकार बनेका छन्। यस्ता समास्या बीचमा रहेर हरेक स्थानीय तहले समाधानका लागि बेलैमा नीतिगत व्यवस्था गर्न जरुरी छ।

हरेक समस्याबाट देश र जनतालाई निकास दिने युवा पुस्ता नै हुन्। देशमा चारैतिर फैलदै गएको अस्तव्यस्ततालाई जरैसमेत उखेलेर फाल्न र खनजोत, गोडमेल गरी विकास र समृद्धि रोपेर फलाउन युवा नै अघि बढ्नुपर्ने अहिलेको आवश्यकता हो। यसका लागि युवालाई उद्यमशील बनाउनु र रोजगार दिनु पहिलो शर्त हो। प्रत्येक पालिकाले आफ्ना लागि आवश्यक जनशक्ति तयार गर्न प्राविधिक शिक्षा र प्रशिक्षणको व्यवस्था गर्नुपर्छ। विद्यालय तहदेखि प्राविधिक शिक्षाको नीति लागू गर्न जरुरी छ। नीतिनिर्माण तहमा बसेकाहरूलाई युवामुखी कार्यक्रम ल्याउनका लागि निरन्तर दवाव दिनुपर्छ। देशलाई आत्मनिर्भर बनाउन आवश्यकता अनुसार उद्यम तथा व्यवसाय स्थापना गर्न सकेमा र बाहिरी मुलुकबाट आयात गर्नुपर्ने अवस्था घटाउन सकिन्छ र देशको पूँजी देशभित्रै राखी आर्थिक उन्नति र विकासमा खर्च गर्न सकिन्छ।

जुन देशले आफ्ना युवाको सृजनात्मक श्रम, सीप र बुद्धि विवेक उपयोग गरेका छन् त्यस मुलुकको मुहारमा विकासको मुस्कान देख्न पाइएको छ। राष्ट्र विकासको रथ हाक्ने आधारभुत शक्ति भनेको युवाको शक्ति नै हो र उक्तशक्ति नै देश विकासको प्रमुख ऊर्जा हो। युवाको ऊर्जा र क्षमताले जुनसुकै चुनौती र अवरोधहरूलाई पाखा लगाइ नयाँ सोच र नयाँ प्राविधिबाट विकासको गोरेटो कोर्न सकिन्छ। कुनै पद वा अहोदामा बसेर वा नबसेरै पनि राष्ट्रको विकासमा सक्रिय सहभागिता जनाउन सकिन्छ। तसर्थ, देश विकासको गहकिलो जिम्मेवारीलाई बोक्न सक्ने बलियो खम्बाका रूपमा रहेका युवालाई अल्छी हुन र कुलतमा बरालिन नदिई उनीहरूको जोश र जाँगरलाई उनीहरूको व्यक्तिगत विकास र राष्ट्रनिर्माणमा लगाउनु आजको आवश्यकता हो।

नेपालमा राजनीतिलाई फोहोरी खेल भनेर पनि यसबाट पन्छिन खोज्ने युवाको जमात क्रमश: बढ्दो छ। यो मानसिकतालाई तोडेर युवाले प्रत्येक क्षेत्रमा आफ्नो नेतृत्व लिन अग्रसर हुनुपर्छ। समाज र राज्यमा स्थापित नीति र नियमले युवालाई प्रत्यक्ष प्रभावित पार्दछ भने त्यस्ता नीति र नियम संशोधन गर्न युवा किन अघि नसर्ने? कुनै पनि कार्यको कार्यान्वयन पक्षलाई व्यक्तिको सोचले प्रभावित पार्दछ भने त्यस्ता कार्यान्वयन पक्षको नेतृत्व युवाले किन नलिने? तसर्थ, राजनीति सबै व्यक्तिको जीवनलाई प्रभावित पार्ने पक्ष हो योबाट कोहि अलग हुन सक्दैन। युवाले राजनीतिबाट अलग हुन खोज्नु पानीबाट जीवन अलग राख्छु भने जस्तो हुन्छ। हो कुनै राजनीतिक दलको सदस्य बन्नु पर्छ भन्ने छैन तर समाज र राष्ट्रमा हुने हरेक गतिविधिमा युवाको संलग्नता हुन्छ नै र हुनु पनि पर्छ। कुनै अनियमितता र

अस्वभाविकतामा चुप लागेर बस्नु भनेको त्यसलाई स्वीकार गर्नु हो। आजको स्वीकार भावले भोलि आफैले र आफ्ना सन्ततिले त्यसको असर अवश्य बेहोर्नु पर्छ। तसर्थ, आफ्नो भावी जीवनका लागि र भावी सन्ततिका लागि आजका युवाले सत्यको पक्ष लिई उपयुक्त निर्णय लिने विषयमा आफ्ना मत जाहेर गर्ने बानी बसाल्नु पर्छ।

मुलुकको राजनैतिक, आर्थिक र सामाजिक क्षेत्र लगायत विकास निर्माणमा युवाले नै नेतृत्वदायी र भूमिका खेल्नु आजको टट्कारो आवश्यकता हो। ऊर्जाशील युवाको दक्षता र अग्रसरतालाई ध्यान दिई राज्य सञ्चालनका हरेक तह र क्षेत्रमा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी देश विकासको खाका बनाउनुको विकल्प छैन।

♦

# दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि स्थानीयकरण

अर्जुन भट्टराई*



"हाम्रो विश्वको रूपान्तरण: दिगो विकासको लागि २०३० एजेण्डा (Transforming Our World: The 2030 Agenda for Sustainable Development)" भनेर नामाकरण गरी सन् २०१५ को सेप्टेम्बर २५ मा संयुक्त राष्ट्र संघको सत्तरीऔं महासभाले विकास एजेण्डालाई ५ ओटा महत्त्वपूर्ण क्षेत्रहरू: जनता (People), पृथ्वी (Planet), समृद्धि (Prosperity), शान्ति (Peace) र साझेदारी (Partnership) का लागि प्रतिबद्धता सहित तयार पारिएको कार्ययोजना विश्वभर लागू गर्ने विकास ढाँचालाई दिगो विकासको लक्ष्य तथा २०३० एजेण्डाको रूपमा अगाडि सारिएको छ। सन् २००० मा ल्याएको सहस्राब्दी विकास लक्ष्य (MDGs) हरूको उपलब्धिमा टेकेर मानवअधिकार र सामाजिक न्यायको सिद्धान्तमा आधारित भई पछाडि पारिएको क्षेत्र, वर्ग, महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, बालिका, वृद्ध, लैङ्गिक अल्पसंख्यक लगायत सबै उत्पीडित वर्गहरूको समानता तथा सशक्तीकरण हासिल गर्न एजेण्डा २०३० का रूपमा अघि सारिएको छ। यस एजेण्डामा मुख्य गरी विकासका तीन आयामहरू आर्थिक, सामाजिक र वातावरणीय सन्तुलनलाई आधार लिएको छ। सन् २०३० सम्मका लागि धेरै नै महत्त्वकांक्षी सूचकहरू राखी १९३ देशका सरकार प्रमुख/प्रतिनिधिहरूले हस्ताक्षर गरेको हुनाले सबै देशहरू, सबै सम्बन्धित पक्षहरू र साझेदारीमा संलग्न भएका सबै संघ संस्थाहरूले यसको कार्यान्वयन गर्ने अभिभारा लिएको छ। नेपालले पनि हस्ताक्षर मात्र नगरी यसलाई कार्यान्वयनका लागि नीति तथा कार्यक्रमहरूमा स्पष्ट मार्गचित्र तयार गरिरहेको छ। तर गतवर्ष देखि विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले नेपालमा पनि प्रत्यक्ष प्रभाव पारेको हुनाले दिगो विकासका लक्ष्यहरू हासिल गर्न चूनौतीपूर्ण देखिएको छ।

---

*  *श्री भट्टराई, गैरसरकारी संस्था महासंघ नेपालका उपमहासचिव हुनुहुन्छ।*

दिगो विकासका एजेण्डामा विकासका समग्र सवालहरूलाई उठान गरेको भए पनि मुख्य रूपमा आगामी सन् २०३० भित्रमा सबै ठाउँमा गरिबी र भोकमरीको अन्त्य गर्ने वाचा गरेको छ। त्यसैगरी सबैलाई गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा, देशभित्र र देशहरूबीच रहेको असमानता विरुद्ध लड्ने, मानवअधिकारको रक्षा गर्ने साथै महिला तथा बालिकाहरूको सशक्तीकरण गर्दै लैंगिक समानताको प्रवर्द्धन गर्ने, पृथ्वी र प्राकृतिक श्रोत साधनहरूको रक्षाको सुनिश्चिता गर्ने उल्लेख गरेको छ। साथै जलवायु परिवर्तन न्यूनिकरणको लागि तत्काल काम थाल्ने संकल्प गरिएको छ। अर्कोतर्फ यसले विभिन्न तहमा देशको विकास र क्षमतालाई ध्यानमा राख्दै दिगो, समावेशी र स्थायी आर्थिक वृद्धि, समृद्धिका लागि सबैको साझेदारी, लोकतन्त्र, मानवअधिकार, शान्ति र न्याय जस्ता सवालहरूमा प्रतिबद्धता जनाएको छ। हाम्रो जस्तो देशका लागि यस्ता प्रतिबद्धताहरूले अति नै दुरगामी महत्त्व राख्ने छन्।

दिगो विकासले तय गरेका १७ ओटा लक्ष्यहरू हासिल गर्नका लागि १५९ ओटा टार्गेटहरु तथा विश्वभरका लागि २३४ ओटा सूचकहरू र नेपालले आफ्नो सन्दर्भमा थप गरिएका २४५ ओटा गरी जम्मा ४७९ ओटा सूचकहरू तय गरेको छ।

दिगो विकासका लक्ष्यहरूलाई साझायात्राको रूपमा व्याख्या गर्दै कसैलाई पनि पछाडि नछाड्ने (Leave no one behind) वाचा अगाडि सारिएको छ। यो नारा मात्र नभई यस्तो प्रतिबद्धता हो जसमा यसभन्दा पहिला नगरिएका साझा महत्त्वका विषयहरू समावेश गरी हस्ताक्षरकर्ता राष्ट्रले लागू गर्नका लागि नीति तथा कार्यक्रम र बजेटबाट स्पष्ट पार्न जरूरी रहेको छ।

नेपालको सन्दर्भमा पनि अरू मुलुकमा झैं यहाँको सरकार नै दिगो विकासको एजेण्डा कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय हो। त्यस कारण राष्ट्रिय नीति, योजना, रणनीतिहरू र कार्यक्रमहरू तर्जुमा गर्दा दिगो विकासका लक्ष्यले तय गरेका सूचकहरूका आधारमा गर्न जरूरी छ अनि मात्र सन् २०३० सम्ममा कसैलाई पछाडि नछाड्ने वाचा पूरा हुन सक्छ। अहिले नेपालको SDG कार्यान्वयन गर्ने निकाय राष्ट्रिय योजना आयोग रहेको छ भने संसदमा दिगो विकास तथा सुशासन समिति, प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय कार्यान्वयन समिति, योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा समन्वय समिति, योजना आयोगको सदस्यहरू संयोजक रहने गरी विषयगत समिति गठन भएको छ। यस्ता संयन्त्रहरू निर्माण भए पनि प्रदेश र स्थानीय तहमा संयन्त्र बनी नसकेकोले स्थानीयस्तरमा SDG को महत्त्वलाई आत्मसाथ गर्न सकिरहेको छैन।

नेपालले अहिले संघीय शासन प्रणालीको अभ्यास गरिरहेको छ त्यस कारण स्थानीय सरकार र प्रादेशिक सरकारहरूको पनि एजेण्डाहरू कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका रहन्छ। त्यति मात्र नभई एजेण्डाको कार्यान्वयनमा सामाजिक संघ संस्थाहरू, सहकारीहरू, निजी क्षेत्र, विकास साझेदार, सिंगो नागरिकको महत्त्वपूर्ण योगदान रहन्छ भन्ने कुरा बुझ्न जरूरी रहेको छ। त्यसै गरी राजनैतिक दलहरू, सांसदहरू तथा राजनैतिक दलका कार्यकर्ताहरूको प्रतिबद्धता पनि उतिकै महत्त्वपूर्ण हुन्छ। राजनैतिक क्षेत्रको सहयोग लिएर मात्र नीति तथा कार्यक्रम र बजेट निर्माण गर्न सकेमा दिगो विकासको एजेण्डाले तय गरेको सूचकहरू प्राप्त गर्न सकिन्छ। स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा दिगो विकासका लक्ष्यहरू केन्द्रिय बनाउन सके मात्र लक्ष्य प्राप्त गर्न सहज छ । तर अहिलेको अवस्थामा धेरै स्थानीय तहमा दिगो विकासका लक्ष्यलाई कसरी आफ्नो कार्यक्रममा समेट्ने भन्ने विषयमा ज्ञानको अभाव देखिन्छ। नेपाल सरकारले दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न निम्न सवालहरूमा ध्यान दिन जरूरी देखिन्छ।

- दिगो विकासका लक्ष्य प्राप्तिका लागि सबै स्थानीय तहबाट अनुमोदन गराउने र त्यहाँ अन्तर्क्रिया तथा प्रशिक्षण गर्नु पर्ने।
- दिगो विकासका लक्ष्य प्राप्तिका लागि सबै प्रदेश तथा स्थानीय सरकारले लक्ष्य केन्द्रित रणनीति बनाउने, योजना तर्जुमा गर्ने र आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गर्ने।
- सामाजिक संघसंस्थाहरू, निजीक्षेत्र तथा समुदायमा दिगो विकासका लक्ष्यहरूको बारेमा सचेतना वृद्धि गर्ने तथा सूचक केन्द्रित भई बजेट र कार्यक्रमहरू निर्माण गरी लागू गर्ने।
- दिगो विकासका लक्ष्य प्राप्तिका सूचकहरूको प्रगतिका बारेमा बार्षिक रूपमा समीक्षा गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागको एउटा युनिट प्रत्येक जिल्लामा रहने र जिल्लाभरको सूचनाहरूलाई अद्यावधिक गर्न कम्प्युटर एप्लिकेसन तयार गर्ने र सबै स्थानीय तहमा लागू गर्ने। साथै जनगणनाका लागि तयार परिएको प्रश्नावलीमा समेत ती सूचकहरू समावेश गरी तथ्याङ्क संकलन गर्ने।
- दिगो विकासका लक्ष्यहरू प्राप्तिका सूचकहरूको उपलब्धि कागजमा मात्र नभई वास्तविक जनस्तरमा परेको प्रभावलाई पुष्टि गर्नका लागि सरोकारहरूसँग छलफल तथा क्रस भेरिफाई गर्ने।
- दिगो विकासका लक्ष्य प्राप्त गर्नका लागि दाताहरूको प्रतिबद्धता अनुरूपको सहयोग प्राप्त गर्ने र प्राप्त सहयोगलाई प्रदेश र स्थानीय तहमा न्यायोचित वितरण गर्ने।

- दिगो विकासका एजेण्डामा काम गर्ने सबै निकायहरू तथा सरोकारवालाहरूको बीचमा समन्वय र सहकार्यका साथै प्रगतिको समीक्षा गर्ने।
- नेपाल दिगो विकास मञ्चलाई सशक्त र प्रभावकारी बनाई सामाजिक संघ संस्थाहरूको क्षमता विकास र बिस्तार गर्ने।
- दिगो विकासका लक्ष्य प्राप्तिको महत्त्व दर्शाउँदै यसको प्राप्तिमा जनसहभागिता बढाउन राष्ट्रिय अभियान चलाउने।
- दिगो विकासका लागि युवालाई दिगो विकास युवादूत (SDGs Youth Ambassador) का रूपमा पालिकाहरूमा परिचालन गराउने।
- स्वच्छिक समिक्षालाई औपचारिकभन्दा पनि प्रभावाकारी स्वमूल्यांकनका रूपमा लिने, प्रदेश सकार र  पालिकाहरूमा पनि यस्ता अभ्यासहरू गर्ने ।
- कोभिड महामारीले दिगो विकासको लक्ष्य प्राप्तिमा पारेको प्रभाव अध्ययन गरी आवश्यक रणनीतिहरू तय गर्ने।
- दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि प्रदेश सरकार र स्थानीय सरकारहरूले सामाजिक संघ संस्थाहरूमा कार्यरत दक्ष जनशक्तिलाई जनस्तरमा परिचालन गर्ने।
- दिगो विकासका सवालमा सामाजिक संघ संस्था, निजीक्षेत्र र सहकारीबाट भएका योगदानको तथ्याङ्कहरूलाई केन्द्रिय तथ्याङ्क प्रणालीमा समावेश गर्ने।
- दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न तय गरेका सूचकहरूलाई मापनयोग्य र समय सापेक्ष बनाउने।

♦

# युवाका क्षेत्रमा बजेट विनियोजन र अबको बाटो

जगदीश्वर पाण्डे*



सरकारले युवासम्बन्धी कार्यक्रममा पर्याप्त बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी युवा तथा खेलकुद मन्त्रालयलाई दिएमा युवाको विकासमा थप टेवा पुग्ने देखिन्छ।

नेपाल सरकारको विगत चार वर्षको बजेटलाई अनुगमन गर्ने हो भने कोभिड–१९ पछि युवाक्षेत्रलाई लिएर बढी ध्यान दिएको देखिन्छ। कोभिड–१९ अघिका दुई आर्थिक वर्षमा भएको बजेट विनियोजन (२०७५/७६ र २०७६/७७) र पछिको बजेट विनियोजन (२०७७/७८ र २०७८/७९) लाई हेर्दा कोभिड–१९ संक्रमणपछि आएका बजेटमा युवालाई बढी समेट्न खोजेको देखिन्छ।

कोभिड–१९ पछि नेपाल सरकारले युवासम्बन्धी कार्यक्रमहरूमा विनियोजन गरेको बजेटमा वृद्धि भए पनि युवा तथा खेलकुद मन्त्रालयतर्फ विनियोजित बजेटमा कमी आइरहेको देखिन्छ। युवासम्बन्धी कार्यक्रमका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, रक्षा मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलगायत मन्त्रालयहरूमा बजेट विनियोजन गरेको देखिन्छ। युवाको विकास र परिचालनका लागि स्थापना भएको मन्त्रालयमा मात्र नभई अन्य मन्त्रालयहरूमा बजेट छर्नाले युवालाई भनेर छुटाइएका बजेट तथा कार्यक्रमहरू सम्बन्धित क्षेत्रमा पुग्छ वा पुग्दैन भन्ने प्रश्न चाहि पक्कै उठ्न सक्छ।

---

* *श्री पाण्डे, पत्रकार, कान्तिपुर पत्रिकासँग अवद्ध हुनुहुन्छ ।*

आर्थिक वर्ष २०७५/७६ मा कूल राष्ट्रिय बजेट १३ खर्ब १५ अर्ब १६ करोड १७ लाख विनियोजन गरिएकोमा युवा तथा खेलकुद मन्त्रालयलाई विनियोजित बजेट कूल बजेट ०.२१९ प्रतिशत (रु.४ अर्ब १८ करोड ९५ लाख) थियो । यस्तै, आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख विनियोजन गरिएकोमा युवा तथा खेलुकद मन्त्रालयलाई रु. ३ अर्ब ९९ करोड ८ लाख (कूल राष्ट्रिय बजेटको०.२६ प्रतिशत) थियो । आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु १४ खर्ब ७४ अर्ब ६४ करोड विनियोजन गरिएको छ। युवा तथा खेलुकद मन्त्रालयतर्फ भने जम्मा रु. २ अर्ब ३६ करोड ६० लाख (कूल राष्ट्रिय बजेटको ०.१६ प्रतिशत) विनियोजन भएको थियो। अगामि आर्थिक वर्ष २०७८/८९ को लागि सरकारले रु. १६ खर्ब ४७ अर्ब बजेट विनियोजन गरेको छ। जसमा युवा तथा खेलकुद मन्त्रालयलाई २ अर्ब ७४ करोड ६८ लाखमात्र विनियोजन गरिएको छ। यो बजेट कूल राष्ट्रिय बजेटको ०.१७ प्रतिशत मात्र हुन आउँछ। कूल राष्ट्रिय बजेटको आकार बढे पनि युवा तथा खेलकुद मन्त्रालयतर्फको आकार बढ्न नसकेको तथ्यले युवाको विकास र परिचालनको जिम्मेवारी लिएको मन्त्रालयलाई प्राथमिकता दिएको देखिँदैन। सरकारले युवा तथा खेलकुद मन्त्रालयको बजेटलाई न्यूनतम काम चलाउको हिसाबमा मात्र विनियोजन गरेको जस्तो देखिन्छ।

नेपालको संविधानको धारा ३३ को उपधारा १ अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र उपधारा २ अनुसार नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक छ। त्यसको कार्यान्वयनका लागि रोजगारीको हक सम्बन्धी ऐन–२०७५ ल्याईएको हो। उक्त कार्यक्रमको लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहको बेरोजगार व्यक्ति तथा निजको परिवार हुनेछन्। तर उक्त प्रावधानलाई सम्बोधन गर्ने गरी प्रष्ट रुपमा बजेट बजेट व्यवस्था गरेको देखिँदैन।

केन्द्रले युवालाई प्राथमिकता दिए पनि प्रदेशहरूमा त अहिलेसम्म गण्डकी प्रदेशमा बाहेक युवा तथा खेलकुद मन्त्रालय नै गठन भएको छैन। यस्तै, तीनओटा प्रदेश सरकारले भने युवा परिषद् स्थापनालाई जोड दिएका छन्। कर्णाली प्रदेशले ‘कर्णाली युवा तथा खेलकुद परिषद्’, बाग्मती प्रदेशले ‘प्रदेश युवा परिषद् तथा प्रदेश खेलुकद परिषद्’ र लुम्बिनी प्रदेशले युवा परिषद् गठन गरेका छन्।

विगत चार वर्षको बजेटलाई अध्ययन गर्दा अब नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालयमार्फत युवा बजेटलाई बढाउनु पर्ने प्रष्ट देखिन्छ। साथै युवा तथा खेलकुद

मन्त्रालयको नेतृत्वमा युवासम्बन्धी कार्यक्रमहरू एकिकृत गरेर कार्यान्वयन गर्नु उपयुक्त हुन्छ। राष्ट्रिय युवा नीतिले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा भनेर परिभाषित गरेपछि सरकारले कार्यक्रमहरू ल्याउदा त्यसलाई केन्द्रमा राखेर कार्यक्रम ल्याउनु उपयुक्त देखिन्छ।

केन्द्रले प्रदेश सरकारहरूसँग पनि समन्वय गरेर काम गरे युवाविकास तथा परिचालनको क्षेत्रमा थप टेवा पुग्ने देखिन्छ। सरकारले कोरोना भाइरसको संकटको बेलामा स्वयंसेवकको रूपमा युवालाई परिचालन गर्न सक्ने गरी केन्द्र, प्रदेश र स्थानीय तहमा छुट्टै विपद् व्यवस्थापनको तालिम दिएर युवालाई तैनाथ गरेर राख्न उचित देखिन्छ।

सरकारले युवाको शिक्षा, स्वास्थ्य र रोजगारीसम्बन्धी कार्यक्रममा प्राथमिकता दिनु आवश्यक देखिन्छ। सरकारले कोभिड–१९ पछि स्वदेशमा रहेका र विदेशबाट फर्केका युवालाई उनीहरूको क्षमता र दक्षताका आधारमा रोजगारीको अवसर सिर्जना गरे मुलुकको विकासमा मद्दत पुग्दछ।

♦

# खेलकुदको विकासका सारथि

कुशल तिमल्सिना*



उन्नाईसौं शताब्दीका महान् दार्शनिक स्वामी विवेकानन्दले त्यतिबेला भनेका थिए, 'कुनै पनि देशको समृद्धि त्यहाँको युवाशक्तिले निर्धारण गर्छ।' नेपाल सरकारले पनि देशको समृद्धि र विकासको आफ्नो लक्ष्य साकार पार्नका लागि हर क्षेत्रमा युवाको सहभागिता र उनीहरूको प्रभावशाली नेतृत्व चाहेको छ। ४० प्रतिशत युवा जनसंख्यामध्ये झण्डै २० प्रतिशत विदेश पलायन भएको अवस्थामा स्वदेशमा समृद्धिका लागि चुनौति त छँदै छ तर विदेशमा रहेका युवाले पनि मातृभूमिको विकासका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा योगदान दिईरहेका छन्।

खेलकुद समृद्धिको आधार हो। विकशित मुलुकले खेलकुदमा गरेको लगानी र लिएको प्रतिफल हाम्रोजस्तो गैरव्यवसायिक खेल गतिविधि हुने देशका लागि नौलो रहने गरे पनि केहि युवाबाट सुरुआत भएको छ। सरकारले खेलकुदको विकाससँगै खेल पर्यटनमार्फत समृद्धि हासिल गर्ने महत्वाकांक्षी योजनामा भौगोलिक स्थिति र प्राकृतिक श्रोतको उपयोग गर्नुपर्ने आवश्यकता छ।

खेलकुदको विकासका लागि महत्त्वपूर्ण आधार पूर्वाधार, प्रशिक्षण र प्रतियोगिता हुन्। हाम्रो देशले यी तीनै आधारहरूलाई यथेष्ट ध्यान दिन सकेको देखिँदैन। खेलकुदको विकासका लागि सरकारको मात्र भर पर्ने प्रवृत्तिले पनि देशमा खेलको उन्नति हुन सकेको छैन। केहि यस्ता युवा छन् कि जसले देशको खेलकुदको दीर्घकालीन विकासका लागि विदेशबाट फर्केर लगानी गरेका छन् भने कतिले स्थानीयस्तरबाट खेलकुद विकासका लागि योगदान गरिरहेका छन्।

---

* *श्री तिमल्सिना, पत्रकार, कान्तिपुर पत्रिकासँग अवद्ध हुनुहुन्छ ।*

युवा विदेशिनुलाई परिवार र समुदायमा गर्वको रूपमा हेरिने संस्कृतिमा हुर्किएका हाम्रा युवाले स्वदेश फर्केर खेलकुदका लागि दिलोज्यान लगाउनु सामान्य कुरा होइन। बक्सिङका पूर्व च्याम्पियन सुशील घिमिरेले मकाउको आकर्षक आम्दानीलाई लत्याएर गाउँमै खेलको विकासका लागि योगदान गर्ने हेतुले स्वदेश फर्किए। आफ्नै पहलमा मकवानपुरको हेटौंडा उपमहानगपालिकामा सुविधासम्पन्न खेलकुद पूर्वाधार निर्माणमा होमिएका छन्।

झण्डै १० वर्षको करिअरमा दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका सुशीलजस्ता खेलाडी भविश्यको खोजीमा विदेशिए। सुखको खोजीमा विदेशिएका उनीहरू पैसामा मात्र सन्तुष्टि मिल्ने रहेनछ भन्ने तथ्य बुझेर स्वदेश फर्किए। हेटौंडा उपमहानगरपालिका ५ पिप्लेमा युवा क्लब गठन गरी पूर्वाधार निर्माण गरेपछि त्यस क्षेत्रका खेलाडीका लागि अहिले बरदान सावित भएको छ।

बालज्योति मा.वि.को हाताभित्र झण्डै १ करोड रुपैयाँ लागतमा ४० मिटर लम्बाई र १२ मिटर चौडाईको इण्डोर कभर्डहल निर्माण सम्पन्न भएको छ। बक्सिङ, ब्याडमिन्टन, मार्सलआर्टसहित अधिकांश इण्डोर खेल खेलाउन सकिन्छ। 'अब हाम्रो क्षेत्रका खेलाडीले सुविधासम्पन्न पूर्वाधारमा प्रशिक्षण गर्न पाउनेछन्। हाम्रो समयमा यी सबै सपनाका कुरा थिए। धुलो र खाली मैदानमा बक्सिङ प्रशिक्षण गरेर म अन्तर्राष्ट्रियस्तरमा पुगेको हुँ,' भन्दै ४० वर्षीय सुशीलले आफ्नो अनुभव सुनाए, अब त्यस्तो स्थिति रहेन। कभर्डहल बनेपछि खेलाडीले सबै महिना प्रशिक्षण लिन पाउनेछन्। राष्ट्रिय खेलाडी उत्पादनमा आफ्नो तहबाट गर्न सकिने सहयोगको अधिकतम उपयोग सुशीलले पिप्लेमा गरेका छन्। वि.सं. २०७५ सालमा मकाउबाट फर्केर सुरु गरेको कामले मूर्त रूप लिएको ६ महिना भयो। दर्जनभन्दा बढी खेलाडीहरू अहिले कभर्डहलमा प्रशिक्षणरत छन्। घरमै बसेर सुविधासम्पन्न पूर्वाधारमा प्रशिक्षण गर्न पाएका यी खेलाडीले भविश्यमा अन्तर्राष्ट्रियस्तरमा नेपालका लागि पदक जिल्नेछन् भन्ने विश्वास सुशीलको छ।

यति ठूलो योजनाका लागि हेटौंडा उपमहानगरको १५ लाख रुपैयाँ सहयोगबाहेक अन्य सबै स्थानीयस्तरबाट संकलन गरिएको हो, जसको नेतृत्व घिमिरेले लिए। सुशील भन्छन् 'राष्ट्रिय खेलकुद परिषद्सम्म हाम्रो पहुँच रहेन तर जिल्ला खेलकुद विकास समितिले चाहिँ ५० हजार रुपैयाँ दिएको थियो, पैसामात्र पनि ठूलो कुरा होइन आर्थिक सहयोग गर्न नसक्नेहरूले हामीलाई नैतिक र भावनात्मक रूपमा साथ दिनुभएको छ। उहाँहरूको हौसलाले यति गर्न सकेका छौं।'

सात वर्ष विदेशमा बसेर कमाएको केहि रकमबाट सुशिलले अक्षयकोषसमेत स्थापना गरेका छन्। 'रु. १० लाखको अक्षयकोषले खेलकुद विकास, खेलाडीको इन्जूरी लगायतको समस्या समाधानका लागि उपयोग गर्ने योजना छ। विदेशमा कति बस्ने, जति कमाए पनि आत्मसन्तुष्टि नहुने रहेछ। हेटौंडाका मेयर (हरिबोल महत) र वडाध्यक्ष (राजेश बानियाँ)ले नेपालमै आएर खेलकुदका लागि काम गर्न उत्साहित गर्नुभयो, उहाँहरूकै सहयोगले अहिलेको काम सम्पन्न भएको हो,' सुशीलले भने, 'अहिले साना भाइबहिनीले यो सुविधाको उपयोग गर्न पाएका छन्, यो भन्दा ठूलो सन्तुष्टि कहाँ होला!'

उनको योजना यतिमा मात्र सीमित छैन। पिप्लेको क्याम्पाडाँडामा उनी नेतृत्वको पिप्ले युवा क्लबले फुटबल मैदान निर्माणको काम सुरु गरेको छ। मकवानपुरमै पहिलोपल्ट ४ सय मिटर एथलेटिक्स ट्र्याकसहितको फुटबल मैदानको निर्माण हालै सुरु भएको हो। १० हजार दर्शक क्षमताको स्थायी प्यारापिट निर्माणको काम अहिले भइरहेको छ। रु. ८० लाख अनुमानित लागत रहेको यो कामका लागि उपमहानगरपालिकाले ३४ लाख रुपैयाँ सहयोग उपलब्ध गराएको छ। बाँकी बजेट स्थानीयस्तरबाटै संकलन गर्ने योजना अनुसार काम अगाडि बढेको छ। कभर्डहल र फुटबल रंगशाला निर्माण भएपछि १५ भन्दा बढी खेलको प्रदेशस्तरीय प्रतियोगिता यही क्षेत्रमा आयोजना गर्न सकिनेछ।

दक्षिण एसियाली खेलकुद प्रतियोगिताका रजत पदकधारी सुशील भन्छन् 'विदेश जानुअघि खेलबाहेक मलाई अरु केहि थाहा थिएन। पञ्च हान्न मात्र जानेको मैले जीवनमा एउटा शिक्षा के पाएको छु भने मैले जस्तो अवस्था अबको पुस्ताले भोग्नु हुँदैन। समाजको विकाससँगै उनीहरूलाई पनि समृद्धिको सारथि बनाउनुपर्छ, म अन्तिम स्वाससम्म पनि खेलकुदको विकासमा योगदान दिईरहन सकूँ। त्यो गर्न सकें भने मैले जीवनको सार्थकता भेट्टाउनेछु।'

हामीले नगरे कसले गर्ने? अहिले नगरे कहिले गर्ने? यो सोच भएका गोरखाका एक युवाले समुदायस्तरबाट आर्टिफिसियल टर्फ (कृतिम घाँसे मैदान) निर्माण गरेर फुटबलमा नयाँ आयाम दिने प्रयास गरेका छन्। उनी हुन् २८ वर्षिय इलेक्ट्रिक इन्जिनियर अमित खत्री। नेपालमा खेलकुदको विकासका लागि अति आवश्यक पक्ष पूर्वाधार हो। भौगोलिक कठिनताले पूर्वाधार निर्माणको समस्यालाई चिर्दै गोरखा नगरपालिका–९ दलभन्ज्याङमा सेभेन ए साइड टर्फ मैदान निर्माण गरेर उनले नमूनाको काम गरेका छन्।

फुटबलमा धेरै नै रुची राख्ने इलेक्ट्रिक इन्जिनियर खत्रीले १० वर्ष अगाडि देखेको सपनाले यही वर्षदेखि धेरै हदसम्म मूर्तरूप लिएको छ। तर, अझै धेरै गर्न बाँकी छ। उच्च शिक्षा अध्ययन सकिएपछि जिल्ला फर्केर १४ वर्षमुनि उमेर समूहका स्कुले केटाकेटीको प्रतियोगिता आयोजना गरेपछि उनले जिल्लामा फुटबलको विकासका लागि आवश्यक कुराहरू खुट्याउँदै गए। त्यहीँबाट सुरु भएको हो, मैदान निर्माण अभियान ।

'वि.सं. २०६८ सालमा पहिलोपल्ट यू–१४ स्कूलस्तरीय प्रतियोगिता आयोजना गर्दा नै हामीलाई स्तरीय पूर्वाधारको आवश्यकता हुनेछ भन्ने सोचिसकेको थिएँ तर जसोतसो तीनओटा संस्करण हामीले उवडखावड मैदानमै गर्यौं, वि.सं. २०७१ सालमा आफ्नै गाउँमा नगरपालिकाको सरकारी जग्गा सम्याएर मैदान तयार गरेका हौं।' खत्रीले आफ्नो सुरुआती दिनबारे स्मरण गरे।

भौगोलिक अवस्थाका कारणले ११ ए साइड मैदान बनाउन नसकिएकोमा उनलाई अहिले पनि गुनासो छ। 'हामीले सार्वजनिक जग्गा खोजिरहेका थियौं र त्यो आफ्नै गाउँ/ठाउँमा होस भन्ने पनि थियो। तर फराकिलो जग्गा भेटिएन,' उनी थप्छन्। मैदान नहुनु भन्दा मापदण्ड नपुगे पनि खेल्ने थलो बन्यो। स्कुले केटाकेटीका लागि मैदान भयो। यसको प्रचारका लागि फुटबल महोत्सवको आयोजना हुन थाल्यो। महोत्सव आयोजनाले यसको प्रचारमात्र भएन स्तरोन्नतिका लागि सहयोगी हातहरू पनि जुट्न थाले ।

तीन वर्ष धुलाम्य मैदानमा महोत्सव आयोजना गरेपछि स्थानीय सरकारको आगमनसँगै जिल्लामै पहिलोपल्ट टर्फसहितको सेभेन एसाइड फुटबल मैदान निर्माणको कामले गति लिएको हो। गोरखा नगरपालिकाले पटक पटक गरी रु. १२ लाख रुपैयाँ उपलब्ध गरायो, प्रदेश सांसद माननीय हरिशरण आचार्यले रु. ८ लाखको बजेट सुनिश्चित गराए। फ्रान्सलगायत विदेशमा रहेका गोरखाली दाजुभाइ दिदीबहिनीबाट सहयोग जुट्न थाल्यो। झण्डै दुई वर्षको मिहिनेतको नतिजाले आर्टिफिसियल टर्फ मैदान तयार भयो। पालुङटार नगरपालिकाको जिन्सी सहयोग र स्थानीय जनश्रमदान पनि उत्तिकै रह्यो। रु. ३५ लाख ५० हजार खर्च भएको यो परियोजनामा अझै ३ लाख रुपैयाँ तिर्न बाँकी रहेको अमितले सुनाए। तर उनलाई विश्वास छ कि सहयोग घोषणा गरेका व्यक्तिहरूले रकम उपलव्ध गराउनेछन्।

निर्माणका क्रममा भोगेका यावत् समस्याहरूलाई बिर्साउने गरी गएको मंसिरमा चिटिक्कको मैदान तयार भयो। यो नेपालमै पहिलोपल्ट समुदायस्तरबाट निर्मित आधुनिक सुविधासम्पन्न कृतिम घाँसे मैदान फुटबल खेलको पूर्वाधार हो।

अमितले यो पूर्वाधारको महत्त्वलाई दुईओटा तर्कमार्फत परिभाषित गरेका छन्। पहिलो, हाम्रो जिल्लामा फुटबलका चर्चित हस्तीहरूको जन्म नभए पनि फुटबलमा क्षमता बोकेका खेलाडी र लोकप्रियताको कमी छैन। उनीहरूलाई एउटा संस्थागत प्रयासद्वारा मूलधारको फुटबलमा ल्याउनका लागि यो मैदान कोशेढुंगा हुनेछ। दोस्रो, नेपालका अधिकांश जिल्लाहरूको भौगोलिक बनावट गोरखाको भन्दा फरक छैन। डाँडाडाँडामा पनि सानो स्वरूपको स्तरीय मैदान बन्न सक्नेछ भनेर गोरखा जिल्ला उदाहरणीय बानोस्। भविश्यमा अरु १० ओटा जिल्ला र २० ओटा क्लबहरूलाई यस्तो प्रकृतिको संरचना निर्माणका लागि प्रेरणा मिल्यो भने हामी हाम्रो परियोजना सफल भएको मान्छौं।

अमितको भाषामा भन्ने हो भने गोरखा जिल्लाले फुटबलमा क्रान्ति अभियानको सुरुआत गरेको छ। गोरखा ऐतिहासिक जिल्ला हो। नेपाली समाज परिवर्तन र विकासका धेरै अभियानहरू यहाँबाट सुरु भएका छन्। त्यसमा अब फुटबलको क्रान्ति थपिएको छ। यसले शान्तिपूर्ण क्रान्ति गर्नेछ। भविश्यमा उच्चस्तरीय राष्ट्रिय खेलाडी उत्पादन गरी देशको खेलकुद स्तर बढाउन सहयोग गर्नेछ। जिल्ला र देशैभर फुटबल संस्कृति निर्माणको प्रयास गर्नेछ।

पोखराको सहारा एकेडेमीले जस्तै आवासीय फुटबल एकेडेमी निर्माण अबको लक्ष्य हो। यो परियोजनालाई पञ्चवर्षीय परियोजना मान्ने अमित भन्छन् 'हामीले जिल्लाका सबै स्थानीय तहसँग सहकार्य गरी पूर्वाधार निर्माणसँगै जिल्लाभरबाट खेलाडी छनोट गरी आवासीय र शिक्षाको सुविधासहित फुटबल एकेडेमी सञ्चालन गर्ने लक्ष्य राखेका छौं, त्यसको पहिलो खुट्किलोका रूपमा खेल पूर्वाधार निर्माण भएको छ। अझै पनि धेरै काम हुन बाँकी छ। भविष्यमा जिल्लालाई फुटबलबाट चर्चित र परिचित गराउने लक्ष्य छ।'

अमित फुटबल खेलाडी होइनन्। त्यसो त विकास मल्लबाहेक जिल्लाबाट राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने कुनै फुटबलर छैनन्। केहि खेलाडी ए डिभिजन खेल्थे तर उनीहरू पनि जिल्लाबाट प्रशिक्षित भएर होइनन्। त्यसैले उनीसँग आफू फुटबलमै कसरी आकर्षित भएँ र मैदान तथा एकेडेमी निर्माण अभियानमा कसरी किन होमिएँ भन्नेबारे ठोस कारण छैन। तर अहिले सोच्दा आफूले लिएको निर्णय र हिंडेको बाटोमा उनलाई गर्व छ। भविष्यमा जिल्ला र देशले गर्व गर्ने गरी योजनारत छन्।

विदेशबाट फर्केर पूर्वाधार निर्माण गरी दर्जनभन्दा बढी खेलका राष्ट्रिय खेलाडी उत्पादनमा लागेका मकवानपुरका सुशील घिमिरे र फुटबलको माहोल बनाउन उद्धत गोरखाका

अमितबीच १२ वर्षको उमेर अन्तर छ तर उनीहरूको सोच र लक्ष्य एउटै छ "खेलकुदमार्फत समाज परिवर्तन र समृद्धिको आधार।" दुवैले आआफ्नो ठाउँमा नमूनाको काम गरेका छन्। उनीहरू प्रतिनिधिपात्र हुन्। देशभर अन्य त्यस्ता धेरै पात्रहरू छन् जसले आर्थिक अभावका बीचमा पनि सत्कार्यको सुरुआत गरे र उनीसँगै थुप्रै सारथिहरू जोडिए।

परिवर्तनको संवाहक र समृद्धिको मेरुदण्ड भनेको युवा शक्ति नै हो। युवा भनेको उमेरमात्र होइन, प्रवृत्ति पनि हो, दृष्टिकोण हो। जोस, जाँगर र हिम्मत हो। देश विकासको सबैभन्दा ठूलो पूँजी हो। क्षमता भएर अवसर नपाएका र अवसर पाएर पनि उपयोग गर्न नजानेका युवालाई सही बाटोमा ल्याउने र मार्गदर्शकको भूमिकामा तीनै तहका सरकारले समन्वयकारी भूमिका निर्वाह गर्न सकेमा सुखी नेपाली समृद्ध नेपालको राष्ट्रिय लक्ष्य पूरा हुन धेरै समय लाग्ने छैन।

♦

# Youth Migration and Its Impact on Human Resources Development in Nepal

**Kalpana Rana Magar***



The unprecedented growth can be experienced in youth migration in Nepal over past decades, especially labour and student migration. As per the recent government labour approval record, more than 70,000 Nepali youth had already obtained labour approval for foreign employment whereas approximately 739 students had received immigration visa for foreign study after COVID-19 crisis and more than a million are currently working or studying at various country of destination. If this massive outsourcing of potential youth continues then there is greater risk for Nepal facing shortfall of human resources for sustainable development in coming days.

While assessing the migration trends and patterns, mostly the marginalized youth, having poor socioeconomic privileges and residing in a village or backwarded areas which are lacking behind from the decentralized developmental planning and process are the main targeted aspirant migrants. Several studies suggest that those aspirants are usually unskilled and illiterate or less educated, but are considered to be potential labour in various countries of destinations, especially the Gulf Cooperation Council (GCC), Malaysia and South Korea for blue-collar occupation including construction, manufacturing, maintenance and mining. Among seven provinces in Nepal, it is found that province 2 shares the highest percentage of labour migrants accounting 24.2% of total migrants in FY 2018/19. Likewise, student migration in Nepal has increase by six-folds in the same fiscal year 2018/19, targeting to the main destinations like Australia, Japan, Cyprus, India, China, Canada, USA and so on. An increasing number of studies have found that presence of multiple layer of intermediaries have

* *श्री मगर, सामाजिक परिवर्तन केन्द्रमा आप्रवासन कामदारसम्बन्धी अनुसन्धानकर्ताको रुपमा कार्यरत हुनुहुन्छ ।*

highly encouraged youth migration in Nepal. Generally, those intermediaries are migrant themselves or their families and relatives working or studying abroad, who easily convenience youth of their hometown with assumption of better future, good payment and attainment of stability in short period of time.

From gender lens, gender has negatively impact on women more than men. So, migration is perceived as an opportunity to escape out from discrimination and disparity. There is significant growth in the participation of women and girls in foreign labour market than earlier years. According to the government data, in FY 2018/19, the share of female migrants accounted to 8.5% of total migrants' population. This is attributed to the view of progressive gender development norms guaranteed by new constitutional provision as well as impetus of feminism where women and girls believes foreign employment and abroad study are the most preferred areas to gain economic independence and freedom of liberty against the restrictive and patriarchal social and familial parameters. However, safe, orderly and secure migrants for women migrants against remains challenging as they are first target of human trafficking, domestic violence, torture and smuggling in the country of destination.

Though Nepal is marching towards the federalism with inclusive representation and decentralized development, there is absence of robust socio-economic and political development that could assess the aspirations of Nepali youth and fit them with the best adequate opportunities. The existing poverty, higher unemployment rate and inadequate decent job opportunities increased further threshold to secure safe future while lack of continuous restructuring of education have particularly failed to incorporate main interest of youth, which is especially economic development including both employability and wealth creation. Adding to it, at present days, standard local job placement is highly competitive due to preference given to those human resources who holds the international degree and exposure. Under this context, migration is perceived as intrinsic opportunities for those resigned, powerful, persistent or frustrated aspirant youth. From migration part, national law of foreign employment must be integrated at the local level. Although, Nepal has entered in the federal system, the power and autonomy has not yet transferred to the local level despite being drafted as per the constitution. All the decisions related to migration are carried out by the federal unit only. So, the management of migration has remained problematic and inefficient.

There is no doubt that Nepal has been largely benefitted from the labour and student migration. Flow of remittance significantly supported the national

economy and nation-building of Nepal. Despite chronic COVID-19 crisis, Nepal received a total of over 495.31 billion rupees in the first half of the current fiscal year as incoming remittance inflows with an economic growth rate of 11.1%. Mostly, the received remittance have been widely used by the migrant's families for social development including children education, health, housing, and urbanization. Participation of returnee migrants through skills, expertise, entrepreneurship and their saved capital have significantly supported economic development at grassroots communities.  Many micro-economics sectors have increased tremendously contributing to the creation of self-employment, development of new technology and other innovative sectors too.

However, at the same time, Nepal is losing both huge capital and potential human resources. At least one million youths migrate to foreign employment and foreign education. Number of anecdotal evidences suggest that a high percentage of active youth of age between 18 to 50 years, migrates to foreign countries and very less percentage of youth resides at Nepal. Due to this massive mobility of youth for international migration widens the gap between development and resources constraint. A whole country will suffer from the problem of brain drain. Further, during the course of migration journey, aspirant migrants pay huge amount of capital as fund transferred to various country of destination as a recruiting fee, visa and travel fair. But, compared to labour migration, the cost of migration of student for abroad study is relatively higher. Huge amount of national capital is transferred to different country of destination for various purposes like institutional fee, course fee, English and language proficiency test fee etc. If we examine between labour and student migration, cost of migration to labour destination countries is comparatively lesser than student migration, capital are reimbursed in the form of remittance and rate of return plan are higher among labour migrants since contract period ends after minimum two years.In case of student migration, there is more uncertainty in the return plan of student and reimbursement of capital even after the completion of course studies since they will be preferring to continue their stay due to enhanced capability and desire of flourishing lifestyle present at the country of destination. Many of the students are found to be changing their permanent residence and citizenship. As a result, Nepal is likely losing the higher number of individuals who have abilities. This outsourcing of productive migrants will lead towards the permanent reduction of domestic income generation and growth of the country as well as increase the burden on the government budget. It is more striking that scarce of potential human resource will directly affect the institutionalization and localization of federal system because their role is very crucial for foundation.

Therefore, it is necessary for the Government of Nepal to recognize that human capital as the most valuable assets of the country and plight of them needs to consider in the determination of monetary and fiscal policies. To reduce the migration of sizeable active youth population, the Government of Nepal must prioritize both a regulatory and promotional mechanism. At first, a comparative research is prerequisite to understand migration nexus between youth, development and circumstances. Introducing and fostering the development in multidimensional approach expands the multiple options that address the issue of poverty, social inequalities and marginalization. Given the fact that education is the backbone of human development, reforming educational sector and strengthening responsible institutions amplifies the opportunities for the aspirant migrants to pursue, based upon what they value for their development and expression. Strengthening the knowledge-based economy along with technological advancement and youth friendly policy framework, stability and social cohesion increases the willingness among youth to return from the country of destinations or stay in Nepal. By building resilience and promoting gender sensitization in decentralized development and localization of national laws for proportional representation will contribute to empower the participation of marginalized youth with the state structure and held accountable with state operating structures to increase their beneficiaries. This will promote the practice of check and balance system between the system and individual, and ultimately aims to lower the burden of bright future. In overall, all these initiations will ultimately help to deduce the concentration of migration in coming days.

Notwithstanding, a cordial relation must be maintained among tiers of government to regulate migration cycle effectively. Their collaboration in migration planning, regulating and managing helps in domestication of foreign Employment laws effectively. Participation of youth in decision making process will ultimately promotes better understanding of aspirations and capabilities of migrants. This will enhance and ensures safe, orderly and secure migration of youth in one hand. In other hand, accountability, awareness and consciousness will be promoted among youth to achieve and safeguard their fundamental rights and services. Similarly, the coordination and collaboration between government to government will strengthen bilateral relation helps to optimize the benefits of safe migration with zero cost of migration including services like free visa-ticket and guarantee of minimum wage that saves the flow of national capital and increases remittance.

♦

# के युवाले बिर्सिएकै हो त महिनावारी ?

राधा पौडेल*



युवा, १६ -४० वर्षको उमेर समूह, बनबाट बाघ समातेर ल्याउने आँट र साहस, राष्ट्रनिर्माणको धरोहर, समृद्ध नेपालको आशा र भरोसा। नेपालको इतिहासमा युवाको योगदान जानी नजानी, प्रत्यक्ष अप्रत्यक्ष, संगठित असंगठित जुन सुकै दृष्टिकोणले मनग्य थियो र रहनेछ वा रहनुपर्छ। युवाले नीतिगत, पारिवारिक, सामाजिक सहयोग वा सहजीकरण सोचेजस्तो नपाए पनि उसको उपस्थिति शिक्षा, स्वास्थ्य, वातावरण, सुरक्षा, रोजगार, राजनीति, उद्यम, कला, साहित्य, पर्यटन, विज्ञान आदि सबैतिर रहेको छ।

यो पृथ्वीमा मानिसहरू कसरी बने होलान्, यहाँसम्म कसरी आइपुगे होलान् भनेर घोत्लिदै जाने हो भने सृष्टिको शुरुवातका लागि महिनावारी एक अनिबार्य जैविक शर्त हो। होमो स्यपियेन्स वा चिम्पान्जी वा ४ खर्ब बर्षदेखि महिनावारी अस्तित्वमा छ। महिनावारीका कारण यो विज्ञान वा राजनीति, वा यो सभ्यता अघि बढीरहेको कुरामा दुईमत छैन। महिनावारी प्राकृतिक प्रक्रिया हो भने महिनावारी हुँदा के के छुने, के के नछुने, के के खाने, के के नखाने, कहाँ कहाँ जान हुने, कहाँ कहाँ जान नहुने आदि कुरा वा अभ्यास वा चलन भने समाजले बनाएको हो। नेपालको हकमा यस्ता अभ्यास झन्डै ५० भन्दा बढी छन्। व्याख्या फरक भएता पनि महिनावारी बार्ने अभ्यास नेपालमा पनि सबै जात, धर्म, क्षेत्र, वर्गमा प्रचलनमा छ। यस्ता अभ्यास कतै धर्मको नाममा, कतै संस्कृति, कतै चलन वा परम्परा, कतै गौरव, कतै गरिबी, कतै केका नाममा अस्तित्वमा छ। ती अभ्यासहरू कतै देखिन्छन्, कतै देखिँदैनन्। कतै सूची लामो छ, कतै छोटो छ। कतै निजी जीवनमा देखिन्छन् र सार्वजनिक जीवनमा देखिँदैनन् भने कतै सार्वजनिक जीवनमा पनि देखिन्छन्।

* *श्री पौडेल, महिला अधिकारकर्मी हुनुहुन्छ।*

त्यस्तै यसको नामकरण पनि फरक फरक छ जस्तो पर सरेको, बाहिर सरेको, पन्छेको, महिनावारी, रजस्वला, कामी भएको, पण्डितनी, महारानी भएको, स्यालले टोकेको, माइत गएको, छुइ, छाउपडी, छाउ, पाखा सरेको, मिन्स भएको आदि। चाहे जे सुकै नाम होस्, जस्तो सुकै अभ्यास होस्, चाहे पूजा नगर्ने, भान्सामा नजाने मात्रै बारेको होस् वा दर्जन नै बारेको होस् जे जे गरे पनि, जेको बहानामा गरे पनि, यसको अन्तरनिहीत कारण भनेको महिनावारीको रगतलाई अशुद्ध वा फोहोर मान्नु हो र महिनावारी भएको व्यक्तिलाई नियमित गरिरहेको क्रियाकलापबाट छुटाउनु हो। जुन नेपालको संविधानमा प्रत्याभूत गरेका मौलिक हकहरू जस्तो सम्मानपूर्वक जिउने, स्वास्थ्य, शिक्षा, वातावरण, सहभागिता, छुवाछुत बिरुद्धको, बालअधिकार, आदि अधिकारहरू हनन् भएको अवस्था हो। मानव अधिकारको हनन् भएको अवस्था हो। नेपाल सरकारले पक्ष राष्ट्र भएर हस्ताक्षर गरेका दर्जनौ सन्धि महासन्धि विपरीतको अभ्यास हो। महिनावारी हुँदा भोक लागेमा आफैं भान्सामा पसेर मन लागेको खानेकुरा पहिले झैं खान नपाउने अवस्था आउनु भनेको खानाको अधिकारको हनन् हो। भान्सामा जान नपाउने वा निश्चित ठाउँमा मात्र जान पाउने हुँदा स्वतन्त्रताको अधिकार हनन् हुने भयो। भान्सामा वा बैठक कोठामा आमाबुवा, भाइबहिनी सँगसंगै बसेर गफ गर्न नपाउने वा खान नपाउनु सहभागिता हुन पाउने अधिकारको हनन् भयो। सहभागिता राजनीतिक अधिकार हो। अझै स्पष्टसँग भन्ने हो भने भान्सा पहिलो संसद भवन हो वा शान्तिवार्ताको टेवल हो, जहाँ महिनावारी भएका बेला  सहभागिता बान्छनीय छ।

'महिनावारी विभेद' (महिनावारी निषेध, लाज, दुर्व्यवहार, पहुँच र उपयोगमा नियन्त्रण, बलात्कार, धुँवा वा जाडोले निस्सासिनु आदि) लाई मानव अधिकारको हनन् भइरहेको अवस्थाका रूपमा आत्मसाथ नगर्नु, वा महिनावारीसँग जोडिएको 'जटिलत' र ' बहुमुखी' अभ्यासलाई अवमूल्यन गर्नु, युवाको दायित्व महशुस नगर्नु युवाले बिर्सेको सबाल हो भनेर भन्न हिचकिचाउनु पर्दैन। युवाको राजनीतिमा अर्थपूर्ण सहभागिताका लागि घरपरिवारका सदस्यसँग सँगै बसेर बहस गर्न सक्ने, बा-आमालाई प्रश्न गर्न सक्ने, स्थिति भए मात्र सम्भव छ। तसर्थ, युवाले परम्परागत रूपमा गर्दिँदै आएको भूमिकाभन्दा अलिक फराकिलो, गहिरो, वैज्ञानिक भूमिका अग्रगामी रूपले चाल्नु पर्ने देखिन्छ।

नेपालको मात्रै हैन संसारकै आधा जनसंख्या महिलाको छ। महिनावारीसँग जोडिएको सोच, व्यवहार वा अभ्यासले अल्पकालीन र दीर्घकालीन रूपमा महिलाको जीवनचक्र सहित सिंगो समाजलाई असर पारेको हुन्छ। पेटमा बच्चा आएदेखि लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने, छोराछोरी हुर्काउने, शिक्षालय फरक पार्ने, महिनावारी बार्ने, विवाह गर्ने, बच्चा जन्माउने,

हुर्काउने, रजनोवृत्ति, पाठेघर, स्तनको क्यान्सर आदि महिनावारीसँग सम्बन्धित हुन्छ तर हामी महिनावारी विभेदको कुरा गर्दा रगत बगेका दिनहरूलाई र ती दिनहरूमा देखिने खालका विभेदलाई मात्र संकेत गर्छौं र भन्छौं कि महिनावारी सरसफाईको विषय हो, यो निजी विषय हो, यो महिलाको मात्र विषय हो, यो गरिबहरूको विषय हो, यो नपढेकाहरूको विषय हो, यो गाउँमा बस्नेहरूको विषय हो, यो छाउपडीको विषय हो आदि आदि।

महिनावारी विभेदको पछाडि 'शक्ति' को मुख्य भूमिका छ। अर्थात् महिनावारीले अदृश्य रूपमा बच्चा उमेरदेखि नै महिला र पुरुष बीचको फरकका साथै शक्तिको निर्माण गर्दछ जुन बलियो वा जकडिएको हुन्छ। आजको लोकतन्त्रिक समाजका युवाले समाजमा अदृश्य रूपमा सामाजिकीकरण भइरहेको 'शक्ति निर्माण' प्रकृयालाई विश्लेषण गर्दै राजनैतिक, आर्थिक, सामाजिक, स्वास्थ्य, शिक्षा क्षेत्रका आयामहरूमा गम्भीर चर्चा, अध्ययन, अनुसन्धान गर्दै नीतिगत सम्बोधन गर्न युवाले बिर्सिएको हो भनेर भन्दा अतियुक्ति नहोला।

स्वास्थ्यका दृष्टिकोणले महिनावारी विभेदका कारण देशको स्वास्थ्य सूचकहरूमा गम्भीर प्रभाव पारेको हुन्छ।सबैभन्दा डर लाग्दो मानसिक स्वास्थ्य हो जुन युवा हुनु पूर्व नै देखिन्छ। करीब ६-१२ वर्षभित्र बालबालिकाले आमा, दिदी, सानिमा आदिबाट सिकेका महिनावारी विभेदसम्बन्धी केहि न केहि गर्न हुने र नहुने अभ्यासहरू आत्मसाथ गर्छन् र आफ्नो सोचको विकाश गर्दछन्। बालकहरूमा आफूलाई 'शक्तिशाली' महशुस गरी शक्तिको दुरूपयोग गर्ने, दिदीबहिनी, आमाबुवालाई नटेर्ने, आफ्नो मनोमानी गर्ने गर्छन् भने बालिकामा 'शक्तिविहिन' महशुस गरी बोल्न डराउने र सहने गर्छन् । जसले जे महशुस गर्छ उसको सोच पनि त्यहि अनुसार विकास हुन्छ। बालिका बेलादेखि नै, घरबाट नै हिंसा सहने बानीको विकास हुन्छ। यहाँ विशेष गरी मानसिक स्वास्थ्यमा गम्भीर असर पर्न जान्छ। जन्मिदै पुरुषहरू बदमास जन्मिएका हैनन्, हाम्रो समाजमा भएको महिनावारी प्रतिको मौनताका कारण बालकहरूले महिनावारीका कारण आफू जन्मिएको कुरा बुझ्न नसक्नु र महिलाहरूले महिनावारीका कारण यो सृष्टि बचाउने गौरवपूर्ण कार्यको जिम्मा पाएको सामान्यभन्दा सामान्य तथ्य बुझ्न र बुझाउन नसकेको कारण महिनावारीलाई हानिकारक अभ्यास अन्तर्गत राखेर व्याख्या गर्नु नै पहिलो त्रुटी भएको छ। कुनै विशेष जात, क्षेत्र, वा समूहमा विद्यमान अभ्यास हानिकारक हुन सक्ला तर महिनावारी नेपालमा मात्र नभई संसार भरका महिला, ट्रान्सम्यान र क्वीरमा हुने प्रकिया हो। महिनावारी विभेद संसार भर नै केहि न केहि, कुनै न कुनै माध्यमबाट चली आएको अवस्थामा छ। पश्चिम नेपालका केहि जिल्लामा देखिएका गोठ वा घटनालाई लिएर महिनावारी अभ्यासको जटिलता

वा राजनैतिक, सामाजिक, आर्थिक, वातावरणीय आदि आयामहरूसँगको नकारात्मक असरको नजर अन्दाज गरिएको अवस्था छ। युवा देशको आशा र भरोशा हुन् उनीहरू जता हावा चल्यो उतै हल्लिनेभन्दा पनि अनुसन्धानले के भन्छ, विज्ञानले के भन्छ, समाजको वास्तविक धरातल माथि आलोचनात्मक चेतका साथ संस्थाको मिशन र अभियान छेड्न ढिलो गरिनु हुन्न। विद्यालय छोड्नु, चाँडो विवाह गर्नु, आत्महत्या गर्नु जस्ता समस्याहरू हाम्रो समाजमा देखिएका महिनावारी विभेदसँग जोडिएका घटनाहरू हुन्। जसलाई अनुसन्धानले देखाइसकेका छन् | जहाँ जहाँ महिनावारीका बारेमा मौनता छ, जहाँ जहाँ महिनावारीका बारेमा बहस, छलफल कम छ त्यहाँ त्यहाँ चाडो विवाह गर्ने दर र महिला हिंसा धेरै देखिन्छ। महिनावारीका बारेमा छलफल गर्नु भनेको आफ्नो यो जगतको अस्तित्वलाई बुझ्न कोसिस गर्नु पनि हो।

महिनावारी स्वास्थ्यको कुरा गर्दा पेट दुख्ने, ढाड दुख्ने, रगत बग्ने आदि समस्यामा मात्र अल्झनु हुँदैन। यी माथि उल्लेख गरिएका समस्याहरू सामान्य हुन् कि जटिल हुन्, भन्ने निर्क्योल गर्न, ती समस्याहरूसँग जोडिएका मिथ्या र भ्रमहरू नचिरी कसैले पनि समस्याको समाधान खोजी गर्न सक्दैन। महिलाहरू जानी नजानी कुनै परम्परागत औषधी प्रयोग गर्ने वा समस्याहरू लुकाएर बस्ने गर्छन् जसले गर्दा समस्याहरू झनै जटिल बन्न पुग्छन्। महिनावारी स्वास्थ्यको कुरा मर्यादासँग जोडिएको हुनुपर्दछ। किनकी महिनावारीको बारेमा खुलेर बहस गर्न सक्ने व्यक्तिले खुलेर आफ्नो यौन स्वास्थ्यको बारेमा वा परिवार नियोजन वा बिहे, बच्चाको योजना वा पाठेघर वा स्तनमा देखिने कुनै गम्भीर समस्याको समयमा नै निराकण गर्न सक्छ। हेर्दा सामान्य लागेका वा योभन्दा पहिले बेवास्ता गरिएका विषयमा खुलेर कुरा गर्न ढिलो भइसकेको छ। युवाले अब खुलेर यस सम्बन्धी बहस चलाउनु पर्छ।

हाम्रो समाजमा युवाको चासो महिनावारी भएका बेला महिनावारी प्याड वितरण गर्ने, महिनावारी सरसफाईमा अभियान चलाउने कुरामा मात्र जोडदिएको देखिन्छ। जुन आफैमा सह्रानीय छ। महिनावारीसँग जोडिएका झन्डै ५० भन्दा धेरै भ्रम, मिथ्या, झुट, गलत सोच र व्यवहारको चिरफार नगरी प्याड मात्र बाड्नु वा सरसफाईको कुरा मात्र गर्नु महिनावारीलाई 'फोहोरी रगत' हो भनेर स्थापित गर्न मद्दत गर्नु हो। यदि सरसफाई मात्रै भनियो भने महिनावारी सरसफाई आवश्यक कुरा हुदाहुँदै पनि महिनावारीलाई मर्यादित बनाउन अवरोध हुन जान्छ। राष्ट्रनिर्माणको पहरेदार युवाले यस्ता सबालहरूमा समयमा नै ध्यान नपुराए यसबाट पर्ने क्षति समाली नसक्नु हुनेछ। यसका अतिरिक्त हाल नेपालमा वितरण गरिएको अधिकांश प्याडको गुणस्तर निर्धारण भएका छैनन्। बजारमा पाइने यस्ता प्याडमा रासायनिक

पदार्थ प्रयोग हुने भएकोले भविष्यमा प्रयोगकर्तामा क्यान्सर देखिएको अनुसन्धानले देखाएको छ। त्यस्तै, पलास्टिक मिसिएका प्याड जुन कुहिनको लागि २००-१००० वर्षसम्म लाग्छ। एउटी महिनावारी हुने व्यक्तिले आफ्नो जीवनमा कम्तिमा पनि डेढ क्विन्टल प्याड वा १५० के जी प्याड प्रयोग गर्छिन जुन आजको प्लास्टिकजन्य फोहोरमा पाँचौ स्थानमा पर्छ। आज नै महिनावारी प्याड जंगल, खेत, नदि र कुलोमा बग्रेल्ती भेटिन्छन भने यही किसिमले उपयोग वा बजार अघि बढे अबको २-३ दशकमा स्थिति कस्तो बन्ला? महिनावारी सामग्री कसरी मानव अधिकार मैत्री वा मर्यादामैत्री बनाउन सकिएला भनेर युवाले गम्भीरतापूर्वक सम्बोधन गर्ने विषय हैन र? महिनावारी सरसफाई अभियानले महिनावारी विभेदको आमुल पक्षलाई सम्बोधन गर्न सक्दैन जसका लागि युवाको हस्तक्षेपकारी सम्बोधन अत्यन्तै जरुरी भएको छ।

युवाको आर्थिक सशक्तिकरण र राष्ट्रको उद्यमीकरणको कुरा गर्दैगर्दा महिनावारी सामग्री उत्पादन र बजारीकरण प्राथमिकतामा पर्नुपर्छ। एउटा मटयाङ्ग्रोले दुईओटा चरा मार्नुपर्छ। नयाँ नयाँ सोचलाई लगानी गर्ने अनुकुल वातावरण सृजना भए मात्र त्यो सम्भव छ। आजका दिनमा नेपालमा पनि पुरै कुहिने प्याडको उत्पादन शुरु नै नभएका होइनन् तर उनीहरूले कच्चा पदार्थ नेपालमा नपाउने, बाहिरबाट ल्याउनुपर्ने हुँदा साना उद्यामीलाई आर्थिक व्यवस्थापनको समस्या भइरहेको छ सोचे जति उत्पादन गर्न नसकिरहेको अवस्था छ। युवाले नेपालमा नै पाइने बाँस, जलकुम्भी, केरा, सल्लाआदिबाट बनाउन सक्ने भएकोले यस्ता सम्भावनाहरूको खोजी र प्रवर्द्धन गर्नुपर्ने देखिन्छ।

महिनावारी विभेदलाई शैक्षिक संस्थामा सम्बोधन नगरी शिक्षाको गुणस्तर, निरन्तरता सम्भव छैन। विद्यालयमा महिनावारी प्याड नि:शुल्क वितरण गर्छ, पुनः प्रयोग गर्न मिल्ने गरी कपडाको प्याड बनाउने तालिम दिन्छ तर महिनावारी भएको समयमा विद्यालयको क्यान्टिनमा प्रवेश नगर भन्ने निर्देशन दिईन्छ। विद्यालयले महिनावारीलाई अशुद्ध वा फोहोर रगत भनेर परम्परागत ढंगले महिनावारी विभेदलाई बचाउन उत्प्रेरित गर्छ। महिनावारीसँग जोडिएका विभेद र भ्रमलाई शैक्षिक प्रणालीले नतोडेसम्म यो देशको शिक्षामा उल्लेखनीय सुधार सम्भव छैन। शैक्षिक संस्थामा भएको अमर्यादित महिनावारीको अवस्थाले विद्यालयका विद्यार्थीले स्वेच्छाले गर्ने बालविवाह र विश्वविद्यालयका विद्यार्थीको हकमा रोजगारसँग प्रत्यक्ष सरोकार राखेको हुन्छ। नेपाल आज दक्षिण एशियामा तेश्रो बालविवाह गर्ने देश हो भने ४० प्रतिशत बालविवाह १८ वर्षको उमेर अघि नै भएको तथ्याङ्क छ।

आज हरेक जिम्मेवार युवा डर, त्रास, लाज, क्रोधले भुतुक्क हुन्छ जब उसले सुन्छ एकदिनमा सात ओटा बलात्कार हुन्छ जहाँ आधा भन्दा बढी बालिकाहरू हुन्छन वा छोरी र महिलाका लागि घर नै सबैभन्दा असुरक्षित स्थान भएको छ। यस्तो अवस्था किन आउँछ? गरिबी, अज्ञानता, सामाजिक संजालको दुरूपयोग आदि सरसर्ती आउने उत्तरहरू हुन्। तर झन्डै तीन दशक लामो विकाश र अधिकारको इतिहासमा लैंगिक हिंसा र महिला माथि हुने हिंसा बिरुद्धका गतिविधि माथि युवाले प्रश्न गर्न सक्नु पर्छ। कमी कमजोरी कहाँ भयो, के के भयो, किन भयो, र कसका कारणले भयो? वास्तवमा हाम्रो तयारी र कार्य घटना घट्नु अघि गर्नुपर्ने हो सो हुन सकेको देखिँदैन। युवाले शक्ति निर्माण प्रकृयाको विश्लेषण र सम्बोधनमा ध्यान दिनु जरुरी छ किनभने महिनावारी विभेद नेपालको संविधान २०७२, घरेलु हिंसा कसुर ऐन, २०६६ अनुसार लैंगिक हिंसा हो। धेरै लैंगिक हिंसाका कारण र प्रभाव दुवै हुन्। महिनावारी विभेदको कारण पढ्न नपाउनु, पढ्न नसकेका कारण चाँडो बिहे गर्नु, चाँडो बिहे भएका कारण चाँडो बच्चा जन्माउनु, धेरै बच्चा जन्माउनु, धेरै स्वास्थ्य जटिल समस्या आउनु र घरेलु हिंसा आदि एकपछि अर्को जोडिएर आउँछन्। अर्थात् महिला माथि हुने सबै हिंसाहरूको मूल कारण महिनावारी विभेद हो जहाँ युवाको अर्थपूर्ण नेतृत्वको आवश्यकता छ। जसले वर्तमानमा भए गरेका नीति, कार्यक्रमहरूलाई पुनः मुल्यांकन गर्दै घरलाई सुरक्षित स्थानमा रुपान्तरण गर्न सकोस्। हरेक व्यक्ति र संस्थालाई जवाफदेही बनाउन सकोस्। उदाहरणका लागि बालअधिकार वा बालविवाह रणनीतिमा महिनावारीको उच्चारण पनि गरिएको छैन। महिनावारी विभेदलाई सम्बोधन नगरी न बालविवाह घट्छ न बालबालिकाको अधिकार स्थापित गर्न सकिन्छ।

आज युवाको ऊर्जा दिगो विकास लक्ष्य प्राप्ति गर्नमा केन्द्रित छ भन्दा फरक पर्दैन। हरेक क्षेत्र र तहमा रहेका युवा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दिगो विकासमा काम गरिरहेका छन् जुन आफैंमा सुन्दर पक्ष हो तर सत्रओटा दिगो विकासका लक्ष्यमा महिनावारी विभेदको प्रभाव कम्तिमा पनि ९ ओटामा पर्दछ। गरीबी निवारण, भोकमरीको अन्त्य, स्वास्थ्य, शिक्षा, लैंगिकता, पानी, मर्यादित काम र आर्थिक वृद्धि जिम्मेवार उत्पादन र उपभोग, शान्ति र न्याय, कतै, कसैले पनि महिनावारीका बारेमा कुरा गरेको सुनिदैन। यति धेरै सम्बन्ध भएको महिनावारीलाई उपेक्षा गरेर दिगो विकास प्राप्ति सम्भव छैन। तसर्थ, महिनावारीलाई मर्यादित बनाउँदै समृद्ध र न्यायमूखी समाजको निर्माण गर्नको लागि युवाले अब भाग्नु हुँदैन र भाग्ने ठाउँ पनि छैन।

महिनावारी विभेदले समाजमा उत्पन्न गराउने अल्पकालीन र दीर्घकालीन राजनैतिक, सामाजिक, आर्थिक, वातावरणीय असरहरूलाई मध्यनजर राख्दै युवाले महिनावारी विभेदलाई सम्बोधन गर्न अब ढिलो गरिनु हुन्न। धर्म र संस्कृतिलाई दोष थोपरेर पल पल छोरी/महिलाले मर्यादा गुमाएको क्षण र क्षति टुलुटुलु हेरेर नबसी इमान्दारीपूर्वक जिम्मेवारी लिँदै आफैबाट शुरु गरी समाजमा नमुना बनेर देखाउनु पर्छ। नीतिगत रूपमा कम्फर्टजोनबाट माथि उठेर रुपान्तरणको लागि बिगुल फुक्न ढिलो गर्नु हुन्न। संविधानभन्दा माथि कोहि पनि छैन, संविधानको कार्यान्वयन गर्दा न कोहि सानो हुन्छ न कोही अपमानित। युवा अब परिणाममूखी, समाज रुपान्तरणमूखी परिवर्तनका वाहक बन्नुपर्छ। महिनावारीलाई मर्यादित बनाउन साझा अभियान छेड्नु पर्छ।

♦

# नेपाली युवा र कार्यक्रम

**तिलोत्तम पौडेल***



युवावर्ग देशको सबैभन्दा बढी सक्रिय ऊर्जाशील र गतिशील जनशक्ति हो। राज्यले ठूलो अपेक्षाको साथ हेरेको युवावर्गको शिक्षा, स्वास्थ्य र उनीहरूको रोजगार तथा जीवनयापनका विभिन्न आयामहरूमा उनीहरूले गरेको योगदान र भोग्नु परेको समस्यालाई सम्बोधन गर्न नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रम, कार्यनीति र पन्ध्रौं योजनामार्फत सम्बोधन गर्न थालेको छ।

नेपाल अहिले विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को संभावित संक्रमणबाट कसरी बच्न र बचाउन सकिन्छ भन्नेतर्फ लागिरहेको अवस्था छ। जनताको स्वास्थ्य सम्वेदनशीलतालाई ध्यानमा राख्दै केही सकारात्मक प्रयासहरू गरिहेको छ। यो जटिल एवम् विश्व परिस्थितिजन्य अवस्थामा राज्यलाई सहयोग गर्ने हरेक नागरिकको दायित्व हो। त्यसमा पनि युवाको झनै महत्त्वपूर्ण भूमिका हुन्छ। युवा स्वयम् रोजगारी गुमाएको अवस्थामा छ। विदेश पलायन भएका युवाहरू नेपाल फर्किसकेका छन्। कतिपय रोजगारका लागि कोरोनासँग संघर्ष गरिनै रहेका छन्। यसलाई मध्यनजर गर्दै सरकारले कोरोना महामारीबाट रोजगार गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका र नेपालमा नै बसेर उद्यम वा व्यवसाय गर्न चाहने युवाका लागि कार्यक्रमहरू ल्याएको छ। राज्यले युवा र किशोरकिशोरीको लागि लगानी गर्दा त्यसको प्रत्यक्ष प्रभाव बालबालिका र किशोरकिशोरीको संरक्षण र प्रवर्द्धन मात्र नभई परिवारका महिलाहरू, जेष्ठनागरिक सबैको विकासमा समेत योगदान पुग्छ। वि.सं. २०६८ को कूल जनसंख्याको ४०.३५ प्रतिशत संख्या रहेका युवाका लागि राष्ट्रिय युवा नीति, २०७२ र युथभिजन २०१५–२०२५, १० वर्षे योजना

---

** श्री पौडेल, राष्ट्रिय युवा परिषद्का कार्यकारी सदस्य हुनुहुन्छ ।*

रहेको छ। युवानीति कै आधारमा राष्ट्रिय युवा परिषद् गठन भएको पनि ५ वर्ष पूरा गरी छैटौं वर्षमा लागि सकेको छ।

सिमित स्रोत र साधनको बीचमा पनि परिषद्ले नेपाल सरकारको नियमित कार्यक्रम, विकासका साझेदार संस्था, निजीक्षेत्र, नागरिक, संघ संगठन, सहकारी आदिसँगको समन्वय र सहकार्यमा युवाको हकहित तथा अधिकारको लागि समन्वयकारी भूमिका निर्वाह गर्दै आईरहेको छ। शिक्षा मन्त्रालयको एउटा शाखाको रूपमा रहेको युवाको विषय २०६५ सालबाट युवा तथा खेलकुद मन्त्रालयको स्थापना भई सोही मन्त्रालय अन्तर्गत राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्, नेपाल स्काउट र युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमको अभिभावकत्व समेत ग्रहण गर्दै आईरहेको छ। युवा जनशक्तिको संख्यात्मक तथा गुणात्मक विकासको माध्यमबाट देशको विकास र प्रगतिमा योगदान पुर्याउनुपर्ने युवा सामाजिक, आर्थिक र राजनैतिक कारणले अपेक्षा अनुरूप कार्य हुन सकेको छैन तथापि सरकारले चालु आ.व. २०७७/७८ मा संघीय सरकारबाट विनियोजित युवा लक्षित कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रम विदेशबाट फर्किएका युवाका लागि सीप विकास तालिम, श्रमिकका लागि अनुदान तथा विमा, सिटीइभिटीमार्फत सीप विकास तालिम, गरिबी निवारण कोष मार्फत रोजगारी परिचालन, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम एक स्थानीयतह, एक कृषि र पशु प्राविधिकका लागि कार्यक्रम, एक प्रदेश, एक पर्यटकीय गन्तव्य कार्यक्रम, शहिद, अपाङ्गता तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम, नि:शुल्क सेनिटरी प्याड वितरण कार्यक्रम, ६ हजार स्वयमसेवक नियुक्ति, युवा तथा सानाव्यवसायी स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्को लागि विनियोजित कार्यक्रम गरी ६४ अर्ब ४९ करोड बराबरको कार्यक्रम युवा र किशोरकिशोरीसँग सम्बन्धित रहेका र युवा लक्षित कार्यक्रमका लागि प्रदेशहरूले १२ अर्ब १९ करोड ५४ लाख रकम विनियोजन गरेको देखिन्छ।

युवाको सीप विकास, उद्यमशीलता र स्वरोजगारका लागि संघीय, प्रदेश र स्थानीय सरकारहरूसँग आवश्यक समन्वय र परामर्श गरी उनीहरूको आवश्यकता र रुची अनुसार नेपाल सरकारको कार्यक्रमसँग जोडिन सकिन्छ। यति मात्र हैन सरकारले युवाको शैक्षिक योग्यता तथा तालिम अभिवृद्धि सीप विकास, उद्यमशीलताको लागि स्वरोजगार बनाउने अभियानमा युवालाई सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदानसम्बन्धी एकिकृत कार्यविधि, २०७५ समेत जारी गरेको छ। सरकारले आवश्यक प्रक्रिया पूरा गरी व्यवसायी कृषि तथा पन्छी कर्जा रु. ५ करोडसम्म, शिक्षित युवा स्वरोजगार कर्जा रु. ७ लाखसम्म, विदेशबाट फर्केका युवा परियोजना कर्जा रु. १० लाखसम्म, महिला उद्यमशील कर्जा रु. १५

लाखसम्म, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा रु. ५ लाखसम्म, सिटिइभिटिबाट मान्यता प्राप्त तालिमका लागि रु. २ लाखसम्म, कपडा उद्योग स्थापनाको लागि रु. ५ करोडसम्म, दलित समुदाय व्यवसाय विकास कर्जा रु. १० लाखसम्म र भूकम्प पीडित निजी आवास निर्माण कर्जा रु. ३ लाखसम्म, ५ प्रतिशत भन्दा बढी व्याज तिर्नु नपर्ने गरी हरेक उद्योग तथा व्यवसायको विमा व्यवस्था गरेको छ। तर सरकारले घोषणा गरेका कार्यक्रमहरूका बारेमा बुझ्ने अरुलाई बुझाउने, कसरी जोडिने, कसरी पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने भन्ने कुरा राज्य र सबै सरोकारवालाको दायित्व हो। यस्ता कार्यक्रममा सबै क्षेत्र जाति, भाषा, धर्म, क्षेत्र, लिङ्ग, अपाङ्गता भएका जोखिममा परेका तथा अल्पसंख्यक युवालाई समेत मूलप्रवाहीकरणमा ल्याउने गरी कार्य गर्न राज्यलाई प्रोत्साहित तथा पैरवी गर्न जरुरी छ।

कोरोना कहर चलिरहेको छ। उद्योग कलकारखानाहरू सूचारु हुन सकिरहेको छैन तर पनि हामीसँग उपलब्ध स्रोत र साधनहरूलाई अधिकतम उपयोग गर्ने, नेपालमा नै स्वरोजगार सम्भव छ र सम्भावित अवसरहरू छन् भन्ने सकारात्मक सोचको विकास सबै युवामा हुन जरुरी छ। नेपालको कानून विधि र प्रक्रिया, मापदण्डको अध्ययन गर्ने कर्जाको लागि संस्था दर्ता, नवीकरण, व्यवस्थित योजना निर्माण र बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने विधिको बारेमा समेत जानकारी हुन जरुरी छ। आशावादी, धैर्यवान, क्रियाशीलता, सूचना र प्रविधिको प्रयोग, सकारात्मक सोचका साथ अघि बढ्न सकेमा युवालक्षित कार्यक्रमहरूमा जोडिन र कार्यन्वयन तहमा पुगी उद्यमी बन्न सकिन्छ। यसको लागि राष्ट्रिय युवा परिषद्ले सहजीकरण भूमिका निर्वाह गरिरहेको छ र गर्नेछ। युवाले आफ्नो लक्ष्य र उद्देश्य प्रति निरन्तर प्रयास गरिरहने हो भने अवसर र सम्भावनाहरू जतातत्तै छन्। हामीसँग पर्यटन, कृषि, फलफूल, जडिबुटी, लघुवित्त, उद्योग व्यवसायहरू गर्न सक्दछौं। आफ्नो पसिना आफ्नै माटोमा बगाउन सक्छौं। आफ्नो व्यक्तिगत पारिवारिक, सँगसँगै समृद्ध नेपाल सुखी नेपाली बनाउन योगदान पुर्याउन सक्दछौं। तसर्थ, हामी सबै मिलौं, सहकार्य गरौं, उपलब्ध स्रोत साधनको उपयोग गरौं, आवश्यक अन्य कार्यक्रमको लागि सरकारी तथा निजी क्षेत्रसँग पैरवी गरौं, लगानी बढाउन तर्फ केन्द्रित होऔं। युवाको विकास विना समृद्धि सम्भव छैन तसर्थ, विगतमा भएका राम्रो प्रयास, अवसरहरू कार्यन्वयनको अवस्थालाई पनि समीक्षा गर्दै सकारात्मक सोचका साथ अघि बढ्न सकेमा नेपाली युवालाई स्वरोजगार, उद्यमशील बनाउँदै, आर्थिक उन्नति सहित कोरोना भाईरसले पारेको प्रभावलाई न्यूनीकरण गर्न समेत योगदान गर्न सकिन्छ यसैको लागि हामी सबै जुट्नु जरुरी छ।

♦

# सामाजिक मिडिया: हिजो, आज र भोलि

प्रकाश लामिछाने*



साथीहरू, आफन्तहरू र परिवारसँग कुराकानी गर्नु मानव जातिको शताब्दीयौं देखिकै सरोकार र स्वभावको विषय हो। सामाजिक प्राणीका रूपमा मानिसहरूले आफ्ना सम्बन्धहरूलाई संधै कायम राखिराख्न एकआपसी सञ्चार प्रकृयामा भर पर्ने अथवा विश्वास गर्ने गरेका छन्। समयक्रमसँगै जब एकअर्काको आमुन्ने सामुन्नेमा कुराकानी गर्न असम्भव वा असुविधा भयो, बिस्तारै मानिसले आपसी सञ्चारका लागि विभिन्न रचनात्मक उपायहरूको सपना देखे, खोजी गरे। यही क्रममा चित्रको, सङ्केतको, अक्षरको, शिलालेख, धातुलेख, छापाखानाको, किताबको टेलिफोनको, रेडियोको, टेलिभिजनको हुँदै इन्टरनेटको समेत विकास भएको पाइन्छ। इन्टरनेटमा पनि आजको दिनमा 'रियलटाइम'मा हुने सोसल मिडियाको बहसले संसारलाई साँच्चिकै एउटा सानो गाउँ जस्तो बनाइदिएको छ। क्षणभर मै जो बाइडेन, सि जिनपिङ, भ्लादमिर पुटिनदेखि नरेन्द्र मोदीले के भने वा कुन हिरो/हिरोइन कुन स्क्याण्डलमा परे जस्ता कुरा सनसनीपूर्ण समाचारका रूपमा फैलने मात्र होइन यसमा विभिन्न मतमतान्तर पनि भइहाल्छन्।

## सामाजिक मिडियाको इतिहास: हिजो र आज

हुन त झट्ट हेर्दा फेसबुक, ट्विटर, टिकटक जस्ता सामाजिक मिडियाहरू २१ औं सताब्दीकै मात्र विकास हो जस्तो लाग्छ तर यसको जरो केलाउँदै जाने हो भने सामाजिक मिडियाको इतिहास हाम्रो कल्पना भन्दा गहिरोसम्म फैलिएको छ। मानिसको शदियौंदेखिको कल्पना, सपना, रचनात्मक उपायको खोजी, खोज, अनुसन्धान र आविष्कारका कारण मात्र यो सबै सम्भव भएको छ।

---

* *श्री लामिछाने, सञ्चारकर्मी हुनुहुन्छ।*

आजभन्दा करिब १ सय २५ बर्ष अघिको विश्व समाजलाई मात्र फर्केर हेर्ने हो भने एक व्यक्तिको हातबाट अर्को व्यक्तिको हात हुँदै महिनौं लगाएर लामो दुरी पार गर्दै पुर्याइने हस्तलिखित चिठी नै सञ्चार सम्पर्कको रूपमा सामाजिक मिडियाको सबैभन्दा भरपर्दो र स्तरीय माध्यम मानिन्थ्यो। हुन त विश्वमा हुलाक सेवाको विकास ईसापूर्व ५५० मै भइसकेको थियो। आजभोलि १० वर्षको अन्तरालमा नै सामाजिक मिडियाहरूको तौरतरिकामा आइरहेको फेरबदल हेर्दा हुलाक सेवाले झण्डै १५०० वर्षभन्दा धेरै एकल वर्चश्व राख्नु भनेको अहिलेका सामाजिक मिडियाका आविष्कारकर्ताहरूलाई ठूलै चुनौती पनि हो भन्न समेत सकिएला। यद्यपि हुलाक सेवा समय अनुसार सामाजिक मिडियाको रूपमा परिस्कृत, परिमार्जित र व्यवस्थित हुँदै आएकोले पनि लामो समयसम्म यसले आफ्नो अस्तित्व राखिराखेको हो र भविश्यमा समेत यसले कुनै न कुनै रूपमा आफ्नो अस्तित्व राखिरहन सक्छ।

सन् १७९२ मा टेलिग्राफको आविष्कार भयो। टेलिग्राफको सन्देश वितरणको अनुमति लामोदुरीको यात्रा गरेर पुर्याउनु पर्ने सन्देशहरू जहाँ घोडाहरू वा मानवीय अन्य सवारीहरूले बोक्ने अवस्थामा त्योभन्दा छिटो होस् भन्नकै लागि थियो। त्यतिबेला टेलिग्राफबाट पठाइने सन्देशहरू छोटा छोटा थिए यद्यपि तिनीहरू समाचार र जानकारी दिनका लागि त्यतिबेलाको अवस्थामा क्रान्तिकारी कदम थियो।

यसपछि सन् १८६५ मा वायमेटिक पोष्टको आविष्कार भयो जुन अब 'ड्राइभ थ्रु बैंकिङ्ग' भन्दा बाहिर प्रचलित छैन। यसले प्राप्तकर्ता बीच चिठी तथा सन्देशहरू छिटो प्राप्त गर्ने अर्को तरिका सिर्जना गर्यो।

सन् १८०० को अन्तिम दशकमा सामाजिक मिडियाको क्षेत्रमा दुईओटा थप क्रान्तिकारी आविष्कारहरू भए। सन् १८९० मा टेलिफोन र सन् १८९१ मा रेडियो सिग्नलको आविष्कार भयो। यी दुवै प्रविधिहरू आजपर्यन्त प्रचलनमा छन्। यद्यपि यस बीचमा यी दुवै प्रविधिमा व्यापक मात्रामा अनुसन्धान, लगानी र विस्तार भई आधुनिक संस्करणका रूपमा परिष्कृत भर्जनहरू उपलब्ध छन्। त्यतिबेला टेलिफोन लाइन र रेडियो सिग्नलले मानिसहरूलाई तुरुन्तै लामो दूरीमा कुराकानी गर्न सक्षम बनायो। आँखाले नदेख्ने र दौडेर तुरुन्तै नपुगिने स्थानमा पनि सिग्नलको सहाराले कुराकानी गर्न सकिनु मानव जातिले यो भन्दा पहिला कहिल्यै अनुभव गरेका थिएनन्।

## बीसौं शताब्दीमा सोसल मिडिया

बीसौं शताब्दीमा टेक्नोलोजीमा एकदम छिटोछिटो परिवर्तन हुन थाल्यो। यही बीचमा टेलिभिजनको समेत आविष्कार भयो भने सन् १९४० को दशकमा पहिलो सुपर कम्प्युटरको समेत आविष्कार भयो। यसपछि वैज्ञानिक तथा इन्जिनियरहरूले ती कम्प्युटरहरूबीच नेटवर्कहरू बनाउने तरिकाको विकास गर्न थाले र पछि इन्टरनेटको पनि जन्म भयो।

इन्टरनेटको प्रारम्भिक रूपहरू, जस्तै कम्प्युसर्भ सन् १९६० को दशकमै विकास भएका थिए। ईमेलको पूर्ववत् रूपहरू पनि यही समयमै आविष्कार भएका हुन्। सन् १९७० ताका नेटवर्किङ टेक्नोलोजीमा थप सुधार भयो र सन् १९७९ को युजनेटले प्रयोगकर्ताहरूलाई भर्चुअल न्यूजलेटर मार्फत सञ्चार र सम्पर्क गर्न अनुमति दियो।

सन् १९८० को दशकसम्म आइपुग्दा होम कम्प्युटरहरू सामान्य हुँदै गइरहेका थिए र सोसल मिडिया अझै परिष्कृत हुँदै गइरहेको थियो। इन्टरनेट रिले च्याट पहिलो पटक सन् १९८८ मा प्रयोगमा आएको थियो जुन सन् १९९० को दशकमा झनझन् लोकप्रिय हुँदै आयो।

पहिलो सामाजिक मिडिया साइट (Social Media Site) का रूपमा परिचित सिक्स डिग्री (Six Degrees) सन् १९९७ मा सिर्जना गरिएको हो। यसले प्रयोगकर्ताहरूलाई प्रोफाइल अपलोड गर्न र अन्य प्रयोगकर्ताहरूलाई साथी बनाउन सकिने बनायो। लगत्तै सन् १९९९ मा ब्लगिङ साइटहरू पनि आए र उनीहरू पनि लोकप्रिय भए, जुन आज पनि उत्तिकै लोकप्रिय छन्।

## सोसल मिडिया: आज

ब्लगिङको आविष्कार पछि, सोसल मिडियाको लोकप्रियता यतिसम्म भयो कि यसले मिडियाको परम्परागत परिभाषालाई नै बदलिदियो। अघिल्ला शताब्दीहरूमा मिडिया शासकको हातमा हुन्छ वा व्यापारीको हातमा हुन्छ अथवा शक्ति हुनेहरूको हातमा मात्र मिडिया हुन्छ भन्ने भाष्य ब्लगिङ र सामाजिक मिडियाहरू आइसकेपछि पूर्णतया बदलियो। अब मिडिया जुनसुकै सामान्य नागरिकसँग पनि हुने भयो, केवल उसँग अभिव्यक्त हुनुपर्छ भन्ने सोच भए पुग्यो। यसरी सन् २००० को सुरुवातसँगै सामाजिक मिडियाहरू विस्फोटक रूपमा भटाभट नयाँ नयाँ रूपमा देखा पर्न थाले। माईस्पेस र लिंक्डइन जस्ता साइटहरूले सन् २००० को प्रारम्भमै आफूलाई अघि सारे, फोटो शेयरिङका लागि फोटोबुकेट र फ्लिकर जस्ता साइटहरूले क्रान्तिकारी परिवर्तन ल्याए। यूटच्यूब सन् २००५ मा आयो,

जसले भिडियो ब्लगिङ, टेलिभिजन, डकुमेन्ट्री तथा म्यूजिक भिडियोका क्षेत्रमा त्यस्तै क्रान्तिकारी परिवर्तन ल्यायो। आज युट्युवकै कारण घरमै बसिबसी लाखौं भिडियो ब्लगर, संगीत एवं टेलिभिजनकर्मीहरूले करोडौं आम्दानी समेत गरिरहेका छन्।

सन् २००६ सम्म आइपुग्दा फेसबुक र ट्विटर सामाजिक मिडिया प्रयोगकर्ताका लागि विश्वभर उपलब्ध भयो। यी साइटहरू आजसम्म पनि ईन्टरनेटमा निकै लोकप्रिय सामाजिक नेटवर्कहरूका रूपमा रहेका छन्। त्यसपछि आएका स्काइप, भाइबर, ह्वाट्सएप, जुम, टिम जस्ता सामाजिक मिडियाले त झन् विभिन्न पेशा व्यवसायका क्षेत्रमा काम गर्नेहरूका लागि समेत भौतिक रूपमा भेटेर मात्र बैठक गर्नुपर्ने बाध्यताको गाँठो नै फूकाईदिए। पछिल्लो पटक लकडाउनका क्रममा जुमले गरेको प्रगतिलाई मात्र हेर्ने हो भनेपनि सामाजिक मिडियाले क्षणभरमै रचनात्मकताको उत्कृष्ट नमूना प्रदर्शन गरेर आफूलाई स्थापित गर्न सक्छ भन्ने कुरा नै स्थापित गरिदिएको छ। त्यस्तै युवा पुस्तामाझ चर्चित इन्स्टाग्राम, टिकटक जस्ता सामाजिक मिडियाले पनि प्रयोगकर्ताको रचनात्मकता र सृजनशीलताको दायरालाई एकदमै फराकिलो बनाईदिएको छ।

आज, सामाजिक नेटवर्किङ साइट/एपहरू अर्थात् सामाजिक मिडियाहरूबीचमा धेरै नै विविधता आइसकेको छ। तिनीहरू मध्ये धेरैलाई क्रस-पोष्टिङको अनुमति समेत छ। यसले प्रयोगकर्ताहरूले व्यक्ति-व्यक्तिबीचको सञ्चारको सिमिततालाई झन् फराकिलो बनाउँदै अधिकतम् व्यक्तिमा पुग्न सकिने अर्थात् 'भाइरल' बनाउने स्थितिमा समेत पुर्याएको छ।

## नेपालमा नयाँ सामाजिक मिडियाको सदुपयोग या दुरूपयोग?

विश्वबजार सँगसँगै नेपालमा पनि सामाजिक मिडियाको विकास र विस्तार भएको छ। यो विस्तारमा युवा पुस्ताको झन् ठूलो सहभागिता छ। तत्कालिन राजा ज्ञानेन्द्रले एफएम रेडियो र टेलिफोनमा लगाएको अंकुशका बेला नेपालमा ब्लगिङले आफूलाई चिनाउने मौका पायो। त्यसपछि इच्छुक युवाले आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, खेलकुद, खानपिन, घुमफिर तथा अन्य मानवीय अभिरुचीका सवालमा ब्लगिङ गरिरहेका छन्। कतिले ब्लगिङबाटै आफूलाई अखबारीय ओपेड राइटर (स्तम्भकार)का रूपमा समेत परिचित गराएका छन्।

त्यसैगरी कतिपय सामाजिक अभियानहरू पनि सामाजिक मिडियाबाटै भइरहेका छन्। फेसबुक ट्विटरबाट स्वभाव, विचार तथा मुद्दा मिल्ने इच्छुक युवाले समुह नै बनाएर रक्तदानको अभियान, पुस्तकालय निर्माणको अभियान, अनाथालयलाई सहयोग, सरसफाईको

अभियान, भूकम्प वा प्राकृतिक विपत्तिका बेलामा राहत तथा पुनर्स्थापनाको अभियान, नाकाबन्दीका बेला एकले अर्कालाई सवारीसाधनमा लिफ्ट दिने अभियान जस्ता अभियानहरू चलाएको पनि हामीले देखेभोगेका छौं।

पछिल्लो समयमा राजनितिक मुद्दा र सामाजिक सवालमा समेत सामाजिक मिडियाहरू मार्फत आफ्ना विचाहरू राख्ने, समुहमा रहेर संवाद गर्ने प्रचलन पनि बढ्दो क्रममै देखिन्छ। यद्यपि यसलाई कतिपयले गुट सिर्जना गरी आफू इतरका विचारहरूमा बन्देज लगाउने प्रयासका रूपमा समेत व्याख्या र विश्लेषण गर्ने गरेका छन्। तथापि सामाजिक मिडियाले बहुलवाद, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, लोकतन्त्र आदिलाई सघाईरहेको यसका अभियन्ताहरू बताउँछन्।

सामाजिक सञ्जालको प्रयोग गरेर अरुलाई हियाउने, खिसिटिउरी गर्ने, दुर्व्यवहार गर्ने, अपराध गर्न उक्साउने या अपराध गर्ने जस्ता काम पनि भइरहेको पाइन्छ। यसको मुख्य कारण भनेको सामाजिक सञ्जालमा लेख्दै या बोल्दै गर्दा व्यक्तिले आफूलाई कसैले देखेको छैन, या भेट्न सक्दैन भन्ने सोच पाल्नु नै हो। जसलाई समाधान गर्न युवा पुस्तामाझ साइबर सुरक्षा, सामाजिक सञ्जालको व्यापकता, सिमितता, दुरूपयोग हुनसक्ने अवस्था र सदुपयोग कसरी गर्ने जस्ता सवालहरूमा सुसूचित गराउँदै जानुपर्छ। राज्यको तर्फबाट पनि सामाजिक सञ्जालको एकाध दुरूपयोगलाई नजीर मानेर वैयक्तिक अभिव्यक्ति स्वतन्त्रता खोस्ने खालका कानुन बनाउनुको साटो सानैदेखि नै यसको सदुपयोग र दुरूपयोग बारे सुसूचित गराउनेतर्फ बढी केन्द्रित हुनुपर्छ।

**अन्त्यमा,**

हामी आज केवल सामाजिक मिडियाको भविष्य आउँदो दशक वा अबको सयवर्षपछि यस्तो होला भनेर अनुमान मात्र गर्नसक्छौं, यस्तै हुन्छ भनेर ठोकुवा गर्न सक्दैनौं। यति भन्दैगर्दा र सामाजिक मिडिया हिजोको स्वरूपदेखि आजको स्वरूपसम्म आइपुग्दा देखिएको चित्रबाट यो स्पष्ट छ कि यसको रूप भने अवश्य फेरिनेछ तर अस्तित्व भने कुनै न कुनै रूपमा मानवजाति जीवित रहुन्जेल भई नै रहनेछ। त्यसैले यसलाई नाम अनुसार नै सामाजिक मिडियाको रूपमा ग्रहण गर्दै अघि बढ्नुमा नै हामी सबैको हित होला।

*(प्रस्तुत आलेख, प्रविधि तथा सामाजिक संजाल अनुसन्धानकर्ता ड्रिउ हेन्ड्रिकको अनुसन्धानमुलक आलेखमा आधारित भएर लेखिएको छ। उनका थुप्रै आलेखहरू नेशनल जिओग्राफिक, हफिङ्गटन पोष्ट आदिमा प्रकाशित छन् ।)*

♦

राष्ट्रिय युवा नीति कार्यान्वयनका लागि नेपाल सरकारबाट २०७२ सालमा स्वीकृत भएको Youth Vision - 2025 सहितको दश वर्षीय रणनीतिक योजनाले पहिचान गरेका युवा विकासका पाँच आधार स्तम्भहरू:




नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं

फोन: ४२००५४४, फ्याक्स: ४२००५५२

वेवसाइट: www.moys.gov.np

इमेल: info@moys.gov.np

20910630